# अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा- ११ का २०६८ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन

**सुगन्धी कुमारी साह**
**त्रि.वि.दर्ता नं ९-२-२२५-८४-२००३**
**दोस्रो वर्षको परीक्षा क्रमाङ्क २१८०१८४**

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत, जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको नेपा.शि.५९८ को प्रयोजनार्थ**
**प्रस्तुत**

## शोधपत्र

ई. २०१२/२०६९

**जनता बहुमुखी क्याम्पस**
**नेपाली शिक्षा विभाग**
इटहरी, सुनसरी
**त्रिभुवन विश्वविद्यालय,**

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग,
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी ।

## निर्देशकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षकी छात्रा सुगन्धी कुमारी साहले नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा - ११ का २०६८ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । लगनशीलताका साथ तयार पारिएको यो शोधपत्र उपयुक्त देखिएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति २०६९/ /

शोधनिर्देशक
मदनराज बराल
जनता बहुमुखी क्याम्पस,
इटहरी, सुनसरी
नेपाली भाषा शिक्षा विभाग

**त्रिभुवन विश्वविद्यालय,**
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग,
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी ।

# स्वीकृति-पत्र

यस विभागका छात्रा सुगन्धी कुमारी साहले तयार पार्नुभएको **अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा - ११ का २०६८ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क्र.सं.** | **नाम, थर** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | उप. प्रा. मदनराज बराल | विभागीय प्रमुख | ............................ |
| २ | प्रा. डा. पारसमणि भण्डारी | बाह्य विशेषज्ञ | ............................ |
| ३ | उप. प्रा. मदनराज बराल | शोध निर्देशक | ............................ |

मिति : २०६९ /०८/१२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीको शिक्षा शास्त्र सङ्काय, नेपाली केन्द्रीय शिक्षा विभाग अन्तर्गत नेपाली पाठ्यक्रमको स्नातकोत्तर दोस्रो वर्षको पाठ्यांश नम्बर ५९८ को प्रयोजनका लागि तयार पारिएको छ । यसले उ.मा.वि. तहका शिक्षक, विद्यार्थी, प्रश्न निर्माणकर्ता तथा यस क्षेत्रसूग सम्बन्ध राख्ने जो कोहीलाई उपयोगी हुने कुरामा विश्वस्त भई उक्त जमर्को गरेकी हु ।

यो शोधपत्र मैले श्रद्धेय गुरू उपप्राध्यापक मदनराज बरालका कुशल निर्देशनमा तयार गरेकी हु । शोध शीर्षक छनोटदेखि शोधपत्र तयार पार्दासम्म मलाई समय–समयमा बाटो देखाउने तथा उचित सल्लाह र सुझाव प्रदान गर्ने कार्यमा लगाउनु भएको गुण जीवन रहुन्जेलसम्म पनि विस्मरण गर्न सकिदैन । आ&नै पुस्तकका पानाहरू सहयोगी सामग्रीको रूपमा उपलब्ध गराई अगाडि बढाउनु हुने आदरणीय गुरूवर मदनराज बरालज्यू प्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्र जस्तो विषय विना छलफल, खोज, तथा अनुसन्धानको अभावमा निष्कर्षमा पुग्न नसक्ने भएकोले उक्त विषयमा सम्बन्धित विषयको विशेषज्ञ, विज्ञ, अनुभवी, दक्ष तथा यससूग सम्बद्ध सबैको सहयोगको आवश्यकता पर्ने हुनाले यस्ता कार्यमा मलाई सामग्री सङ्कलनको लागि प्रेरणा, सल्लाह तथा निर्देशन प्रदान गरी हौसला बढाउनुहुने नेपाली भाषा शिक्षा विभागका सम्पूर्ण गुरुवर्ग तथा जे. एस.मु.बहुमुखी क्याम्पस लाहानका श्रद्धेय

गुरु उपप्राध्यापक श्री मोदनारायण झाप्रति पनि कृतज्ञ छु । मलाई यस धर्तीमा जन्म दिने पूजनीय माता देवकी, पिता श्री अनुप लाल शाह तथा कडा चुनौतीको सामना गरी मलाई शिखरमा पुऱ्याउने लक्ष्य बोकी मेरो पढाइको लागि अथक प्रयास गर्नुका साथै समय समयमा अमूल्य सुझाव दिई दाहिने हाथ बनी लगातार सहयोग गर्नुहुने मेरा जीवन साथी उपप्राध्यापक श्री मिश्री लाल शाहज्यू प्रति ऋणी रहनेछु ।

अन्त्यमा यस शोधपत्रको टाइपिङ गर्ने सुनिता शाह र सम्पादन, सुस्पष्ट टङ्कन गरी अन्तिम रूप दिई सहयोग गरिदिनु हुने नेहा कम्प्युटर्स इटहरी–५ की रन्जना अधिकारी लगायत यसमा सहयोग पुऱ्याउनु हुने सबैलाई हृदयतः धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

..............................

सुगन्धी कुमारी साह

स्नातकोत्तर दोस्रो वर्ष

# विषयसूची

## अध्याय एक : शोधपरिचय


| | |
|---|---|
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ समस्या कथन | १ |
| १.४ अध्ययनको उद्देश्य | २ |
| १.५ पूर्वकार्यको समीक्षा | २ |
| १.६ अध्ययनको औचित्य र महत्व | ६ |
| १.७ अध्ययनको सीमाङ्कन | ६ |
| १.८ अध्ययन विधि एवम् प्रक्रिया | ७ |
| १.९ शोधपत्रको रूपरेखा | ७ |
| १.९.१ अध्याय एक | ७ |
| १.९.२ अध्याय दुई | ८ |
| १.९.३ अध्याय तीन | ८ |
| १.९.४ अध्याय चार | ८ |
| १.९.५ अध्याय पूाच | ८ |
| १.९.६ अध्याय छ | ९ |

## अध्याय दुई :सैद्धान्तिक परिचय


२.१ मूल्याङ्कनको अवधारणा १०

२.२ परीक्षा र मूल्याङ्कन ११

२.३ भाषिक मूल्याङ्कन १२

२.४ भाषिक मूल्याङ्कनको प्रकृति १४

२.४.१ परीक्षणीय वस्तुको पहिचान १५

२.४.२ पृथ्कीकृत र एकीकृत परीक्षण १५

२.४.३ पहिचानात्मक र उत्पादनात्मक परीक्षण १६

२.४.४ परीक्षा १६

२.४.४.१ मौखिक परीक्षा १७

२.४.४.२ लिखित परीक्षा १७

२.४.४.३ प्रयोगात्मक परीक्षा १८

२.५ परीक्षणका प्रचलित तरीका १९

२.५.१ शिक्षक निर्मित परीक्षण १९

२.५.२ प्रमाणिक परीक्षण २०

२.६ भाषिक परीक्षण योजना २०

२.६.१ परीक्षण उद्देश्यको निर्धारण २१

२.६.२ विषयवस्तुको विश्लेषण २१

२.६.३ विशिष्टीकरण तालिकाको निर्माण २२

२.७ प्रश्नपत्रको परिचय २७

२.७.१ प्रश्नपत्रको प्रकृति २७

२.७.२ विषयगत प्रश्न २७

२.७.२.१ निबन्धात्मक प्रश्न २८

२.७.२.२ छोटोउत्तरात्मक प्रश्न २८

२.७.३ वस्तुगत प्रश्न २९

२.७.३.१ बहुवैकल्पिक प्रश्न ३0

२.७.३.२ ठीक–बेठीक प्रश्न ३0

२.७.३.३ जोडा मिलाउने प्रश्न ३१

२.७.३.४ खाली ठाउँ भर्ने प्रश्न ३१

२.८ प्रश्नहरूको सङ्गठन र निर्देशन ३२

२.९ परीक्षण प्रशासन र अङ्कन विधि ३२

२.९.१ सम्भावित उत्तरको स्वरूप ३३

२.९.२ श्रेणीकरण विधि ३३

२.९.३ शिक्षकहरूको समूहले अङ्कन गर्ने ३३

२.९.४ नातावाद कृपावाद र पूर्वाग्रह हटाउने ३३

२.९.५ सबै परीक्षार्थीहरूको कुनै एक प्रश्नको परीक्षण गरीसकेपछि अर्को प्रश्नको परीक्षण ३३

२.९.६ विषयगत प्रश्नको अङ्क मापन ३४

२.१0 प्रश्न विश्लेषणका आधार ३५

२.१0.१ तथ्याङ्क शास्त्रीय आधार ३५

२.१0.२ सैद्धान्तिक आधार ३५

२.१0.२.१ बाह्य आधार ३६

२.१0.२.२ आन्तरिक आधार ३६

अध्याय तीन : बा≈य आधारमा प्रश्न विश्लेषण

३.१ निर्देशन ३८

३.१.१ शीर्ष निर्देशन ३९

३.१.२ प्रश्न निर्देशन ४०

३.१.३ विकल्प निर्देशन ४२

३.१.४ पृष्ठ निर्देशन ४२

३.१.५ समय निर्देशन ४३

३.१.६ अङ्क निर्देशन ४३

३.२ अङ्क विभाजन र समय निर्धारण ४४

३.२.१ पूर्णाङ्क र त्यसको वितरण ४४

३.२.२ उत्तीर्णाङ्क ४६

३.२.३ पढाइ सीप र अङ्क विभाजन ४६

३.२.४ लेखाइ सीप र अङ्क विभाजन ४७

३.२.५ शब्दभण्डार र अङ्क विभाजन ४७

३.२.६ व्याकरण र अङ्क विभाजन ४७

३.२.७ समय निर्धारण ४८

३.३ प्रस्तुति अनुक्रम ४८

३.४ प्रश्नपत्रको स्वरूप ४९

३.४.१ शीर्ष भाग ४९

३.४.२ आकार ४९

३.४.३ प्रश्न सङ्ख्या ५०

३.४.४ प्रश्न र पृष्ठ ५०

३.४.५ कागज ५०

३.४.६ सफाइ र छपाइ ५०

३.५ भाषा

५१

अध्याय चार : आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

४.१ पाठ्यक्रम अनुरूपता ५२

४.१.१ विषयवस्तुको उद्देश्य र प्रश्न ५२

४.१.२ विषयवस्तुको सीमा र प्रश्न विधा ५३

४.१.३ विधाको अङ्कभार र प्रश्न सन्तुलन ५४

४.१.४ विधागत समय र प्रश्न सापेक्षता ५४

४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन ५५

४.३ प्रश्नपत्रमा हुनु पर्ने गुणहरू ५५

४.३.१ विश्वसनीयता ५६

४.३.२ वैधता ५६

४.३.३ वस्तुनिष्ठता ५७

४.३.४ उपयोगिता/व्यावहारिकता ५७

४.३.५ निरन्तरता ५८

४.३.६ व्यापकता ५८

४.३.७ विभेदकारिता ५८

४.४ भाषा ५९

अध्याय पाँच : २०६८ सालमा सोधिएका अ. नेपाली र ऐ. नेपाली विषयका प्रश्नको विश्लेषण

६०

अध्याय–छ

६.१ **निष्कर्ष** ६३

६.२ **सुझावहरू** ६४

**सन्दर्भसूची**

**नमुना प्रश्नपत्रहरू**

# संक्षेपिकृत शब्दसूची

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| अ.ने. | अनिवार्य नेपाली |
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| उ.मा.शि.प. | उच्च माध्यमिक शिक्षा परिषद् |
| ई. स. | ईस्वी सम्बत् |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने. वृ.श. | नेपाली वृहत् शब्दकोष |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |

## अध्याय - एक

## शोध परिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक अनिवार्य नेपाली तथा ऐच्छिक नेपाली कक्षा ११ का २०६८ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयका शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ । भाषा मानवीय विचार विनियमको प्रमुख माध्यम भएकाले भाषा शिक्षणको उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपको विकास गर्नु हो । भाषाका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गरी भाषिक सीप र कलाको निपुणता नै यसको लक्ष्य रहेको छ । नेपाली भाषा शिक्षणको पठनपाठन पूर्वप्राथमिक, प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म अनिवार्य विषयको रूपमा अध्ययन अध्यापन हुँदै आएको छ ।

### १.३ समस्या कथन

नेपाली भाषाका प्रश्नपत्रहरू निर्माण गर्नु भनेको निश्चय नै कठिन कार्य हो । उपयुक्त र गुणस्तरयुक्त भाषिक प्रश्नहरू भएनन् भने परीक्षणीय वस्तु ओझेलमा पर्न सक्छ । प्रश्न निर्माणकर्तामा के—कस्ता प्रश्नहरू कसरी प्रस्तुत गर्दा परीक्षणीय विषयवस्तुलाई समेट्न सकिन्छ भन्ने कुराको ज्ञान अवश्य हुनु पर्दछ । तालिम प्राप्त योग्य शिक्षकबाट मात्र प्रश्न तयार गरी विद्यार्थीहरूमा प्रयोग गर्नुपर्ने हुन्छ । कक्षा ११ का अनिवार्य नेपाली तथा ऐच्छिक नेपालीका २०६८ सालका परीक्षामा उपयोग गरिएका उक्त

विषयका प्रश्न निर्माणमा यी माथिका विषयमा ध्यान दिइएको छ कि छैन, के—कस्ता प्रकारका प्रश्नहरू थिए, पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा गर्न सक्षम छन् कि छैनन् भनी हेर्नु यस शोधको समस्या कथन हो । समस्याहरू निम्न लिखित छन् :

(क) २०६८ सालका कक्षा ११ का अनिवार्य नेपाली र ऐच्छिक नेपाली विषयका प्रश्नहरू बा≈य आधारमा वैध र विश्वसनीय छन् वा छैनन् ?

(ख) २०६८ सालमा उपयोग गरिएका प्रश्नहरू आन्तरिक वैधताका आधारमा उपयुक्त छन् ?

(ग) प्रश्नहरू विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल तथा पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्य परिपूर्ति गर्ने खालका छन् कि छैनन् ?

(घ) विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरिएका छन् कि छैनन् ?

## १.४ अध्ययनको उद्देश्य

यस शोधपत्र अध्ययनका उद्देश्यहरू निम्न लिखित बुदागत रूपमा प्रस्तुत गरिएका छन्–

(क) २०६८ साल कक्षा ११ का अनिवार्य नेपाली र ऐच्छिक नेपाली विषयका प्रश्नपत्रहरू बा≈य आधारमा वैध र विश्वसनीय छन् वा छैनन् भनी अध्ययन गर्नु ।

(ख) २०६८ सालमा उपयोग गरिएका प्रश्नहरूको आन्तरिक वैधताका आधारमा उपयुक्त छन् भन्ने कुराको विश्लेषण गर्नु ।

(ग) प्रश्नहरू विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल तथा पाठ्यक्रमले अपेक्षा गरे अनुरूप उद्देश्य परिपूर्ति गर्ने खालका छन् कि छैनन् भन्ने कुरा पत्ता लगाउनु ।

(घ) विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण गरिएका छन् कि छैनन् पहिचान गर्नु ।

१.५ पूर्वकार्यको समीक्षा

अन्य विषयको तुलनामा भाषा विषयका प्रश्नहरू निर्माण गर्ने कार्य धेरै नै कठिन मानिन्छ तर पनि अहिलेसम्म भाषिक विषयको प्रश्न निर्माण र मूल्याङ्कन गर्ने परम्परा अवैज्ञानिक स्तरको नै देखिन्छ । शिक्षकहरू सम्बन्धित विषयमा विज्ञ नहुनु, तालिम अप्राप्त हुनु, प्रश्नपत्र निर्माण र परीक्षणबारे व्यावहारिक ज्ञान र तालिम दिने उचित प्रयास नहुनु मुख्य समस्याका रूपमा देखिन्छ । यसै सन्दर्भमा "भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति" नामक पुस्तकको पहिलो संस्करण २०४६ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको हो । २०५३ सालदेखि विद्यार्थी पुस्तक भण्डारबाट प्रकाशित हुँदै २०६६ पौषमा भने पाँचौ संस्करण भएको हो । यस पुस्तकको खण्ड आठको परीक्षण र मूल्याङ्कन नामक शीर्षकको लेख अत्यन्तै मह?वपूर्ण र सान्दर्भिक देखिन्छ । उक्त लेखमा परीक्षणका लागि भाषिक त?वहरूको पहिचान पृथ्कीकृत र एकीकृत परीक्षण तथा पहिचानात्मक र उत्पादनात्मक परीक्षणको मह?व र सीमाहरूको उल्लेख गर्नुको साथै निबन्धात्मक प्रवृतिका प्रश्नहरूको वर्गीकरणका आधार, प्रकृति, अङ्क विभाजन, समय विभाजन तथा प्रश्न निर्माणका सम्बन्धमा उद्देश्य, शिक्षण र मूल्याङ्कन, प्रश्नहरूको शैक्षणिक मूल्याङ्कनीय उपयोगिता बारे प्रष्ट पार्ने प्रयास गरेको पाइन्छ (अधिकारी, २०६७ : १९५/१९६ ) ।

त्यस्तै नेपाली भाषा शिक्षणको "भाषिक मूल्याङ्कन" अन्तर्गत "भाषिक मूल्याङ्कनका सिद्धान्त" नामक शीर्षक पनि उपयोगी नै देखिन्छ । उक्त लेखमा उद्देश्य अनुरूपता, परीक्षणीय वस्तुहरूको छनोट, भाषात?व र भाषिक सीपको परीक्षण, एकपटकमा एउटा कुराको परीक्षण, परीक्षणीय वस्तु र युक्तिका बीचको तालमेल, परीक्षणका लागि पूर्व योजना, भाषिक मूल्याङ्कनमा प्रचलित युक्ति तथा साधनमा

मौखिक, लिखित र पर्यवेक्षण, भाषिक मूल्याङ्कनका प्रयोगात्मक पक्ष र प्रश्नहरूको उपयोगिता बारे उल्लेख गरिएको देखिन्छ (अधिकारी, २०६७ : २५३) ।

नेपाली भाषा शिक्षणको थालनी सर्वप्रथम वि. स. १९४८ मा देवसमशेरले खोलेका भाषा पाठशालाहरूबाट भएको पाइन्छ । वि. स. १९६८ मा भारतको इलाहावाद बोर्डले म्याट्रिक परीक्षामा नेपालीलाई ऐच्छिक विषयका रूपमा मान्यता दिएपछि यसले नयाँ अवसर पुनः प्राप्त गरेको देखिन्छ । वि. स. १९७० मा नेपाली भाषा प्रकाशिनी समितिको स्थापना भएदेखि थुप्रै पाठ्यपुस्तकहरू नेपाली भाषामा प्रकाशित हुन थाले ( शर्मा र पौडेल, २०६० : १५) । वि. स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि नेपाली शिक्षणले नेपालकै इतिहासमा नयाँ युगान्तकारी युगको सुरुआत गर्ने अवसर पायो । २०४९ सालको शैक्षिक सत्रबाट उच्च माध्यमिक (±२) शिक्षा परिषद् अन्तर्गत १00 पूर्णाङ्कको नेपाली भाषा शिक्षण तथा त्यसै भित्रका शिक्षा सङ्काय र मानविकी सङ्कायमा अनिवार्य र ऐच्छिक नेपाली भाषा शिक्षण लागू गरी भाषा शिक्षणलाई जीवन्त बनाउने प्रयास गरेका छन् (शर्मा र पौडेल, २०६० : १५/१६) ।

निम्न माध्यमिक तहको प्रश्नपत्रको विश्लेषणको अभाव भएको महसुस गरी त्रिभुवन विश्वविद्यालयका नेपाली शिक्षा विभागका शोधार्थी श्री कमलबहादुर बस्नेतले २०६२ सालमा "जिल्लास्तरीय परीक्षा कक्षा ८ को २०६१ सालमा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन" नामक शोधपत्र प्रस्तुत गरेको पाइन्छ ।

अध्येता श्री कमलबहादुर वस्नेतले आफ्नो शोधग्रन्थमा प्रश्नपत्र विश्लेषणका बाह्य र आन्तरिक गरी दुई आधारहरू उल्लेख गर्दै अध्याय तीनमा निम्न लिखित बाह्य आधारहरूको विशेष उल्लेख गरेको पाइन्छ :

१. निर्देशन

२. अङ्क विभाजन र समय निर्धारण

३. प्रस्तुति अनुक्रम

४. प्रश्नपत्रको स्वरूप

५. भाषा

उल्लिखित प्रश्न विश्लेषणका बाह्य आधारमा विभिन्न उपआधारहरू खडा गरी प्रतिनिधि प्रश्नहरूको तुलनात्मक रूपमा व्याख्या गरिएको छ । श्री कमलबहादुर वस्नेतले प्रश्नहरूको विश्लेषणका आन्तरिक आधारहरू पनि उल्लेख गरी तुलनात्मक विश्लेषण गरेको पाइन्छ भने आन्तरिक आधारहरूलाई निम्नानुसार उल्लेख गरेको भेटिन्छ :

१. पाठ्यक्रम अनुरूपता

२. भाषिक पक्षहरूको संयोजन र सन्तुलन

३. प्रश्नमा हुनुपर्ने गुण

४. प्रश्नका विविध पक्षहरू

५. भाषा

आफ्नो शोधपत्रमा श्री कमलबहादुर वस्नेतले आफ्नै अध्ययनको औचित्य प्रष्ट पार्दै प्रश्नहरूमा अनेकौं त्रुटिहरू औंल्याएका छन् । ती त्रुटिहरूका आधारमा नै प्रश्नहरूलाई आन्तरिक र बाह्य दुवै दृष्टिले मूल्याङ्कन गरी १४ वटा सुझावहरू समेत प्रस्तुत गरेका छन् ।

त्यस्तै कक्षा दसको “नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन” नामक शोधपत्र श्री कोमलप्रसाद खतिवडाले नमुना अभ्यास र प्रश्नका किसिम, विषयवस्तुमा आधारित प्रश्न, भाषिक सीपमा आधारित प्रश्न, शब्दभण्डारमा आधारित प्रश्न, नमुना अभ्यास अन्तर्गत दिइएका विधागत अभ्यासको व्याख्या तथा विश्लेषण गरेका छन् । नेपाली भाषा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्षहरूको पहिचान गरी अध्ययन विश्लेषण गरेका छन् (खतिवडा, २०६६ : १२/८१) ।

अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिने भएकाले भाषा सिकाइलाई प्रभावकारी रूपमा सञ्चालन गर्न अभ्यासलाई मह?वपूर्ण सामग्री ठान्नुपर्छ । पाठ्यविषयको शिक्षण पश्चात् पाठ्यविषयसूग सम्बन्धित बोधात्मक, विषयगत र वस्तुगत सबै खालका प्रश्नहरू अभ्यासमा दिएका हुन्छन् जसले सफलताका साथ भाषा सिक्न प्रभावकारी भूमिका खेलेको हुन्छ । पाठ्यपुस्तकका सम्पूर्ण विधाहरूको विश्लेषण गरेर नै अभ्यासको निर्माण हुने भएकाले प्रत्येक पाठको शिक्षणपछि अनिवार्य रूपमा अभ्यास गराउनु पर्ने देखिन्छ जसले गर्दा विद्यार्थीहरूमा प्रयोगात्मक र सिर्जनात्मक सीपको विकास हुन्छ ।

नेपाली भाषा शिक्षणको भाषिक मूल्याङ्कन अन्तर्गत “भाषिक मूल्याङ्कनका साधनहरू”मा लिखित, मौखिक र पर्यवेक्षण/अवलोकन तथा विभिन्न उद्देश्यहरूका मूल्याङ्कनका लागि प्रश्नहरू निर्माण उपशीर्षक अन्तर्गत विद्यार्थीहरूको क्षमताको पहिचान गर्न विषयगत र वस्तुगत प्रश्नहरू निर्माण गर्नुपर्ने कुरामा जोड दिइएको छ । विषयगत प्रश्नभित्र लामो उत्तर आउने, छोटो उत्तर आउने र वस्तुगत प्रश्नभित्र बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने, ठीक—बेठीक र जोडा मिलाउने प्रश्न पर्दछन् (लामिछाने, २०६७ : ३३९) ।

यी सबै अध्ययन र अनुसन्धानात्मक शोधपत्रहरूलाई केलाएर हेर्दा नेपालीमा पनि प्राथमिक तह, नि. मा. तह, माध्यमिक तह तथा उ. मा. वि. तहका प्रश्नपत्रहरूको अध्ययन सम्बन्धमा केही मात्रामा अध्ययन र अनुसन्धान भएको भेटिन्छ तर पनि खास रूपमा यी अध्ययनहरूबाट भाषिक सीपका गुणात्मक पक्षहरू भेट्टिँदैनन् । पाठ्यक्रममा आधारित भाषा पाठ्यपुस्तकका विषयवस्तु लगायत अन्य सामग्रीको चर्चा गरे पनि लेखकहरूले आफ्ना सैद्धान्तिक पक्षहरूलाई मात्र बढी जोड दिइएको देखिन्छ । यस शोधबाट विद्यार्थीको बोधात्मक, प्रयोगात्मक, सिर्जनात्मक, समालोचनात्मक प्रश्न सम्बन्धी धारणा बसाउनुका साथै भाषिक सीप आर्जनमा दक्षता वृद्धि भई व्यावहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ भने भाषिक प्रश्न निर्माणकर्तामा पनि वैध र विश्वसनीय प्रश्न निर्माण गर्न, विद्यार्थीको

क्षमता र योग्यता अनुकूल प्रश्न निर्माण गर्न तथा विशिष्टीकरण तालिकाको उपयोग गरी प्रश्न निर्माण गर्न सहयोग पुग्ने र बा≈य तथा आन्तरिक रूपले उपयुक्त र अनुपयुक्त ठहर गरी प्रश्न निर्माण गर्न टेवा पुग्नेछ भन्ने अपेक्षा राखिएको छ ।

## १.६ अध्ययनको औचित्य र मह?व

स्तरयुक्त नेपाली भाषा पाठ्यक्रममा भाषिक सीपको निरन्तर विकास गर्न, भाषिक व्यवहारलाई सक्षम बनाउने व्यवस्था गरिएको हुन्छ । भाषिक कुशलतालाई व्यवहारमा सफल बनाउनु भाषा शिक्षणको मुख्य लक्ष्य हो, त्यसकारण भाषा शिक्षणको सर्वाधिक मह?वपूर्ण सामग्री र भाषा सामग्रीका रूपमा पाठ्यक्रमका लक्ष्यलाई पूरा गर्न प्रयोगात्मक रूपमा पाठ्यपुस्तकलाई लिइनुपर्दछ । वर्तमान अवस्थासम्मको नेपाली भाषाको शिक्षण र मूल्याङ्कन प्रक्रियाको अध्ययन गर्दा त्रुटिहरू देखिएको तर अहिलेसम्म त्यसमा अपेक्षित सुधार हुन सकेको छैन भने अर्कोतिर समयानुकूल निरन्तर मूल्याङ्न र विश्लेषण पनि त्यतिकै आवश्यक देखिन्छ । भाषा पाठ्यपुस्तकमा भएका तथा परीक्षाहरूमा सोधिने प्रश्नहरूले विद्यार्थीका भाषा सिक्ने क्षमतामा के–कस्तो प्रभाव परेको छ ?  विद्यार्थीले कसरी सिकेका छन् ? प्रश्नहरूमा विविधता छ/छैन ?  विद्यार्थीको भाषिक सीप विकासमा सहयोग पु¥याउने किसिमका छन्/छैनन् ? जस्ता कुराहरू प्रश्नपत्रको अध्ययन विश्लेषण तथा विद्यार्थीको क्षमता जाँचबाट थाहा पाउन सकिन्छ ।  तर उ. मा. वि. तहमा परिवर्तित नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा विषयका प्रश्नपत्रहरूको अध्ययन विश्लेषण भएको देखिँदैन । शिक्षकहरूलाई नयाँ विषयवस्तु र प्रश्न निर्माण सम्बन्धी अनुभव कम रहेको तथा प्रश्न निर्माण गर्ने कार्यमा गम्भीर नभइकनै खाँचो टार्ने उद्देश्यले प्रश्ननिर्माण गर्ने विद्यमान अवस्थामा प्रश्नहरूको विश्लेषण गर्नु सान्दर्भिक हुने ठानिएको छ । यही नै यस अधययनको औचित्य र मह?व पनि हो ।

## १.७ अध्ययनको सीमाङ्कन

यो अध्ययन कक्षा ११ को अनिवार्य र ऐच्छिक नेपाली विषयका प्रश्नपत्रहरूमा मात्र सीमित रहेको छ । उक्त अध्ययनमा प्रश्नपत्रहरूको सैद्धान्तिक, वैधता र विश्वसनीयतालाई आधार मानी विश्लेषण गरिएको छ । नेपाली विषयका प्रश्नपत्रहरूको आन्तरिक र बाह्य आधारमा विश्लेषण गरिएको छ ।

## १.८ अध्ययन विधि एवम् प्रक्रिया

प्रस्तुत अध्ययनका लागि निम्न किसिमका विधि एवम् प्रक्रियाहरू अपनाइएका छन् :

### (क) सामग्री सङ्कलन

प्रस्तुत अध्ययनका निम्ति उ. मा. वि. तहका २०६८ सालमा सोधिएका अ. नेपाली तथा ऐ. नेपाली विषयका प्रश्नपत्रलाई नमुनाको रूपमा लिएको छ । यसका साथै उ. मा. वि. तहका पाठ्यक्रम, अ. नेपाली, ऐ. नेपाली र प्रश्न योजनालाई पनि यस अध्ययनमा समावेश गरेको छ । पुस्तकालयीय विधि अपनाई यस अध्ययनमा सामग्रीहरू सङ्कलन गरिएको छ ।

### (ख) अध्ययन विधि एवम् प्रक्रिया

अध्ययनका लागि छनोट गरिएका प्रतिनिधि प्रश्नपत्रहरूलाई सर्वप्रथम फायलिङ गरी परीक्षणका आशय अनुरूप पढाइ, लेखाइ, शब्दभण्डार, व्याकरण र साहित्य सम्बन्धी प्रश्नहरूको खाका छुट्टिने गरी प्रश्न विविधता, निर्देशन, अङ्क विभाजन आदि सबै छुट्टिने किसिमले ध्यान पुऱ्याइएको छ । त्यसबाट विभिन्न सन्दर्भस्रोतका अध्ययनबाट प्रश्न निर्माणका सिद्धान्त र प्रश्न विश्लेषणका आधारहरू तय गरी बाह्य र आन्तरिक दृष्टिले प्रतिनिधि प्रश्न एवम् प्रश्नपत्रका कमीकमजोरीहरू पत्ता लगाउँदै सैद्धान्तिक रूपले वर्णन विश्लेषण गरियो । अध्ययन विश्लेषणका क्रममा प्रतिनिधि प्रश्नहरूलाई उदाहरणको

रूपमा राख्न शुद्ध–अशुद्ध जस्तो भए पनि जस्ताको तस्तै उतार गर्ने प्रक्रिया अपनाइएको छ । सङ्कलन गरिएका प्रश्नपत्रहरूलाई शोधको अन्त्यमा परिशिष्टमा राखिएको छ । प्रश्नको सैद्धान्तिक पक्ष अध्ययन गर्दा पुस्तकालयीय अध्ययन पद्धति अॅगाली विश्लेषण गर्ने कार्य गरिएको छ ।

१.९ शोधपत्रको रूपरेखा

प्रस्तुत अध्ययनलाई मुख्यतया छ अध्यायहरूमा विभाजन गरी तयार गरिएको छ :

१.९.१ अध्याय–एक

यस अध्यायलाई शोधपरिचयको रूपमा लिइएको छ । यहाँ शोधशीर्षक, शोधप्रयोजन, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र मह?व, अध्ययनको सीमाङ्कन, अध्ययन विधि एवम् प्रक्रिया, शोधपत्रको रूपरेखा बारे प्रष्ट्याइएको छ ।

१.९.२ अध्याय–दुई

यस अध्यायलाई सैद्धान्तिक खण्डका रूपमा राखिएको छ । यस खण्डमा मूल्याङ्कन सम्बन्धी अवधारणा, प्रश्नको परिचय र किसिमदेखि लिएर भाषिक परीक्षण तथा यससँग सम्बद्ध विभिन्न सैद्धान्तिक पक्षहरूको चर्चा गर्दै अन्तमा प्रश्न विश्लेषणका आधारहरूको परिचय दिइएको छ ।

१.९.३ अध्याय–तीन

यस अध्यायमा प्रतिनिधि प्रश्नपत्र र ती प्रश्नपत्रलाई प्रश्नमा रहनुपर्ने बा≈य वैधताका दृष्टिले विभिन्न बा≈य आधारहरूमा अध्ययन र विश्लेषण गरिएको छ । प्रश्न विश्लेषणका बा≈य आधारहरूमा निर्देशन, अङ्क विभाजन र समय निर्देशन, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा गरी मुख्य पाँच आधार अनुसार अन्य विविध उप–आधारहरू पनि तय गरिएका छन् ।

१.९.४ अध्याय– चार

यस अध्यायमा प्रतिनिधि प्रश्नपत्र र तिनका आन्तरिक वैधताका दृष्टिले प्रश्नमा हुनुपर्ने आन्तरिक गुणहरूको आधारमा अध्ययन गरिएको छ । प्रश्न विश्लेषणका आन्तरिक आधारहरूमा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका अन्य विविध पक्षहरू र भाषा गरी मुख्य रूपले पूाचवटा शीर्षक दिइएका छन् ।

१.९.५ अध्याय – पूाच

यस अध्यायमा नमुना प्रश्नपत्र २०६८ सालमा सोधिएका अ. नेपाली र ऐ. नेपाली विषयका प्रश्नहरू पाठ्यक्रमका उद्देश्य अनुरूप विद्यार्थीको क्षमता, योग्यता तथा विशिष्टीकरण तालिका अनुसार प्रश्नपत्र निर्माण भएको छ भन्ने कुराको अध्ययन विश्लेषण, प्रश्नपत्र, विशिष्टीकरण तालिका र पाठ्यक्रमको आधारमा गरिएको छ ।

१.९.६ अध्याय – छ

प्रस्तुत अध्यायलाई अध्ययनको उपसंहारको रूपमा लिइएको छ । प्रश्न विश्लेषणका बाह्य र आन्तरिक मुख्य आधारका सहायताले निष्कर्ष निकालिएको छ तथा निष्कर्षको आधारमा नै सुझावहरू प्रस्तुत गरिएको छ ।

यस बाहेक शोधपत्रका अन्त्यभागमा राखिने सन्दर्भसूची, परिशिष्ट, विषयसूची कृतज्ञताज्ञापन आदिलाई यथास्थानमा समायोजन गरेर यस शोधपत्रलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय – दुई

## सैद्धान्तिक परिचय

भाषिक विषयवस्तुहरू सीपमूलक हुने भएकाले स्वभावतः ती अभ्यासमूलक पनि हुन्छन् । अतः कुनै पनि पाठ्यवस्तुहरूको सीपगत अभ्यास गराइसकेपछि त्यसको नतिजा के–कस्तो भयो अथवा विद्यार्थीहरूमा अपेक्षित भाषिक उपलब्धिहरू हासिल हुन सके वा सकेनन्, हासिल भए भने कुन स्तरमा भए, भएनन् भने किन भएनन् जस्ता कुराहरूको जानकारी निरन्तर रूपमा लिइरहनु पर्दछ । दैनिक कक्षाकार्यका रूपमा होस् वा गृहकार्यका रूपमा होस् भाषा शिक्षणमा मूल्याङ्कन एउटा अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । भाषा शिक्षण सिकाइ कार्यकलापपछि त्यसबाट विद्यार्थीमा के–कस्तो सीप तथा क्षमताको विकास भयो सो कुराको सही मूल्याङ्कन गर्न प्रश्नपत्रको निर्माण गर्नुपर्दछ (शर्मा एन्ड शर्मा, २०६६ : ८५) ।

भाषाको मूल्याङ्कनमा सामान्यतया दुई किसिमले विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ –

(क) सीप विकासको मूल्याङ्कन/विषयगत प्रश्न

(ख) बौद्धिक विकासको मूल्याङ्कन/वस्तुगत प्रश्न

### २.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कनको इतिहासलाई हेर्दा ज्यादै लामो देखिन्छ । ई. पू. २००० देखि नै मूल्याङ्कन कार्य चिनबाट सुरु भएको पाइन्छ (पराजुली/खनाल, २०६५ : १७) । मानव सभ्यताको सुरुदेखि नै औपचारिक या अनौपचारिक रूपले विभिन्न युगहरूमा आ–आफ्नै किसिमबाट मूल्याङ्कन गर्ने गरेको देखिन्छ । मूल्याङ्कनलाई कसैले शैक्षिक उद्देश्यहरू कति प्राप्त भए भन्ने कुराको निर्धारण गर्ने प्रक्रियाको रूपमा, कसैले कुनै कार्यक्रमको मूल्य वा सबल पक्षहरू पत्ता लगाउने प्रक्रियाको रूपमा, कसैले एक अनुशासित खोजको

प्रक्रियाको रूपमा त कसैले राजनैतिक तथा वैज्ञानिक क्रियाकलाप त कसैले शैक्षिक कार्यक्रमको वास्तविकताको बारेमा अन्तरदृष्टि प्राप्त गर्ने प्रक्रिया तथा कतिपय विद्वान्हरूले मूल्याङ्कनलाई वैकल्पिक निर्णयहरू निकाल्न आवश्यक पर्ने सूचनाहरू प्रदान गर्ने प्रक्रियाको रूपमा लिएका छन् भने कसैले कुनै पनि कार्यको मूल्य निर्धारण गर्ने प्रक्रियाको रूपमा सहमति गरेको पाइन्छ (शर्मा एन्ड शर्मा, २०६६ : २१) ।

मूल्य ± अङ्कन मिलेर मूल्याङ्कन शब्द निर्माण भएको हो । जसको अर्थ वस्तुमा रहेका गुण तथा मूल्यलाई अङ्कनमा बदल्नु हुन्छ । यसले वस्तुमा रहेका गुणको मात्राको लेखाजोखा गर्नुको साथै यसको गुणस्तर समेत निर्धारण गर्दछ । शिक्षा क्षेत्रमा मूल्याङ्कनले झन् ठूलो क्षेत्र ओगटेको छ । शिक्षक, विद्यार्थी र विद्यालयका लागि मूल्याङ्कन नभई नहुने कुरा हो । मूल्याङ्कन शिक्षण प्रक्रियाको अभिन्न अङ्ग हुनुका साथै पाठयोजनाको पनि मह?वपूर्ण अङ्ग हो । यसको क्षेत्र व्यापक तथा विस्तृत छ । एच. टलमेज (१९८२) का अनुसार "मूल्याङ्कन भनेको पाठ्यक्रम र शिक्षणले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू कुन हदसम्म प्राप्त भयो भनी निर्धारण गर्ने प्रक्रिया हो" । टेलर का भनाइमा "वास्तविक रूपमा शैक्षिक उद्देश्यहरू कुन हदसम्म प्राप्त भयो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो" (ज.व.रा./श्रेष्ठ, २०६४ : ४) ।

ली. जे. कर्नब्याकका अनुसार – "शैक्षिक कार्यक्रमका बारेमा निर्णय गर्न सूचनाहरूको सङ्कलन र प्रयोग गर्नु मूल्याङ्कन हो" । डि. एल. स्टफलविमको दृष्टिकोणमा – "मूल्याङ्कन निर्णयका विकल्पहरूको निर्णय गर्न आवश्यक उपयोगी सूचनाहरू प्रदान गर्ने, प्राप्त गर्ने र उपलब्ध गराउने प्रक्रिया हो ।" त्यस्तै ग्रोन्लन्डका अनुसार –"मूल्याङ्कन भित्र विद्यार्थीको गुणात्मक र परिमाणात्मक दुवै व्यवहारको व्याख्या र उक्त व्यवहारहरू चाहे अनुसारका हुन वा होइनन् भनी मूल्य निर्धारण गर्ने काम समेत गरिन्छ" (शर्मा एन्ड शर्मा, २०६८ : २३) । क्रोनब्याकको भनाइमा –"कुनै पनि सामाजिक वा शैक्षिक कार्यक्रमको अङ्गका बारेमा निर्णय गर्न सङ्कलन गरिएको वा प्रयोग गरिएको सूचना नै मूल्याङ्कन हो" । थर्नडाइक र हेगन –"शिक्षाको कुनै एउटा

पक्षको उद्देश्य पहिचान गर्ने र ती उद्देश्यहरू कुन मात्रामा उपलब्ध भए भनेर मूल्य निर्धारण गर्ने एउटा पूर्ण प्रक्रिया नै मूल्याङ्कन हो" (पराजुली तथा अन्य, २०६५ : १९) ।

२.२ परीक्षा र मूल्याङ्कन

परीक्षा भन्नाले व्यवहार वा ज्ञानको क्षमता मापन गर्न विधिवत् रूपले सञ्चालन गर्ने प्रक्रियालाई जनाउँछ । परीक्षा वास्तवमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्ने एक प्रभावकारी, सशक्त माध्यम हो । परीक्षा मापन र मूल्याङ्कनको एक साधन तथा आधार पनि हो । विद्यार्थीहरूको मूल्याङ्कनको लागि विशेषतः परीक्षालाई प्रयोगमा ल्याइन्छ । त्यसै कारणले परीक्षा र मूल्याङ्कनलाई एउटै वा परिपूरकको रूपमा प्रयोग गर्ने गरेको पाइए तापनि यी दुईको बीचमा केही भिन्नता छ । परीक्षा मूल्याङ्कनको मापन विधि मात्र हो भने मूल्याङ्कन परीक्षाबाट प्राप्त परिणामको एक साध्य हो । परीक्षाले विद्यार्थीलाई बौद्धिक भन्दा परीक्षामुखी बनाउँछ भने मूल्याङ्कनले बौद्धिक स्तर सुधार गर्न सहयोग पुऱ्याउँछ । परीक्षा निश्चित समयमा, विषयगत, निश्चित प्रकृतिको र सीमित हुन्छ तर मूल्याङ्कन निरन्तर चलिरहने अनिश्चित र असीमित तथा व्यापक हुन्छ । परीक्षा र अवलोकनले संज्ञानात्मक पक्षको मापनमा बढी सम्बन्धित भएकाले यसमा सूचनाको विश्वसनीयता र वैधता निश्चित गर्न सक्दैन । सही–गलत विश्वसनीय–अविश्वसनीय, वैध तथा अवैधको निर्णय केवल मूल्याङकनबाट हुन्छ (श्रेष्ठ/रंजितकार, २०६४ : १८०) ।

परीक्षाले व्यक्तिको प्राप्ताङ्कलाई जनाउँछ भने मूल्याङ्कनले व्यक्तिको उपलब्धि स्तरलाई जनाउँछ । परीक्षा मूल्याङ्कनको साधन मात्र भए पनि शैक्षिक क्षेत्रमा यसको ठूलो मह?व देखिन्छ । कुनै पनि शैक्षिक कार्यक्रमका उद्देश्य, पाठ्यक्रम, साधन, सामग्री, प्रक्रिया, शिक्षकको दक्षता, विद्यार्थीको अभिक्षमता तथा उपलब्धि पक्षको सही मूल्याङ्कन गरी जटिलता, सरलता, स्तरयुक्तता, उपयुक्तता र प्रभावकारिता आदिको सूचना दिएर परिमार्जन तथा परिष्कार गर्ने निदानात्मक एवम् पृष्ठपोषणीय उद्देश्यमा लम्कन

मूल्याङ्कनलाई परीक्षाले नै वास्तविक सहयोग पुऱ्याउछ । शिक्षा क्षेत्रमा शैक्षणिक उद्देश्य, सिकाइ, अनुभव र मूल्याङ्कनका बीचमा सम्बन्ध जोड्ने काम परीक्षाले नै गरेको हुन्छ । मूल्याङ्कन विद्यार्थीको सम्पूर्ण मूल्य, मान्यता, सम्पूर्ण वानीव्यवहार, रूचि र दृष्टिकोणको लेखाजोखा गर्दछ । जुनसुकै कार्यहरूको गुण र दोष केलाई राम्रा पक्षहरूलाई प्रोत्साहन गर्ने र नराम्रा पक्षहरूलाई निरुत्साहित बनाउने काम मूल्याङ्कन पछि गरिन्छ । मूल्याङ्कनको कार्य क्षेत्र व्यापक भएपनि यो सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक तथा अनुसन्धानात्मक कार्यमा समेत संलग्न हुन्छ (शर्मा एन्ड शर्मा, २०६८ : ३१) ।

२.३ भाषिक मूल्याङ्कन

भाषिक मूल्याङ्कनको सम्बन्ध भाषाशिक्षणसूग जोडिएर आएको हुनाले भाषाशिक्षण भनेको भाषा विषयको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषिक मूल्याङ्कन भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सूग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित रहेको हुन्छ । भाषा शिक्षणका क्षेत्रमा विद्यार्थीहरू पथिक हुन भने शिक्षक सचेत मार्गदर्शक । त्यसैले शिक्षकको सहानुभूतिशील मार्गदर्शन र विवेकशील कार्यकलापबाट नै भाषाशिक्षणले उद्देश्यपरक गतिशीलता प्राप्त गर्न सक्दछ । मूल्याङ्कनको उपयोग विना भाषाशिक्षण आफैमा लुलो र लङ्गडो बन्न सक्छ । भाषिक मूल्याङ्कन सम्बन्धित भाषाशिक्षक र विद्यार्थीका लागि मात्र नभएर भाषापाठ्यक्रम निर्माता, भाषाविज्ञ तथा शिक्षाविद्हरूका लागि पनि उपयोगी देखिन्छ । भाषिक मूल्याङ्कनले नै भाषापाठ्यक्रमको प्रभावकारिताको लेखाजोखा गर्न मद्दत गर्छ । भाषिक सीप र भाषाता?विक पक्षका सरलता, जटिलता, सान्दर्भिकता तथा प्रयोजनपरकको बारेमा समेत निर्णय गर्ने आधार प्रदान गर्दछ (शर्मा र पौडेल, २०६० : २१७) ।

जुनसुकै शिक्षण सिकाइ कार्यकलापपछि मूल्याङ्कनको आवश्यकता परेजस्तै भाषाशिक्षण पश्चात् पनि भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । मूल्याङ्कन बिना भाषा शिक्षण फितलो हुने भएकाले निश्चित उद्देश्य प्राप्तिका लागि भाषा शिक्षणका

क्रममा मूल्याङ्कनलाई एक अभिन्न प्रक्रियाका रूपमा स्वीकार गरी अगाडि बढ्नुपर्छ । भाषा शिक्षणको मूल उद्देश्य नै भाषा सिकाउनु हो । भाषाशिक्षणमा सबभन्दा पहिला विद्यार्थीहरूलाई भाषिक सीपमा दक्ष बनाउने प्रयास गरिन्छ । भाषा शिक्षणले भाषाका विषयको शिक्षण नगराई भाषिक कुशलतामा बढी जोड दिनुपर्छ । जस्तै – कसरी र कुन तरिकाबाट भाषा सिकाउँदा शिक्षार्थीहरू भाषिक सीपको लक्ष्यसम्म पुग्न सक्छन् । भाषा शिक्षण विषयवस्तु बु‰ने तथा व्यक्त गर्ने माध्यमको शिक्षण भएकाले यसले विषयवस्तु सुन्ने, बोल्ने, पढ्ने र लेख्ने जस्ता भाषिक क्षमता बढाउन मद्दत पुऱ्याउँछ । भाषा शिक्षणले भाषाका सीपहरूको शिक्षण गराउँछ (लामिछाने, २०६७ : २०६) ।

भाषाको शिक्षण गर्नु भनेको विद्यार्थीलाई भाषिक कलामा निपुण बनाउनु हो । यसको लागि शिक्षकले साप्ताहिक, पाक्षिक, मासिक रूपमा लिखित जाँच तथा मौखिक रूपमा प्रत्येक शुक्रबार तथा स्वर्ण जयन्ती, वार्षिकोत्सव, शिक्षा दिवस जस्तो विशेष दिनहरूमा हाजिरीजवाफ, वादविवाद, वक्तृ?वकला, दैनिकी कुनै लेख रचना दिएर विद्यार्थीलाई भाषिक कलामा निपुण बनाउन सकिन्छ ।

भाषा शिक्षणले भाषाको सिद्धान्तमा केन्द्रित भई व्याकरण तथा अभ्यास शिक्षणमा विशेष जोड दिएको हुन्छ । भाषा शिक्षणले व्यक्तिगत भिन्नतालाई ख्याल गर्दै भाषिक क्षमता र स्तर वृद्धिमा जोड दिन्छ । मूल्याङ्कन विनाको भाषा शिक्षण अन्योलपूर्ण हुन्छ । त्यसैले भाषा सिकाइका समस्याका क्षेत्रहरू पत्ता लगाएर त्यसको निराकरण, पृष्ठपोषण तथा भाषा शिक्षणलाई कुशलतापूर्वक कार्य दिशातर्फ उन्मुख गराई विद्यार्थीको उत्प्रेरणा अभिवृद्धि गरेर सरल, सुगम र प्रभावकारी शिक्षण सिकाइ कार्यकलापको छनोट, सुधार र उपयोगको सुझ तथा सीप प्राप्त गर्न शिक्षकका लागि भाषिक मूल्याङ्कन एक अभिन्न कार्यकलाप बनेको हुनुपर्दछ ।

भाषिक मूल्याङ्कन भनेको भाषिक सीपहरूको मापनलाई मूल लक्ष्य बनाएर गरिने मूल्याङ्कन हो । भाषिक मूल्याङ्कनमा विद्यार्थीले आर्जन गरेका भाषिक क्षमताको मापन र निरीक्षण गरिन्छ । भाषामा मूल्याङ्कन भन्नाले भाषाका सीप शिक्षण विधि, भाषिक

क्रियाकलाप, पाठ्यक्रम, पाठ्यपुस्तक आदिको मूल्य निर्धारण गर्ने कार्यलाई जनाउँछ । भाषिक मूल्याङ्कन भाषाको प्रयोगगत क्षमतामा आधारित हुन्छ (अधिकारी, २०६७ : १९५) ।

भाषा शिक्षण बुझ्ने र व्यक्त गर्ने शिक्षण भएकाले भाषा शिक्षकले पढाइ सकेपछि विद्यार्थीहरू के–कति बुझ्न सक्षम भए भनेर तुरुन्तै कक्षा जाँच गरी पृष्ठपोषण दिनुपर्दछ । कक्षामा भाषा शिक्षकले विद्यार्थीको चारै सीपको विकास गर्ने उद्देश्यले शिक्षण गर्नुपर्दछ । भाषा सम्बन्धी कुनै शीर्षक दिएर घोक्न लगाउने, लेख्न लगाउने, पढ्न लगाउने र सुन्न लगाउने जस्ता कार्यकलाप गराइ रहनुपर्दछ ।

२.४ भाषिक मूल्याङ्कनको प्रकृति

मूल्याङ्कनको महत्व हरेक क्षेत्रमा महत्वपूर्ण रहेको छ । अझ शिक्षा क्षेत्रमा यसको झन् बढी महत्व रहेको छ । भाषा शिक्षण भनेको भाषाका चार सीपहरू (पढाइ, लेखाइ, सुनाइ र बोलाइ) को आर्जन गराउनु हो । अन्य विषयको मूल्याङ्कन विषयवस्तुमा आधारित हुन्छ भने भाषिक मूल्याङ्कन भाषाको प्रयोगगत क्षमतामा आधारित हुन्छ । भाषिक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थी परिक्षामा उतीर्ण भए नभएको मात्र नहेरी उनीहरूले के सिके ? के जाने ? र के गर्न सक्दछन् ? भन्ने कुराको पत्ता लगाउनु हो । नयाँ पाठ्यक्रम अनुसार २०५७/५८ सालदेखि विद्यालय तहको भाषा विषय मध्ये अङ्ग्रेजीको सुनाइ, बोलाइ परीक्षणको थालनी भएको हो जसमा २० पूर्णाङ्क विभाजन गरिएको छ भने नेपाली विषयमा पहिले प्रा. वि. तहमा सुनाइ, बोलाइ थियो र अहिले पनि छ । प्रा. शि. पाठ्यक्रम २०६२ अनुसार कक्षा १–३ को विद्यार्थी मुल्याङ्कन प्रक्रियामा निर्माणात्मक मुल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ स्तरमा सुधार गरी विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धि कार्यसञ्चयिका फायल राखी कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यावहारिक परिवर्तनको अवलोकन तथा हाजिरीको आधारमा उदार कक्षोन्नति नीति लागू गरी उत्तीर्णाङ्क नतोक्ने व्यवस्था गरेको छ । नि. मा. वि. तहको अन्त्यमा जिल्ला स्तरीय परीक्षा लिने गरेको छ । मा. वि. तहको कक्षा ९

र १0 को परीक्षा विद्यालयले नै लिने गरेको छ । कक्षा १0 को एस. एल. सी. टेस्ट परीक्षा केही वर्ष पहिले जिल्ला स्तरीय रूपमा लिने गरिन्थ्यो भने अहिले विद्यालयले नै लिने गरेको देखिन्छ । यस तहको पाठ्यक्रमले परीक्षालाई नै विद्यार्थी मुल्याङ्कनको सम्पुर्ण आधारको रूपमा व्यारव्या गरेको देखिन्छ । तर उच्च माध्यमिक तहमा यस्तो व्यवस्था छैन । भाषिक मूल्याङ्कन विभिन्न तरिकाले भएता पनि हाल चलनमा रहेका परीक्षणहरू निम्नानुसारका छन् (अधिकारी, २0६७ : १९६) –

२.४.१ परीक्षणीय वस्तुको पहिचान

विद्यार्थीहरूको भाषिक सीप तथा भाषिक ज्ञान एवम् समझका लागि साधारण वा अनिवार्य नेपालीको पाठ्यक्रम निर्धारण गरिएको पाइन्छ । पाठ्यक्रमको बोध र अभिव्यक्ति खण्डले भाषिक सीपको विकास गराउने उद्देश्यले राखेको हुन्छ । परीक्षणीय वस्तुको पहिचान मूल्याङ्कनको मह?वपूर्ण पक्ष हो । पाठ्यको एकाइ तथा वास्तविक परीक्षणीय वस्तु भाषिक सीपसूग सम्बन्धित छ । प्रश्नमा तत्मापकता गुण निहित हुनुपर्छ । परीक्षण गर्न खोजिएको कुरा परीक्षण नभई अरु कुनैको परीक्षण भएमा प्रश्नमा तत्मापकता नरहेको पुष्टि हुन्छ ।  यदि प्रश्नमा तत्मापकता छैन भने प्रश्न निर्माण कर्तामा परीक्षणीय वस्तुको पहिचान गर्न सक्ने ज्ञान नरहेको बुझिन्छ । त्यसकारण प्राश्निकले परीक्षणीय वस्तुहरूको विशिष्टीकरण तालिका बनाएर प्रश्न निर्माण गर्न अति नै आवश्यक देखिन्छ (अधिकारी, २0६७ : १९६) ।

२.४.२ पृथकीकृत र एकीकृत परीक्षण

भाषात?वका सैद्धान्तिक धारणाहरूलाई छुट्टाछुट्टै परीक्षण गर्नुलाई पृथकीकृत र एकीकृत परीक्षण भनिन्छ । भाषाको परीक्षण एकीकृत र पृथकीकृत दुवै रूपले हुन्छ । जस्तैः वर्णविन्यास, विराम चि≈न, वाक्यत?व, विवादात्मक, संवादात्मक ।  एकपल्टमा एउटा कुराको परीक्षण हुने हुदा यो वस्तुगत पनि हुनसक्छ । भाषिक सीपसूग सम्बन्धित पाठ्यवस्तुहरू पृथकीकृत नभएर एकीकृत किसिमका हुन्छन् । मौखिक वा लिखित

अभिव्यक्तिको परीक्षणमा एकभन्दा बढी सीपहरूको एकात्मकता हुन्छ । एकीकृत परीक्षणमा भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको परीक्षण हुने भएकाले यसलाई जटिल र कम विश्वसनीय मानिन्छ (अधिकारी, २०६७ : १९६) ।

### २.४.३ पहिचानात्मक र उत्पादानात्मक परीक्षण

पहिचानात्मक परीक्षण अन्तर्गत व्याकरणका सैद्धान्तिक ज्ञानसूग सम्बन्धित पाठ्यवस्तुहरूको परीक्षण हुन्छ । जस्तैः बहुवैकल्पिक, खाली ठाउू भर्ने, जोडा मिलाउने, समूह छुट्याउने । जब कुनै पाठ्यवस्तुहरूको ज्ञान संक्षिप्त उत्तरात्मक वा निबन्धात्मक प्रश्नहरूद्वारा जाूच्न खोजिन्छ तब त्यस किसिमको परीक्षण पहिचानात्मक नभई उत्पादनात्मक प्रकृतिको हुन जान्छ । उत्पादनात्मक परीक्षणमा शिक्षार्थीहरूले कुनै कुराको उत्तर व्यक्त गरेर दिनुपर्ने हुन्छ नकि सुनेको, पढेको वा घोकेको कुरासूग सम्बन्धित भएमा विशुद्व रूपमा त्यसलाई उत्पादनात्मक मानिंदैन ।

सीपपरक पाठ्वस्तुहरूमा श्रुतिबोध वा पठनबोध परीक्षण पहिचानात्मक र उत्पादनात्मक दुवै किसिमले गर्न सकिन्छ । वस्तुगत प्रश्नहरूको उपयोग पहिचानात्मक प्रकृतिको हुन्छ भने विषयगत प्रश्नहरूको उपयोग उत्पादनात्मक प्रकृतिको हुन्छ । अभिव्यक्ति सीपसूग सम्बन्धित सबै पाठ्वस्तुहरूको परीक्षण पूर्णतया उत्पादनात्मक हुन्छ । समीक्षात्मक तथा विवेचनात्मक क्षमताको परीक्षणका सन्दर्भमा पनि उत्पादनात्मक प्रकृतिका प्रश्नहरूको उपयोग गरिन्छ भने रचनात्मक र मौलिकताको परीक्षणमा पहिचानात्मक परीक्षण कमै प्रासङ्गिक हुन्छ (अधिकारी, २०६७ : १९७) ।

विद्यार्थीलाई भाषिक सीपमा दक्ष बनाउनुको साथै नेपाली भाषा राष्ट्रिय तथा सम्पर्कको भाषा भएकाले नै ऐ. र अ. रूपमा भाषा पाठ्यक्रमको विकास भएको हो । त्यसकारण भाषा शिक्षणमा कुन पक्षको परीक्षण गर्ने हो त्यसको पहिचान, कसरी र कस्तो

किसिमको परीक्षण गर्ने भन्ने कुरामा यससूग सम्बद्ध हुने सम्पूर्ण व्यक्तिहरूले विशेष ध्यान पु¥याउनु पर्ने आवश्यकता देखिन्छ ।

२.४.४ परीक्षा

परीक्षा वास्तवमा विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन गर्ने एक प्रभावकारी, सशक्त माध्यम हो, परीक्षा मापन तथा मूल्याङ्कनको एक साधन हो ; एक आधार हो । कुनै निश्चित अवधिभित्र शिक्षण सिकाइमा के–कति उपलब्धि हासिल भयो भनेर नाप गर्ने साधन परीक्षा हो । समय–समयमा एकाइ, मासिक अर्द्धवार्षिक, वार्षिक, गृहकार्य, कक्षा क्रियाकलाप, अवलोकन आदिलाई परीक्षाका रूपमा लिएको पाइन्छ (श्रेष्ठ, रंजितकार, २०६४ : १८०)

पाठ्यक्रमले तोकेअनुसार सिकारुको उपलब्धिलाई परीक्षण गर्ने विभिन्न तरिकाहरू निम्नानुसार रहेका छन् –

(क) मौखिक परीक्षा

(ख) लिखित परीक्षा

(ग) प्रयोगात्मक परीक्षा

(क) मौखिक परीक्षा

लिखित र प्रयोगात्मक परीक्षणबाट लेखाजोखा गर्न नसकिने व्यवहारहरूको मापन र मूल्याङ्कन गर्न मौखिक परीक्षाको प्रयोग गरिन्छ । परीक्षणको क्षेत्रमा यसलाई सबैभन्दा जेठो परीक्षणको रूपमा लिइन्छ । यसमा परीक्षक र परीक्षार्थीबीच प्रश्नोत्तर आदानप्रदान हुन्छ । मौखिक जूाचबाट सुनाइसम्बन्धी श्रुतिबोध गर्न विभेदीकरण, बोलाइसम्बन्धी विभिन्न सीपहरू जस्ता कुराको मूल्याङ्कन गर्न सकिन्छ । मौखिक परीक्षा खास गरी प्राथमिक तहका पढ्न र लेख्न नसिकेका विद्यार्थीहरूका लागि झन् प्रभावकारी देखिन्छ । यसमा परीक्षार्थीहरूले अरुको सार्ने वा नक्कल गर्ने अवसर प्राप्त गर्दैनन् । यस किसिमको

परीक्षणबाट छोटो समयमा धेरै सिकाइ उपलब्धिको मूल्याङ्कन गर्न सकिन्छ ( श्रेष्ठ/रंजितकार, २०६४ : १३६/१३८) ।

(ख) लिखित परीक्षा

कापी र कलमको प्रयोग गरी सोधिएका प्रश्नहरूको उत्तर लिखित रूपमा दिइने परीक्षालाई लिखित परीक्षा भनिन्छ । औपचारिक शिक्षा प्रणालीमा लिखित परीक्षाको अग्र स्थान रहेको हुन्छ । खासगरेर विद्यालयका तल्लो तहदेखि विश्वविद्यालयका माथिल्लो तहसम्म यस परीक्षालाई विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाउन अबलम्बन गरिएको छ । निर्णयात्मक र निर्माणात्मक दुवै परीक्षाहरूमा विद्यार्थीहरूको कमीकमजोरीहरूलाई सुधार गर्न लिखित परीक्षालाई एउटा प्रमुख साधनको रूपमा लिएको पाइन्छ । लिखित परीक्षालाई मुख्य गरेर दुई भागमा विभाजन गरिएको छ । जो निम्न छन् –

१. विषयगत परीक्षा/प्रश्न

२. वस्तुगत परीक्षा/प्रश्न

विद्यार्थीहरूले आफ्ना मौलिक विचार र स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरी उत्तर दिने परीक्षालाई विषयगत परीक्षा भनिन्छ । यसले विद्यार्थीको बौद्धिक क्षमताको मापन गर्दछ । यस परीक्षालाई निबन्धात्मक र छोटो उत्तरात्मक गरी दुई भागमा बाँडिएको छ । लामो उत्तर लेख्नु नपर्ने र ठीक उत्तर मात्र छनोट गरेर रेजा (✓) चिन्ह लगाउने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । यसका उत्तरहरू पूर्वनिर्धारित हुन्छन् । यस प्रश्नलाई वैकल्पिक प्रश्न पनि भनिन्छ । यस्ता प्रश्नहरूलाई खाली ठाउँ, जोडा मिलाउने, ठीक–बेठीक र बहुवैकल्पिक प्रश्न गरी चार भागमा बाँडिएको छ (शर्मा एन्ड शर्मा, २०६८ : ८२ ) ।

(ग) प्रयोगात्मक परीक्षा

कतिपय विषयहरू यस्ता हुन्छन् जुन लिखित र मौखिक परीक्षाबाट मात्र सिकारुको कार्य कुशलताको पहिचान गर्न सम्भव हुँदैन । कुनै विषयको सीप सिकारुले कतिसम्म प्राप्त गर्न सकियो भनेर पहिचान गर्न प्रयोगात्मक परीक्षाको आवश्यकता पर्दछ । विद्यार्थीको सैद्धान्तिक पक्षको मात्रै मूल्याङ्कन नगरी व्यावहारिक पक्षको पनि मूल्याङ्कन गर्नुपर्ने हुन्छ । व्यावहारिक पक्षको मूल्याङ्कन परीक्षाबाट सम्भव हुँदैन । विज्ञान तथा व्यावसायिक विषयको सीप अभिवृद्धिमा प्रयोगात्मक परीक्षा अत्यन्त उपयोगी मानिन्छ । यसले विद्यार्थीको मनोक्रियात्मक क्षेत्र विकासमा सहयोग पुऱ्याउँछ । यसैगरी स्नातक तथा स्नातकोत्तर तहका विषयहरूमा रिपोर्ट लेखन, प्रस्तावना, शोधपत्र लेखन तथा प्राक्टीकम विषयहरूमा प्रयोगात्मक प्रश्न निर्माण र प्रयोग गरिन्छ । यसले विद्यार्थीलाई परिश्रमी, अनुभवी र क्रियाशील बनाउनुका साथै शिक्षक र विद्यार्थी दुवैलाई यस कार्य प्रति सजग र सचेत बनाउँछ (शर्मा एन्ड शर्मा, २०६८ : १००) ।

भाषिक कला सबलताको कारण लेखन शैलीमा मात्र निपुणता भएर पर्याप्त हुँदैन । यसको लागि श्रवण, पठन र वक्तृत्वकलामा पनि परिपूर्ण हुनुपर्दछ । तर यतिकै हुँदैमा भाषिक क्षेत्रमा सबल देखिँदैन यसका लागि सुनाइको एकाग्रता, बोलाइको हाउभाउ र चेष्टा, सस्वर पठनको आरोह, अवरोह, गति, यति लय श्रोताप्रतिको सचेष्टता जस्ता कुराको जाँच प्रयोगात्मक परीक्षाबाटै हुने भएकोले भाषिक मूल्याङ्कका साधनमा प्रयोगात्मक परीक्षा आवश्यक भएको पुष्टि हुन्छ (लामिछाने, २०६७ : २३८) ।

### २.५ परीक्षणका प्रचलित तरिकाहरू

परीक्षणले मापनको एउटा तरिकालाई जनाउँदछ । परीक्षण निश्चित व्यवहारमाथिको मापन अथवा तथ्याङ्क प्राप्त गर्नका लागि तयार गरिएको व्यवस्थित प्रक्रिया हो । परीक्षण सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्ने प्रश्नहरूको नमुना हो जसमा एउटा सही उत्तर हुन्छ जुन परीक्षार्थीले लिखित वा मौखिक रूपमा जवाफ दिने गर्दछन् । काप्लान र साकुजोका अनुसार –"मनोवैज्ञानिक अथवा शैक्षिक परीक्षण व्यवहारसँग सम्बन्धित मानिएका विशेषताहरू मापन गर्न तयार गरिएको प्रश्नहरूको समूह हो ।"

कुलारीका शब्दमा "परीक्षण अङ्क अथवा वर्गीकरणसूग व्यारव्या गरिएको नमुना व्यवहारका लागि स्तरीकृत प्रक्रिया हो ।"

शिक्षणको उद्देश्य र प्रयोजनअनुसार परीक्षणलाई मुख्यतः दुई भागमा बाँडेर अध्ययन गर्ने गरेको पाइन्छ ।

(क) शिक्षक निर्मित परीक्षण र

(ख) प्रमाणिक परीक्षण

(पराजुली, खनाल/अन्य, २०६५ : ७२) ।

(क) शिक्षक निर्मित परीक्षण

शिक्षकले शिक्षण सिकाइ क्रियाकलापको सिलसिलामा विद्यार्थीको उपलब्धि र व्यवहारहरूको लेखाजोखा गरी उनीहरूमा देखिएका कमीकमजोरीहरूलाई समयमै पत्ता लगाई त्यसबाट हुने क्षतिबाट बचाउने उद्देश्यले शिक्षक आफ्नै स्वविवेकद्वारा निर्माण गरिएका परीक्षणहरूलाई शिक्षक निर्मित परीक्षण भनिन्छ । शिक्षक निर्मित परीक्षणको पूर्वपरीक्षण गरिएको हुँदैन, मापदण्ड पनि निर्धारण नगरिएको हुँदा यस्ता प्रश्नमा वैधता र विश्वसनीयता हुँदैन । यस परीक्षाको प्रमुख उद्देश्य नै विद्यार्थीको उपलब्धि परीक्षण गर्ने हुनाले यसलाई उपलब्धि परीक्षण पनि भन्ने गरेको पाइन्छ । यस्तो किसिमको परीक्षा निर्माणात्मक हुन्छ । यस्ता परीक्षणको प्रयोग क्षेत्र सीमित हुनाको साथै प्रयोग र निर्देशनमा नियमको पालन पनि निश्चित हुँदैन । यस्ता परीक्षणमा खर्च र समय दुवै कम लाग्ने हुन्छ ।

(ख) प्रामाणिक परीक्षण

स्तर निर्धारण गर्ने उद्देश्यले निर्माण गरिएको र निश्चित तह प्रदान गर्न विशेषज्ञहरू, शिक्षाविदहरूबाट वैज्ञानिक तरिका अपनाएर खास स्तर र विषयका लागि विज्ञहरूद्वारा निश्चित मानकहरू निर्धारण गरी तयार गरिएको परीक्षणलाई प्रामाणिक परीक्षण भनिन्छ । यसमा विश्वसनीयता र वैधता सुनिश्चित गरिएको हुन्छ । यस परीक्षणको सञ्चालन र अङ्कन विधि पहिले नै निर्धारण गरिएको हुन्छ । यो परीक्षणमा निर्देशनहरू दिने भएकाले जुनसुकै ठाउँ र समूहमा सञ्चालन गर्दा पनि एकरूपता देखापर्दछ । यस परीक्षणमा जतिसुकै व्यक्तिले अङ्कन गर्दा यसले एउटै परिणामलाई देखाउने गर्दछ । यस परीक्षणमा रहेका त्रुटिहरू विषय विशेषज्ञद्वारा अध्ययन गराइने भएकोले प्रश्नमा गुणस्तर कायम रहेको हुन्छ । यो परीक्षण समान उमेर र समान कक्षाका विद्यार्थीलाई प्रतिनिधित्व गरी तयार पारिएको हुन्छ । स्तरयुक्त परीक्षा जिल्ला र राष्ट्रियस्तरमा लिने गरिन्छ । यो परीक्षाहरू बाह्य निकायहरूद्वारा सञ्चालन गरिन्छ साथै यसका उत्तरपुस्तिकाका परीक्षण बाह्य संस्थाका विज्ञहरू तथा शिक्षकद्वारा नै गर्ने गरिन्छ । यो परीक्षा सावधानीपूर्वक, कुशलतापूर्वक निर्माण र सञ्चालन गर्ने परीक्षा हो । यस परीक्षाका प्रश्नपत्र निर्माण र परीक्षणमा एकरूपता हुन्छ त्यस्तै परीक्षा सञ्चालनमा पनि एकरूपता रहेको हुन्छ । यस परीक्षाको व्याख्या मानकको आधारमा गरिन्छ । जति पनि स्तरयुक्त परीक्षाहरू छन् त्यसमा वैधता, विश्वसनीयता, वस्तुनिष्ठता र दक्षता कायम गरिएको हुन्छ भने यसको प्रश्नपत्र निर्माण, परीक्षण विधि र परीक्षा सञ्चालन जस्ता कुराहरू पूर्व घोषित कार्यक्रमको आधारमा गरिन्छ ।

### २.६ भाषिक परीक्षण योजना

नेपाली भाषिक सीप परीक्षणको स्थिति हेर्दा हालसम्म पनि पाठ्यक्रमको उद्देश्य तथा विशिष्टीकरण तालिका बिना नै हचुवाको भरमा प्रश्नपत्रहरू निर्माण गर्ने चलन विद्यमान रूपमा देख्न सकिन्छ । यसरी प्रश्नपत्रहरू तयार गर्दा जुन सीपको परीक्षण गर्नुपर्ने हो त्यो हुँदैन । त्यसकारण भाषिक परीक्षणका लागि योजनाबद्ध ढङ्गले प्रश्नपत्रहरू निर्माण गर्दा निम्न चरणहरूलाई अपनाउनु पर्ने हुन्छ –

२.६.१ परीक्षण उद्देश्यको निर्धारण

परीक्षण निर्माणको पहिलो चरणमा परीक्षण उद्देश्यको निर्धारण गर्नुपर्ने हुन्छ । खास तह कक्षाका विद्यार्थीहरूले निश्चित शिक्षण समय अवधि भित्र हासिल गर्नुपर्ने सिकाइ उपलब्धिलाई उद्देश्यको रूपमा लिइएको छ । शिक्षण सिकाइमा चाहना गरिएको वस्तु उद्देश्य हो । शिक्षकले कक्षागत रूपमा अध्यापन गर्दा त्यस अध्यापनबाट विद्यार्थीहरूले के–कस्ता ज्ञान, सीप सिक्दछन् त्यसलाई उद्देश्य भन्दछन् (बस्नेत, २०६१ : २३) । विद्यार्थीहरूको ज्ञान, सीपको मापन गर्नको लागि प्रश्नपत्रको निर्माण गरिन्छ । प्रश्नपत्रको निर्माण योजनागत रूपमा गरेर परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र परीक्षाफलको विश्लेषण समेत गर्नुपर्दछ । प्रयोगात्मक र सैद्धान्तिक विषयहरूमा ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक क्षेत्रहरूमध्ये जुनसुकै क्षेत्रसूग सम्बन्धित तहहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गर्नका लागि परीक्षाको आवश्यकता पर्दछ । त्यसैले परीक्षाका प्रश्नपत्र निर्माण गर्दा सबभन्दा पहिलो र मह?वपूर्ण चरण उद्देश्यहरूको निर्धारणलाई लिइएको हो । उद्देश्यहरूलाई साधारण र विशिष्ट गरेर दुई भागमा विभाजन गरिएको छ । साधारण उद्देश्यले विद्यार्थीको व्यवहारलाई मापन नगर्ने भएकाले यसलाई स्पष्ट उद्देश्य भनिूदैन तर विशिष्ट उद्देश्यहरूले विद्यार्थीका व्यवहारमा परिवर्तन गर्न खोज्ने भएकाले यो प्रष्ट हुन्छ । त्यसैले व्यवहारिक उद्देश्य बनाउूदा मापनयोग्य क्रियापदहरूको प्रयोग गरिएको हुन्छ ( पराजुली/खनाल, २०६५ : १६) ।

२.६.२ विषयवस्तुको विश्लेषण

उद्देश्यहरूको निर्धारण भैसकेपछि दोस्रो चरणमा विषयवस्तुको विश्लेषण गर्नुपर्ने हुन्छ । प्रश्नपत्र निर्माणको क्रममा निर्धारण गरिएका उद्देश्यहरूलाई प्राप्त गर्न विद्यार्थीहरूको कस्ता व्यवहारको मूल्याङ्कन गर्ने, कस्ता विषयवस्तुहरूलाई परीक्षणको

साधनमा समावेश गर्ने तथा शिक्षार्थीहरूको कुन योग्यता, क्षमता, कार्यदक्षता वा व्यक्तिगत गुणहरू मापन गर्ने हो सोही गुणहरूलाई मापन गर्न सक्ने किसिमको विषयवस्तुहरू छनोट गर्न सक्नु पर्दछ । विद्यार्थीहरूको जुन व्यवहार परीक्षण गर्न उद्देश्य निर्धारण गरिएको हो त्यसै अनुसारको विषयवस्तु उपयोगी हुने हुनाले सिकारुहरूले प्राप्त गरेका वास्तविक सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने विषयवस्तु समावेश गर्नुपर्दछ । पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पूरा गर्न के–कस्ता विषयवस्तुलाई समेट्न सक्नुपर्दछ ती कुराहरूलाई ध्यानमा राखेर भाषिक परीक्षण निर्माण गर्नुपर्दछ (पराजुली र अन्य, २०६५ : १८) ।

२.६.३ विशिष्टीकरण तालिकाको निर्माण

पाठ्यक्रमले तोकेको उद्देश्यहरू पूरा भए वा भएनन् भन्ने कुराको लेखाजोखा गर्न मूल्याङ्कन गरिन्छ । मूल्याङ्कन प्रक्रियालाई योजनाबद्ध तथा प्रभावकारी बनाउने मह?वपूर्ण साधन विशिष्टीकरण तालिका हो । यो शिक्षाको गुणस्तर र प्रभावकारिता उकास्नका लागि मूल्याङ्कन कार्यमा सुधार गर्नुपर्ने हुन्छ । सुधारको क्रममा पाठ्यक्रमका सम्पूर्ण पक्षहरू समेटेर मूल्याङ्कनका साधनहरू निर्माण गरेर मूल्याङ्कन कार्य गर्नु आवश्यक छ । मूल्याङ्कन प्रक्रियाको परीक्षा एक अभिन्न अङ्ग हो । परीक्षाका प्रश्नहरू निर्माण गर्दा वैज्ञानिक आधारहरू नअपनाइ हचुवाको भरमा मूल्याङ्कन गर्ने गरेको देखिन्छ । पाठ्यक्रमका उद्देश्यहरू पूरा हुने गरी सबै विषयवस्तुहरू समेटेर पाठ्यक्रमले तोकेका मूल्याङ्कन प्रक्रिया अपनाएर परीक्षा सञ्चालन गर्नुपर्दछ । परीक्षा सञ्चालन गर्नुभन्दा अगाडि कस्ता प्रश्न बनाउने, कुन एकाइ वा पाठबाट कुन प्रकारको प्रश्न सोध्ने साथै कुन उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन गर्न कस्तो प्रश्नपत्र तयार गर्ने, प्रश्नको अङ्कभार कति दिने, कुन प्रश्नलाई कति समय निर्धारण गर्ने जस्ता कुराहरूलाई ध्यानमा राखेर प्रश्नपत्र निर्माण गर्नुपर्दछ । यसप्रकार प्रत्येक विषयका शिक्षकहरूले परीक्षा सञ्चालन गर्नुपर्दछ । माथि उल्लिखित कुराहरूलाई समावेश गरी तयार पारिएको तालिकालाई विशिष्टीकरण तालिका भनिन्छ ।

यसरी उक्त तालिकामा पाठ्यक्रमका उद्देश्य, विषयवस्तु, अङ्कभार समय इत्यादिलाई ख्याल गरी कुन एकाइबाट कस्ता र कतिवटा प्रश्नहरू सोध्ने, कुन प्रश्न कति अङ्कको राख्ने, कुन प्रश्नलाई कति समय दिने, प्रश्नमा ज्ञान, सीप र उच्च क्षमतालाई कुन–कुन प्रश्नबाट मूल्याङ्कन गर्ने जस्ता कुराहरू विशिष्टीकरण तालिकामा समावेश गरिएको हुन्छ । शिक्षकलाई शिक्षणको लागि समेत यसले मार्ग निर्देशन गर्दछ (मा. वि. तहका परिमार्जित विशिष्टीकरण तालिका, २०६१ : साझा प्रकाशन) ।

विशिष्टीकरण तालिकाको नमुना (प्रश्न योजना)

| क्रम | परीक्षणीय पाठ्यवस्तु | प्रश्नको प्रकृति | सोधिने प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क | विवरण/खोलुवा |
|---|---|---|---|---|---|---|
| १. | नेपाली वर्ण र अक्षर संरचना | पहिचानमूलक | २<br>(क) वर्ण<br>(ख)अक्षर | १ | ५ | क) उच्चार्य पाँच व्यञ्जन वर्ण दिई तिनको स्थान, प्रयत्न, घोषत्व र प्राणत्वमध्ये कुनै दुई आधारबाट प्रश्न सोध्ने ।<br>ख) बढीमा पाँच अक्षरसम्मका पाँच वटा शब्द दिई तिनको अक्षर संरचना र सङ्ख्या छुट्ट्याउन लगाउने । |
| २ | वर्णविन्यास र चिन्न परिचय | पहिचानमूलक | १ | १ | ५ | जम्मा १0 वटा त्रुटि (वर्ण र मात्रागत आठ र चिन्नगत दुई) भएका पाँच वाक्यको एउटा अनुच्छेद दिई त्यसलाई शुद्ध गर्न लगाउने । |
| ३ | शब्दवर्ग पहिचान | पहिचानमूलक | १ | १ | ३ | विभिन्न शब्दवर्गका छ शब्दमा रेखाङ्कन गरी शब्दवर्ग पहिचान गर्न लगाउने । यसमा कम्तीमा एउटा शब्द चाहिँ वर्ग विचलन भएको दिने । |
| ४ | शब्दस्रोत | पहिचानमूलक | १ | १ | २ | २५ शब्दसम्मको अनुच्छेद दिई त्यसबाट तत्सम, तद्भाव र आगन्तुकमध्ये कुनै दुई आधारबाट बनेका दुई दुई शब्द खोज्न लगाउने । |
| ५ | शब्द व्युत्पादन | पहिचानमूलक तथा | ३ | २ | ६ | क) तत्सम तथा तद्भव दुवै स्रोतका तिन उपसर्ग र तिन प्रत्यय दिई शब्द बनाउन लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रयोगमूलक | | | | ख) उपसर्ग र प्रत्ययको योगले बनेका कम्तीमा आठ (चार वटा उपसर्ग व्युत्पन्न र चार वटा प्रत्यय व्युत्पन्न) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट ३ वटा उपसर्ग व्युत्पन्न र ३ वटा प्रत्यय व्युत्पन्न शब्द खोज्न लगाउने अथवा उक्त व्युत्पन्न शब्दमध्ये छ वटामा रेखाङ्कन गरी उपसर्ग र प्रत्यय छुट्ट्याउन लगाउने ।<br>ग) समस्त तथा द्वित्व शब्दहरू भएको अनुच्छेदबाट तिन समरत शब्द र तिन द्वित्व शब्द खोजी विग्रह तथा द्वित्व वि?छेद गर्न लगाउने ।<br>घ) सन्धियुक्त उपसर्ग व्युत्पन्न प्रत्यय व्युत्पन्न, समस्त व्युत्पन्न र आंशिक तथा अपरिवर्तित द्वित्व व्युत्पन्न । शब्दहरू भएको अनुच्छेद दिई त्यसवाट सन्धियुक्त छ वटा शब्द पहिचान गरी सन्धि विच्छेद गर्न लगाउने । |
| ६ | शब्द रूपायन | रूपावली (संक्षिप्त) | २ | १ | ५ | क) पुलिङ्गी वा स्त्रीलिङ्गीकर्ता भएको परस्परमा अन्विति मिलेका पाँच वाक्यको अनुच्छेद दिई त्यसलाई लिङ्गगत आधारमा वाक्य द्वाचा परिवर्तन गर्न लगाउने ।<br>ख) एकवचन वा बहुवचनकर्ता भएको पाँच वाक्यको अनुच्छेद दिई वचनका आधारमा त्यसको वाक्य द्वाचा परिवर्तन गर्न लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ग) विभिन्न पुरुष र आदरार्थी कर्ता भएका पूाच वाक्यको अनुच्छेद दिई वाक्य दूाचा सहित पुरुष तथा आदर परिवर्तन गर्न लगाउने ।<br>घ) कुनै एक काल, पक्ष र भावसूाग सम्बन्धित क्रियापदयुक्त पूाच वाक्यको अनुच्छेद दिई वाक्य दूाचा परिवर्तन गर्न लगाउने । |
| ७ | वाक्य त?व (कारक, विभक्ति तथा पद सङ्गति) | पहिचानमूलक र रचनात्मक | २ | १ | ६ | क) सबै कारक र विभक्तिको प्रयोग भएको अनुच्छेदका १२ शब्दमा रेखाङ्कन गरी कारक पहिचान गर्न लगाउने ।<br>ख) छुट्टाछुट्टै कारक र विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै विषयको वर्णन भएको अनुच्छेद लेख्न लगाउने ।<br>ग) सङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) नमिलेका छ वटा वाक्यहरू भएको अनुच्छेद दिई सङ्गति मिलाउन लगाउने । |
| ८ | वाक्यान्तरण | पहिचानमूलक परिवर्तनात्मक वाक्यान्तरण संरचनात्मक, वाक्यान्तरण, वाच्य परिवर्तन, | ३ | २ | ८ | क) चारवटा जटिल (मिश्र तथा संयुक्त) वाक्य भएको अनुच्छेद दिई त्यसलाई आठ वटा सरल वाक्यमा आठ वटा सरल वाक्यको अनु?छेद दिई चार वटा जटिल वाक्यमा वाक्यान्तरण गर्न लगाउने ।<br>ख) कुनै एक वाक्य (कर्तृ, कर्म वा भाव) का आठ वाक्यको अनुच्छेद दिई अर्को वाक्यमा परिवर्तन गर्न लगाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ध्रुवीयता परिवर्तन, कथन परिवर्तन, वाक्य संशलेषण) | | | | ग) करण, अकरण गरी आठ वटा वाक्यहरू भएको अनुच्छेद दिई ध्रुवीयता (करण वा अकरण) मा परिवर्तन गर्न लगाउने ।<br>घ) प्रत्यक्ष वा अप्रत्यक्ष कथन भएका चार वटा वाक्य दिई कथन परिवर्तन गर्न लगाउने ।<br>ङ) चार वटा सरल वाक्यहरू भएको अनुच्छेद दिई एउटै वाक्यमा संश्लेषण गर्न लगाउने । |
| ९ | पठनबोध | बोधात्मक प्रश्न र शब्दार्थ (दृष्टाशं) | १ | १ | १० | पाठ्यपुस्तक भित्रकै बोध सामग्री–बाट २०० देखि २५० शब्द सम्मको गद्यांश दिई तथ्यपरक, निष्कर्षात्मक, अनुक्रमात्मक र सन्दर्भबोधक वस्तुगत चार वटा प्रश्न र शब्द/पदावलीगत अर्थ लेख्ने एक प्रश्न गरी पूाच प्रश्न सोध्ने । |
| १० | बुदा टिपोट वा संक्षेपीकरण वा व्यक्तिगत विवरण | बुदा टिपोट र संक्षेपण (सं.उ.) | १ | १ | ५ | दृष्टांश सामग्रीबाट १०० देखि १२५ शब्द सम्मको अनुच्छेद दिई पूाचवटा बुदा टिपोट गर्न लगाउने वा एक तृतीयांशमा संक्षेपीकरण गर्न लगाउने वा कुनै व्यक्तिको विवरण दिई निर्धारित ढूाचामा व्यक्तिगत विवरण लेख्न लगाउने । |
| ११ | व्यावहारिक लेखन | रचनात्मक | २ | १ | ५ | निवेदन, व्यावसायिक पत्र वा सम्पादकलाई चिठीमध्ये कुनै एक सोध्ने तथा सूचना र विज्ञापनमध्ये कुनै एक सोध्ने । |
| १२ | प्रतिवेदन लेखन वा | अभिव्यक्ति | २ | १ | ५ | निर्धारित ढूाचामा, समारोह स्थलगत भ्रमणमध्ये कुनै एक विषयमा १५० शब्दसम्मको एउटा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टिप्पणी लेखन | | | | | प्रतिवेदन लेख्न लगाउने अथवा कुनै एक विषयमा १५० शब्दसम्मको टिप्पणी लेख्न लगाउने । |
| १३ | निबन्ध लेखन | अभिव्यक्ति (निबन्धात्मक) | ३ | १ | १० | विभिन्न प्रकृति (वस्तुगत र आत्मगत दुवै) का तीन शीर्षक दिई ३०० शब्दसम्मको एउटा निबन्ध लेख्न लगाउने । |
| १४ | साहित्यिक रचनाको पठन (उपन्यास र नाटक) | पाठपरक समीक्षात्मक | २ | १ | १० | उपन्यास र नाटकबाट कुनै अंश दिई विषय वस्तु, मूल भाव, कथानक, पात्र, परिवेशका पाठगत सन्दर्भ पहिल्याई उत्तर लेख्न लगाउने । तर्क आदिमा आधारित पूाच पूाच ओटा प्रश्न सोधी उत्तर लेख्न लगाउने । |
| १५ | साहित्यिक रचनाको पठन (कविता, कथा र निबन्ध) | सन्दर्भपरक | ३ | २ | १० | कविता, कथा र निबन्धको कुनै उद्धरण वा पाठ दिई त्यसका आधारमा सन्दर्भ, विषयवस्तु, तर्क आदिमा आधारित पूाच पूाच ओटा प्रश्न सोधि उत्तर लेख्न लगाउने । |
| १६ | साहित्यिक रचनाको पठन | प्रतिक्रिया लेखन | २ | १ | ५ | क) कुनै पाठसूग सम्बन्धित प्रश्न दिई प्रतिक्रिया लेख्न लगाउने । |

(उ.मा.वि.शि.प. अन्तर्गत कक्षा ११ को अ. नेपाली विषयको निर्धारित पाठ्यपुस्तक सबैको नेपाली, २०६७ : साभा प्रकाशन)

## २.८ प्रश्नपत्रको परिचय

प्रश्नपत्र जिज्ञासा प्रकट गर्ने अभिव्यक्ति हो । जिज्ञासाको लागि मात्र प्रश्नपत्र निर्माण गरिएको हुँदैन । शिक्षण संस्थाले विद्यार्थीहरूको शैक्षिक गुणस्तर तथा योग्यता जाँच्न वा मापन गर्न तयार गरिएको साधनलाई प्रश्नपत्र भनिन्छ । नेपाली वृहत् शब्दकोश अनुसार –"कुनै पनि कुराको उत्सुकता मेट्नका लागि अथवा उचित जवाफ पाउनका लागि कसैलाई सोधिने शब्द वाक्य वा वाक्यलाई प्रश्नपत्र भनिन्छ" (ने. वृ. श. अधिकारी/भट्टराई, २०६६ : ६५९) ।

प्रश्नपत्रको अभिप्रायले के बताउँछ भने विद्यार्थीले निश्चित समयावधिभित्र के–कति सिकाइ उपलब्धि हासिल गर्न सके वा सकेनन् भनेर मापन गर्नु हो । विद्यार्थीको बौद्धिक स्तर, विषयगत क्षमता, ज्ञान, सीप र अभिवृतिको मापन लिखित, मौखिक र प्रयोगात्मक प्रकृतिका प्रश्नको प्रयोग गरेर गर्ने गरिन्छ ।

### २.८.१ प्रश्नपत्रको प्रकृति (बनोटको आधारमा)

प्रश्नपत्रलाई सोधाइको प्रकृतिको आधारमा मुख्य गरी दुई भागमा बाँड्न सकिन्छ :– विषयगत र वस्तुगत । विषयगत अर्न्तगत निबन्धात्मक प्रश्न र छोटो उत्तरात्मक प्रश्नहरू पर्दछन् भने वस्तुगत प्रश्न अन्तर्गत बहुवैकल्पिक, जोडामिलाउने, खाली ठाउँ भर्ने र ठीक–बेठीक छुट्टयाउने जस्ता प्रश्नहरू पर्दछन् ।

### २.८.२ विषयगत प्रश्न

परम्परादेखि चल्दै आएको र आजसम्म पनि लोकप्रिय रहेको प्रश्न मध्ये विषयगत प्रश्न पनि एक हो । विद्यार्थीहरूले आफ्ना मौलिक विचार र स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर उत्तर दिने प्रकारको प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । विषयगत प्रश्नबाट विद्यार्थीहरूको बौद्धिक क्षमताको मापन गरिन्छ ।

विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तुको ज्ञान कति छ भन्ने कुरा जाँच्न निर्माण गर्ने प्रश्न विषयगत प्रश्न हो । विषयगत प्रश्न, सीमित परीक्षण, समय र अङ्कभार मापनको जटिलताका कारणले थोरै प्रश्नहरू बन्ने भएकाले व्यापक विषयवस्तुलाई यसले ढाक्न नसक्ने, मुख्य–मुख्य कुरालाई मात्र मह?व दिने तथा मापनीय विश्वसनीयता प्राप्त गर्न नसकिने कमजोरीहरू यस प्रश्नमा पाइन्छन् (शर्मा एन्ड शर्मा, २०६६ : ४८) ।

विषयगत प्रश्न निम्न दुई प्रकारका हुन्छन् :–

(१) निबन्धात्मक प्रश्न

(२) छोटो उत्तरात्मक प्रश्न

२.७.२.१ निबन्धात्मक प्रश्न

विद्यार्थीहरूलाई कुनै विषयप्रति ज्ञान, विषयको अभिव्यक्ति, मौलिकता, विश्लेषण क्षमता, आलोचना, समालोचना आदिको मूल्याङ्कन गर्ने उद्देश्य राखेर लामो उत्तर आउन सक्ने गरी बनाइएका प्रश्नहरूलाई निबन्धात्मक प्रश्न भनिन्छ । विद्यार्थीले विस्तृत रूपमा मौलिक वि?ार र स्वतन्त्र अभिव्यक्तिको प्रयोग गरेर उत्तर दिने प्रश्न निबन्धात्मक प्रश्न अन्तर्गत पर्दछन् । निबन्धात्मक प्रश्नको उत्तर लामो हुने हुनाले यसलाई विस्तृत वा लामो उत्तर आउने प्रश्न पनि भनिन्छ । यस प्रश्नबाट विद्यार्थीहरूको भाषिक सीपको पनि जाँच गरिएको हुन्छ । यस प्रकारका प्रश्नले विषयवस्तुको केही भागलाई मात्र समेट्ने गर्दछ । यो प्रश्न तल्लो तहभन्दा माथिल्लो तहका विद्यार्थीहरूको विषयगत ज्ञान, भाषिक शैली जाँच गर्न प्रभावकारी हुने ठहर शिक्षाविद्हरूको रहेको छ । यस प्रश्नको उत्तर विद्यार्थीहरू स्वतन्त्र रूपमा तर फरक–फरक उत्तरहरू दिनुपर्दा उत्तरमा एकरूपता हुँदैन । यस प्रश्नको अङ्कनमा विश्वसनीयता र वैधता हुँदैन । यस्ता कमजोरीहरू हुँदाहुँदै पनि विद्यार्थीहरूको आलोचनात्मक क्षमता, मौलिकता, सिर्जनात्मकता, विवेकशक्ति, स्वतन्त्र अभिव्यक्ति दिने प्रश्नलाई निबन्धात्मक प्रश्न भनिन्छ (कोइराला/पोखरेल, २०६८ : ३९) ।

२.७.२.२. छोटो उत्तरात्मक प्रश्न

प्रश्नहरूको उत्तर छोटो, सरल र स्पष्ट तरिकाले लेख्नुपर्ने प्रश्नलाई छोटोउत्तरात्मक प्रश्न भनिन्छ । यो निबन्धात्मक र वस्तुगत प्रश्नका बीचको प्रश्न हो । यस प्रश्नको जवाफमा कतिपय कुराहरू निबन्धात्मक र कतिपय वस्तुगत प्रश्नसूग मिल्ने भएकोले यसका विशेषता त्यस्तै देखिन्छ । संक्षिप्त उत्तरात्मक प्रश्नले अनावश्यक रूपले गफ लेख्ने प्रवृतिलाई निरुत्साहित गर्दछ । यस प्रकारको प्रश्नले विषयवस्तुको अधिकतम भागलाई प्रतिनिधित्व गरेको हुन्छ । यस्तो प्रश्नहरू बनाउन सजिलो र सरल हुन्छ र उत्तरपुस्तिका पनि परीक्षण गर्न सरल नै हुन्छ । त्यसैले प्रश्नमा विश्वसनीयता र वस्तुनिष्ठता कायम रहेको हुन्छ । परीक्षणका साधनहरूमध्ये संक्षिप्त उत्तरात्मक प्रश्न पनि एक मुख्य साधन हो (शर्मा एन्ड शर्मा, २०६८ : ८२) ।

छोटो उत्तरात्मक प्रश्न त्यस्तो प्रश्न हो जसमा सोधिएका प्रश्नहरूका उत्तर परीक्षार्थीहरूले एक वाक्यदेखि लिएर तीन–चार वाक्यसम्म दिने गर्दछन् । यो प्रश्नको निर्माण छोटो उत्तर आउने गरी गरिएको हुन्छ । विद्यार्थीले यसको जवाफ अन्दाजको भरमा दिन सक्दैनन् । यस किसिमको प्रश्नमा वस्तुगत र निबन्धात्मक प्रश्नका राम्रा गुणहरू समेट्ने भएकाले वर्तमान समयमा संक्षिप्त उत्तरात्मक प्रश्नको मह?व बढदै गएको छ । खास गरेर संज्ञानात्मक क्षेत्र अन्तर्गतका ज्ञान तहको जानकारीहरूको लेखाजोखा गर्न यस प्रकारको प्रश्नलाई अत्यन्तै उपयोगी मानिन्छ । यसले विद्यार्थीहरूमा तथ्यगत उत्तर लेख्ने बानीमा विकास हुन्छ साथै अनावश्यक र अर्थहीन कुराहरू लेख्ने प्रवृति हराउँदै जान्छ । जुन विद्यार्थीहरूले विषयवस्तुहरूको बारेमा गहिरिएर ज्ञान हासिल गरेको हुन्छ यस्तो विद्यार्थीले यस प्रकारको प्रश्नको जवाफ राम्रोसूग लेख्ने गर्दछ । निबन्धात्मकको तुलनामा अङ्कनमा एक रूपता हुन्छ । त्यस्तै निबन्धात्मकको तुलनामा परीक्षण गर्न छिटो र सजिलो हुन्छ ।

भाषिक सीप र धारणाहरूको तथा भाषा ता?विक वा व्याकरणगत प्रयोग र पहिचान समेत एकीकृत परीक्षण गर्न सरल र सुगम हुने हुनाले यस्ता प्रश्नहरू अपेक्षाकृत उपयोगी र मह?वपूर्ण मान्निछन् (बस्नेत/पौडेल, २०६२ : २७ ) ।

२.७.३ वस्तुगत प्रश्न

विषयगत परीक्षा प्रणाली अन्तर्गत रहेको निबन्धात्मक र छोटोउत्तरात्मक परीक्षा प्रणालीको विस्तार पछि त्यसमा कतिपय दोषहरू देखा परेपछि ती दोषहरू हटाउन पश्चिमी मुलुकहरू वस्तुगत परीक्षा प्रणालीको सुरुआत गरे । प्रत्येक प्रश्न लामो हुन सक्ने भए पनि उत्तर छोटो र एउटै हुने भएकाले परीक्षण कार्यमा सरलता र एकरूपताको लागि वस्तुगत प्रणालीमा जोड दिएको देखिन्छ । यस प्रश्नका सङ्ख्या धेरै भएकाले यसले धेरै विषयवस्तुलाई समेटेको हुन्छ । खास गरी वस्तुगत परीक्षा एक दुई शब्दमा उत्तर दिन सकिने र सही उत्तर छनोट गर्ने प्रकृतिका हुन्छन् । विद्यार्थीका स्मृति परीक्षण गर्न तथा उपलब्धि परीक्षणमा समेत यो परीक्षण उपयोगी मानिन्छ (पराजुली र अन्य, २०६५ :) ।

एकपटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने विशेषता भएको, यस्ता प्रश्नहरू विशेषतः बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरण त?वको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् । अभिव्यक्ति सीप परीक्षणमा उपयोगी नभए पनि यस्ता प्रश्नहरू परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् । वस्तुगत प्रश्नहरू मुख्यतः निम्नानुसार छन् –

(१) बहुवैकल्पिक प्रश्न

(२) ठीक–बेठीक प्रश्न

(३) जोडा मिलाउने प्रश्न

(४) खाली ठाउँ भर्ने प्रश्न (कोइराला/पोखरेल, २०६८ : ३३) ।

२.७.३.१ बहुवैकल्पिक प्रश्न

एउटा प्रश्नका धेरैवटा विकल्प उत्तरहरू हुने जसमध्ये एउटा विकल्प मात्र सही हुने प्रकारको प्रश्नलाई बहुवैकल्पिक प्रश्न भनिन्छ । वस्तुगत प्रश्नहरूमध्ये सबभन्दा बढी

प्रचलनमा रहेको विश्वसनीयता र मह?वपूर्ण प्रश्न अन्तर्गत बहुवैकल्पिक प्रश्न पर्दछ । बहुवैकल्पिक प्रश्नमा कथनलाई प्रश्नको समस्याको रूपमा दिएको हुन्छ । जसलाई कथन पनि भनिन्छ । त्यस्तै गरी त्यसको चारवटा वैकल्पिक प्रतिक्रियाको रूपमा उत्तरहरू दिएका हुन्छन् । ती प्रतिक्रियाहरू मध्ये एउटा मात्र सही उत्तर हुन्छ त्यसलाई रेजा (✓) चि≈न लगाइन्छ । यस्तो प्रश्नलाई मिल्दो एक छान्ने प्रश्न पनि भनिन्छ ।

भाषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरू श्रुतिबोध र पठनबोध, व्याकरण त?व, वर्णविन्यास, शब्दार्थ, वाक्य गठन आदि कुराको धारणात्मक ज्ञानका लागि प्रयोगमा ल्याइन्छ । तल्लो कक्षामा यस्ता प्रश्न धेरै रूपमा प्रयोग गरिए पनि उच्च तहमा पनि यसलाई मह?व दिँदै प्रयोग गरेको पाइन्छ ।

२.७.३.२ ठीक–बेठीक प्रश्न

दिइएका भनाइहरू, वाक्यहरू एवम् तथ्यहरू सत्य–असत्य, ठीक बेठीक मध्ये कुन प्रकारका प्रश्नहरू हुन् भनी छुट्याउने खालका प्रश्नहरू ठीक बेठीक प्रश्नहरू हुन् । यो प्रश्नले सिकेका कुराहरू पहिचान गर्न तथा छिटो निर्णय गर्ने क्षमता अभिवृद्धि गर्नका लागि प्रयोगमा ल्याइन्छ । यो परीक्षणले विद्यार्थीको स्मरण क्षमतालाई पत्ता लगाउन सक्दैन । श्रुतिबोध, पठनबोध, वाक्यगठन शब्दमा प्रयोगको परीक्षणका लागि यस्ता प्रश्न उपयोग गरिन्छन् । परीक्षणीय दृष्टिले त्यति विश्वसनीय र उपयुक्त नहुने भए पनि प्रायः तल्लो तहमा यस्ता प्रश्नहरूको उपयोग गरेको पाइन्छ (शर्मा एन्ड शर्मा, २०६८ : ८५) ।

२.७.३.३ जोडा मिलाउने प्रश्न

जोडा मिलाउने प्रश्न पनि बहुवैकल्पिक प्रश्नको एउटा विशिष्ट रूप हो जसमा धेरै कुराहरू एउटै प्रश्नमा समेट्न सक्दछ । यस प्रश्नको तथ्यहरूलाई दुई भागमा विभाजन गरेर एक–अर्कासँग सम्बन्ध देखाउने कार्य गरिन्छ । कारण र परिणाम, वस्तु र पाइने स्थान, शब्द र परिभाषा, नाम र काम, समस्या र समाधान, चित्र र पहिचान, चि≈न र नाम, जन्तु र वर्गीकरण, कारण र असर, अङ्क र काम, क्षमता र मात्रा, तथ्य

र आशय, घटना र असर आदि कुराहरू समेटेर जोडा मिलाउने प्रश्न निर्माण गरिएको हुन्छ । यस्तो प्रश्नलाई पद मिलान प्रश्न पनि भनिन्छ । एकातिर प्रश्न वा समस्या दिइएको हुन्छ भने अर्कोतिर प्रतिक्रिया वा उत्तर दिइएको हुन्छ । साथै प्रतिउत्तर तिर समस्याभन्दा बढी कुराहरू समावेश गरेर निर्माण गरिएको हुन्छ । यस्तो प्रश्नको उत्तर चिनाउन धर्का तानेर देखाउने भएकोले यसलाई जोडा मिलाउने प्रश्न भनिएको हो । खासगरी पहिचानात्मक प्रकृतिका श्रुतिबोध र पठनबोध सम्बन्धी ज्ञान पक्षलाई परीक्षण गर्नमा प्रयोग गरिने यस्ता प्रश्नलाई तल्लो तहका कक्षाहरूमा बढी प्रयोग गर्ने गरिएको पाइन्छ ।

२.७.३.४ खाली ठाउँ भर्ने प्रश्न

विषयवस्तुका मुख्य–मुख्य शब्दहरू खाली राखी विद्यार्थीहरूलाई भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । विषयवस्तुमा भएका विभिन्न मितिहरू, नामहरू, शब्दहरू, ठाउँहरू विद्यार्थीहरूले जान्दछ कि जान्दैनन् भनी पत्ता लगाउन यस प्रकारका प्रश्नको प्रयोग गरिन्छ । यसका उत्तरहरू कतिपय ठाउँमा कोष्ठमा दिएर राखिएको वा सोधिएको हुन्छ भने कतिपय ठाउँमा विषयवस्तुमा राखिएको हुँदैन ।

खाली ठाउँ भर्ने प्रश्नमा सुरुतिर नै खाली ठाउँ राखेर प्रश्न निर्माण गर्नुलाई राम्रो मानिन्छ । विद्यार्थीहरूमा अनुमानको आधारमा प्रश्नको उत्तर दिने बानीहरू हटाउनको लागि यस प्रकारका प्रश्न निर्माण गरिएको हुन्छ । यस्तो किसिमको प्रश्नमा विद्यार्थीहरू आफ्नो मौलिक ज्ञानको आधारमा र त्यसै गरी पढेको आधारमा सोचे सम्झेर प्रश्नलाई पूर्ण बनाउने गर्दछन् । यस्ता प्रश्नहरू खुल्ला र वैकल्पिक प्रकृतिका हुने भएकाले तीन–चारवटा मिल्दाजुल्दा उत्तर राखिएको हुन्छ जसमध्ये एउटा ठीक हुन्छ जुन विद्यार्थीले छनोट गरेर प्रश्नको कथनलाई पूरा गर्नुपर्दछ । खाली ठाउँ भर्ने प्रश्नहरू वाक्यगठनमा वाक्यत?वहरूको सङ्गति मिलाउन र पदहरूको छनोट गर्न युक्ति परीक्षणको लागि यस प्रकारको प्रश्न प्रयोग गरिएको पाइन्छ (खनाल एन्ड खनाल, २०६२ : ७९) ।

### ३.८ प्रश्नहरूको सङ्गठन र निर्देशन

प्रश्न निर्माण गर्दा सम्पूर्ण प्रश्नहरूलाई सङ्गठित गरी प्रश्नको प्रकृति र परीक्षणको उद्देश्यलाई ध्यानमा राखेर समूह विभाजन गरी सरलदेखि जटिलताका क्रममा प्रश्नलाई राख्नु पर्दछ । खास गरी निबन्धात्मक, संक्षिप्त उत्तरात्मक, व्याख्यात्मक, रचना सम्बन्धी शब्दभण्डार, व्याकरण सम्बन्धी, बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने आदि प्रश्नहरूलाई सङ्गठित ढङ्गमा राख्नुपर्दछ ।

प्रश्नहरूको सङ्गठनात्मक कार्य सम्पन्न गरी सकेपछि प्रत्येक समूह र प्रकृतिका प्रश्नहरूको लागि सरल र स्पष्ट भाषामा सही निर्देशनहरू सुरुमा दिनु पर्दछ र अङ्क भार पनि उल्लेख गरिनु पर्दछ । प्रश्न तयार गर्दा निर्देशन नै अस्पष्ट भएमा विद्यार्थी अन्योलमा परी प्रश्नको आशयको आधारमा उत्तर आउन सक्दैन । त्यसैले प्रश्नपत्रको स्वरूप लगायत यसमा संलग्न त?वहरूको राम्रोसूग अध्ययन गरी विद्यार्थीको स्तर अनुसारको र उपयुक्त प्रकारका छपाई कार्य गरेर प्रश्न तयार गर्नुपर्दछ (पराजुली, २०६६ : १३३) ।

### ३.९ परीक्षण प्रशासन र अङ्कन विधि

परीक्षणका लागि त्यसका क्रमिक चरणहरूका साथै प्रशासन व्यवस्था र अङ्कन व्यवस्थाको पनि पूर्वतयारी गरिन्छ । परीक्षार्थी सङ्ख्या, परीक्षण स्थल, कोठा, फर्निचर वातावरण सुरक्षा आदि सम्पूर्ण कुराको पहिले नै अध्ययन गरी त्यस अनुसारका आवश्यक श्रोतसाधन, खर्च, कर्मचारी र भौतिक साधनहरूको पहिले नै व्यवस्था मिलाउनु पर्दछ । यसको सुसञ्चालन र व्यवस्थापनको विषय नै प्रशासन हो ।

परीक्षणको लागि योजना बनाउने क्रममा व्यवस्थित र वैज्ञानिक अङ्क मापनका लागि पहिले नै सचेत हुनु आवश्यक छ । अङ्क मापनमा विश्वसनीयता र वैधता होस् कुशल परीक्षकबाट उत्तरपुस्तिका परीक्षण होस् अङ्कन गर्ने व्यक्तिमा पूर्वाग्रहको सम्भावना होस् र अपेक्षित उद्देश्यहरू मापन हुन सकोस् भनेर अगाडि नै ध्यान पुर्‍याउनु आवश्यक

छ । अङ्कनका लागि आवश्यक शर्तहरू पूरा गरिनु पर्दछ । अङ्कन मापनका विधिहरूको चर्चा तल गरिएको छ :

२.९.१ सम्भावित उत्तरको स्वरूप तयार पार्ने

निबन्धात्मक प्रश्नको प्रकृति आफ्नै किसिमको हुने हुनाले उत्तरपुस्तिका परीक्षण गर्नु भन्दा अगाडि सम्भावित उत्तर आउने खाका तयार गरी अङ्कन गरेर परीक्षण गर्नुपर्दछ ।

२.९.२ श्रेणीकरण विधि

यसलाई वर्गीकरण विधि वा होलिस्टिक विधि पनि भनिन्छ । निबन्धात्मक प्रश्नको अङ्कन गर्नु भन्दा अगाडि अति राम्रो, राम्रो, मध्यम, साधारण र नराम्रो गरी श्रेणीकरण गरेर विद्यार्थीले दिएको उत्तर कुन श्रेणीमा पर्दछ त्यसै अनुसार परीक्षण गर्नुपर्दछ ।

२.९.३ शिक्षकहरूको समूहले अङ्कन गर्ने

यसमा एकजना विद्यार्थीले दिएको उत्तर कम्तिमा तीनजना शिक्षकको समूहले निरीक्षण गरी अङ्क प्रदान गर्नुपर्दछ । यस विधिमा शिक्षकहरूको समूहले प्रदान गरेको छुटाछुट्टै अङ्कलाई जोडी औसत निकालेर विद्यार्थीको सही प्राप्ताङ्क मानिन्छ ।

२.९.४ नातावाद कृपावाद र पूर्वाग्रह हटाउने

परीक्षकले विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण गर्ने समयमा चिनेकोलाई बढी अङ्क र कुनै कारणवश झैंझगडा भएको विद्यार्थीहरूलाई कम अङ्क दिने कार्य गर्नुहुँदैन । शिक्षक आग्रह वा पूर्वाग्रहबाट अलग रहेर न्यायको तराजुमा उभिएर उत्तरपुस्तिका परीक्षण गर्नुपर्दछ ।

२.९.५.सबै परीक्षार्थीहरूको कुनै एक प्रश्नको परीक्षण गरीसकेपछि अर्को प्रश्नको परीक्षण

विद्यार्थीको उत्तरपुस्तिका परीक्षण गर्दा पहिले कुनै एक नम्बरको प्रश्न परीक्षण गरी अङ्क थपेर मात्र अर्को नम्बरको प्रश्न परीक्षण गरेर अङ्क दिँदा परीक्षणमा एकरूपता कायम गर्न धेरै सजिलो हुनेहुँदा प्राप्ताङ्कमा पनि विश्वसनीयता कायम हुन जान्छ (पराजुली र अन्य, २०६५ : ३१) ।

२.९.६ विषयगत प्रश्नको अङ्क मापन

कक्षा र तहलाई ध्यानमा राखेर भाषिक परीक्षणका लागि सोधिने विषयगत प्रश्नहरू अभिव्यक्तिगत सीप जाँच्न सोधिने र खास विषयवस्तुको ज्ञान जाँच्न सोधिने प्रश्न गरी यसलाई दुई भागमा विभाजन गरिएको छ । भाषिक परीक्षणमा अभिव्यक्ति सीपलाई मह?व दिए तापनि व्याकरणात्मक धारणा, शब्दभण्डार र वर्णविन्याससँग सम्बन्धित ज्ञानलाई छोडेर अगाडि बढ्न सक्दैन तैपनि प्रश्नले भन्न खोजेको कुराको विश्लेषण गरेर आवश्यकतानुसार विभिन्न बुँदाहरूमा अङ्क विभाजन गरी ज्ञान पक्षलाई जोड दिई परीक्षण गर्नुलाई राम्रो मानिन्छ । उदाहरणका लागि :–

| | |
|---|---|
| यान्त्रिक पक्ष (किनारा छोडाइ, आकार प्रकार, हिज्जे) | २० |
| शब्द छनोट तथा प्रयोग | २० |
| व्याकरण | ३० |
| सङ्गठन | ३० |
| जम्मा | १00 |

माथिको तालिकामा ढङ्गढाँचा, शब्दप्रयोग, सीप र व्याकरण पक्षलाई विशेष जोड दिएको देखिन्छ । अभिव्यक्तिको प्रकृति हेरेर पनि अङ्क वितरणमा केही पनि समेट्दा अङ्कभारमा निम्नानुसार वितरण गर्न सकिन्छ :

| | |
|---|---|
| यान्त्रिक पक्ष | १० |
| विषयवस्तु | ३० |
| सङ्गठन र शिल्प | ३० |
| शब्द प्रयोग | १५ |
| व्याकरण | १५ |

(अधिकारी, २०६७ : १९९) ।

### २.१० प्रश्न विश्लेषणका आधार

त्रुटिपूर्ण प्रश्नहरूको निर्माणले भाषिक सीपको दुरुस्त परीक्षण गर्न सक्दैन भने शिक्षणसिकाइ कार्यलाई पनि सहयोग पुग्दैन (पौडेलः शिक्षाशास्त्र सौरभः १० : २८) । प्रश्न विश्लेषण प्रकृया भन्नाले लामो उत्तर आउने प्रश्नको भन्दा पनि छोटो उत्तर आउने प्रश्न वा वस्तुगत प्रश्नको विश्लेषण प्रक्रियालाई जनाउँछ । परीक्षणका लागि तयार पारिएका प्रश्नको कठिनाइ स्तर, कमीकमजोरीहरू पत्तालगाएर प्रयोगमा ल्याउने विधि नै प्रश्नविश्लेषण हो । प्रश्नविश्लेषणले कुन प्रश्न कठिन छ, कुन सरल छ, कुन प्रश्न हटाउने जस्ता कुराहरूको जानकारी दिने काम गर्दछ (खनाल, भट्टराई र अन्य, २०६५ : १४३) ।

प्रश्न निर्माण प्रक्रियामा सुधार गरी परीक्षणलाई पृष्ठपोषणमुखी र वैध एवम् विश्वसनीय बनाउन भाषिक प्रश्नमा हुनुपर्ने गुण र त्रुटि क्षेत्रको आधारमा २ (दुई) तरिकाले प्रश्न विश्लेषण गर्न सकिन्छ :

(क) तथ्याङ्कशास्त्रीय आधार

(ख) सैद्धान्तिक आधार

२.१०.१ तथ्याङ्कशास्त्रीय आधार

प्रश्न र उत्तरपत्रहरूको अध्ययन गरी गणितीय आधारबाट, विश्वसनीयता, वैधता तथा कठिनाइस्तरको लेखाजोखा गरेर उपयुक्तता पहिचान गरी निष्कर्ष निकाल्ने काम यस आधारमा गर्ने गरिन्छ । प्रयोग क्षेत्रसम्म जानुपर्ने, सीमित समय बढी खर्च र स्रोतका कमीका कारण यो आधारबाट विश्लेषण गर्न प्रायः एक्लो प्रयासबाट असम्भव नै हुन्छ । त्यसकारण विशेष किसिमका सामूहिक अनुसन्धान र संलग्नतामा मात्र यस्तो प्रकारको प्रश्न–विश्लेषण सम्भव हुनसक्दछ (वस्नेत, २०६२ : ३३/३४) ।

२.१०.२. सैद्धान्तिक आधार

प्रश्नको आन्तरिक र वा≈य आधारमा वैधता, विश्वसनीयता, उपयुक्तता, व्यावहारिकता जस्ता सम्पूर्ण पक्षलाई हेरेर प्रश्न–विश्लेषण गरी निष्कर्षमा पुग्छ । यस आधारबाट प्रश्न–विश्लेषण बढी व्यावहारिकता र उद्देश्यपूर्ण हुने भएकाले वैयक्तिक किसिमका अध्ययनमा यही आधारलाई अबलम्बन गरेको पाइन्छ ।

प्रश्नको सैद्धान्तिक विश्लेषण प्रश्नपत्रको उद्देश्य, प्रकार, निर्माण र प्रयोगसम्म पुग्दा प्रश्नपत्रहरूको व्यापकता र विश्वसनीयताले शैक्षिक प्रक्रियामा ठूलो मह?व राख्दछ । हाम्रो जस्तो देशमा परीक्षामुखी शिक्षा प्रणालीमा मूल्याङ्कनका साधनहरू कम प्रयोग भइरहेको अवस्थामा प्रश्नपत्रले सकेसम्म विद्यार्थीहरूको समग्र पक्ष हेर्न सक्ने क्षमता राख्नुपर्दछ । सैद्धान्तिक आधारमा निम्न दुई विधि अपनाएर प्रश्न–विश्लेषण गर्न सकिन्छ :

(क) बा≈य र (ख) आन्तरिक आधार

२.१०.२.१ बा≈य आधार

प्रश्नको बा≈य आधार भन्नु नै प्रश्नका स्वरूप वा त्यसको आकार प्रकार हो । बा≈य आधार भन्नाले प्रश्नहरूको सम्पूर्ण स्वरूपगत औपचारिक वैधता र उपयुक्तताका

दृष्टिले निर्वाह गर्नुपर्ने आवश्यक सिद्धान्त र व्यवहारका कुराहरू भन्ने बुझिन्छ (पौडेलः शिक्षाशास्त्र सौरभ, २०५८ : २०) । प्रश्नपत्रको बाह्य आकृति स्पष्ट, स्वच्छ, आकर्षक एवम् स्तरयुक्त हुनुपर्छ । प्रश्नपत्रको बाह्य आधार आकर्षक र स्तरयुक्त भएन भने आन्तरिक परीक्षामा समेत नराम्रो असर परी परीक्षण नै अवैध हुने सम्भावना रहन्छ ।

बाह्य आधारमा प्रश्नपत्र निर्माण गर्दा निम्न कुराहरूमा ध्यान दिनुपर्दछ :

(१) निर्देशन : यस अन्तर्गत शीर्ष निर्देशन, प्रश्न निर्देशन, समय निर्देशन, पृष्ठ निर्देशन, अङ्क निर्देशन आदि पर्दछ ।

(२) अङ्क विभाजन र समय निर्धारण

(३) प्रस्तुति अनुक्रम

(४) प्रश्नपत्रको स्वरुप

(५) भाषा

२.१०.२.२ आन्तरिक आधार

कुनै पनि प्रश्न तथा प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई असर गरे पनि बाह्य स्वरूप नै औपचारिक तत्व हो भने आन्तरिक वैधता प्रश्नपत्रको अनिवार्य तत्व हो । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारित, सीमाङ्कन एवम् वास्तविक उद्देश्य हासिल गराउन मार्ग निर्देशन गर्दछ । प्रश्नपत्रको आन्तरिक बनावटले कुनै पनि प्रश्नको उद्देश्यपरकता, प्रतिक्रियागत प्रभावकारिता, स्तरयुक्तता तथा विषयक उपयुक्तता जस्ता कुराहरूको लेखाजोखा गरी निक्यौंल गर्न सकिन्छ (पौडेलः शिक्षाशास्त्र सौरभ २०५८ : ३३) ।

भाषिक प्रश्नविश्लेषणको केन्द्रीय तह आन्तरिक वैधताका दृष्टिले प्रश्नहरूको अध्ययन गरी उपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त प्रश्नहरूको निर्माण गर्नु हो । आन्तरिक आधारमा प्रश्न विश्लेषण गर्दा निम्न आधारहरू चाहिन्छ :

(१) पाठ्यक्रम अनुरूपता

(२) भाषिक पक्षहरूको संयोजन र सन्तुलन

(३) प्रश्नपत्रमा हुनुपर्ने गुण

(४) प्रश्नका विविध पक्ष

(५) भाषा

माथिका आधारहरूमा विभिन्न उपआधारहरू समेत खडा गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । आन्तरिक दृष्टिले सर्वाधिक मह?वपूर्ण पक्ष भनेको प्रश्नमा हुनुपर्ने गुण हो । अतः प्रश्न पत्रमा हुनुपर्ने वैधता, विश्वसनीयता, व्यावहारिकता जस्ता विविध पक्षहरू के–कस्ता रहेका छन्, प्रश्नले पाठ्यक्रमको व्यापकतालाई सही ढङ्गले पछ्याउन सकेका छन्, छैनन् र गुणयुक्त प्रश्नहरूको निर्माण भएको छ कि छैन भन्ने कुराको गहिरो अध्ययन र विश्लेषण यसमा हुन्छ । आन्तरिक आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा उपयुक्त र गुणयुक्त प्रश्नहरूको निर्माण गरी परीक्षणमा उपयोग गर्ने सुझाव प्राप्त हुने अपेक्षा गरिएको हुन्छ ।

# अध्याय – तीन

## बा≈य आधारमा प्रश्न विश्लेषण

प्रश्नपत्रको औपचारिक र बा≈य स्वरूप नै प्रश्नपत्र विश्लेषणको बा≈य आधार हो । जसरी कालाकारले एक मूर्ति बनाउने क्रममा कुनै कुराको गल्ती वा थपघट गरिदिनाले मूर्ति वेरूप तथा विकृत बन्दछ र मूर्ति को रूपमा औच पैदा हुन्छ ठीक त्यसरी नै प्रश्नपत्रको बा≈य पक्षको स–सानो लापरबाहिले गम्भिर असर पार्दछ त्यसकारण प्रश्नपत्रको स्वरूपगत हिसाबमा प्रश्नपत्र उपयुक्त किसिमको हुनुपर्छ भन्ने कुरामा दुई मत देखिूदैन (पौडेल, २०५१ : ३७) ।

प्रस्तुत अध्यायमा २०६८ सालका अनिवार्य नेपाली तथा ऐच्छिक नेपाली कक्षा ११ का प्रश्नको सम्पूर्ण आकृतिको वैधता बारे अध्ययन गरिएको छ । प्रश्नपत्रमा आकृतिगत वैधताको अध्ययनका लागि निम्न आधारहरू यस प्रकारका छन् :

(क) निर्देशन (ख) अङ्क विभाजन र समय निर्धारण (ग) प्रस्तुति अनुक्रम

(घ) प्रश्नपत्रको स्वरूप (ङ) भाषा

प्रश्नपत्रको बा≈य आकृति स्वच्छ, स्पष्ट, आकर्षक एवम् स्तरयुक्त भएन भने आन्तरिक पक्ष तथा अपेक्षाहरूमा समेत नकारात्मक असर परी परीक्षण निरर्थक वा अवैध हुन सक्छ । प्रश्नका बा≈य पक्षको असमझ र हेलचेक्रयाइले प्रश्नको भनाइमा फरक पर्न गई आशय, मह?व, सीमा जस्ता मह?वपूर्ण कुराहरू बङ्ग्याउन वा अल्मल्याउन सक्छ । यस अध्यायमा उल्लेखित आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ( वस्नेत, २०६२ : ३७) ।

### ३.१ निर्देशन

निर्देशनले कुनै पनि प्रश्नको उत्तर के, कसरी, कति दिने भन्ने कुराको आशय, प्रक्रिया तथा सीमालाई स्पष्ट पारेको हुन्छ । विद्यार्थीहरू परीक्षामा प्रश्नपत्रको निर्देशन अनुसार निर्देशित भई हरेक प्रश्नको जवाफ दिने वा लेख्ने गर्दछन् । त्यसकारण शीर्ष निर्देशन देखि लिएर हरेक प्रकृति र समूहको प्रश्नका लागि उपयुक्त निर्देशन हुनु अनिवार्य देखिन्छ ।

निर्देशन अस्पष्ट, अशुद्ध, महत्वाकाङ्क्षी, दोहोरो अर्थ लाग्ने खालको जटिल भयो भने प्रश्न तथा परीक्षणीय उद्देश्यहरू निरर्थक हुन जान्छ । त्यसैले निर्देशनमा सरलता, स्पष्टता, शुद्ध भाषा र वस्तुगतता जस्ता विशेषताहरू हुनु आवश्यक छ । साथै प्रश्नमा सङ्केत, निर्देशक चि≈न, पृष्ठ निर्देशन, अङ्क निर्देशन, विकल्प निर्देशनले प्रश्नलाई स्पष्ट, आकर्षक र सोद्देश्यपूर्ण बनाउने भूमिका खेल्ने भएकोले यस्ता कुराहरूमा ध्यान दिनु मह?वपूर्ण देखिन्छ । अर्कोतिर आवश्यकता भन्दा बढी शब्द र वाक्यहरू राख्नाले प्रश्नको स्तर, उद्देश्य, वस्तुगततामा फरकपना आउन सक्छ । तसर्थ प्रश्नमा निर्देशनको मह?वपूर्ण भूमिका हुन्छ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा निम्नानुसारको स्थिति देखा पर्छ ।

### ३.१.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्षभागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्षनिर्देशन हो । समय, सीमा र प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गर्नु पर्दछ । प्राथमिक, निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहका शीर्ष निर्देशन फरक–फरक हुन सक्छ तर उच्च माध्यमिक तहको सबै विषयको प्रश्नका शीर्ष निर्देशन एउटै किसिमको रहेको छ ।

शीर्ष निर्देशन दिइएको प्रश्न निम्नानुसारका छन् :

अनिवार्य नेपाली : (कक्षा–११)

विद्यार्थीहरू सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

ऐच्छिक नेपाली : (कक्षा–११)

विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

बाल विकास र सिकाइ (कक्षा–१२)

विद्यार्थीहले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

अनिवार्य नेपाली : (कक्षा–१०)

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै मौलिक शैलीमा सिर्जनात्मक उत्तर दिने गर्नुपर्दछ ।

शीर्ष निर्देशनको लागि उच्च माध्यमिक तहको विभिन्न विषयका प्रश्नपत्र हेर्दा सबैको एउटै शीर्ष निर्देशन रहेको भेटियो । एस. एल. सी. २०६७ सालको नेपाली प्रश्नमा उच्च माध्यमिक तह भन्दा केही फरक देखिन्छ । २०६६ सालको ऐच्छिक नेपालीको प्रश्न हेर्दा पनि उस्तै शीर्ष निर्देशन रहेको देखियो ।

३.१.२ प्रश्न निर्देशन

प्रश्नमा शीर्षनिर्देशन पछि प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । त्यसैले प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक त?व हो । एउटा प्रश्न भित्र विभिन्न उपप्रश्नहरू रहने स्थितिमा त झन् निर्देशन अझ आवश्यक हुन्छ । निर्देशनविनाको प्रश्न

अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण र अवैध समेत हुन सक्छ र यसको साथै भाषिक शुद्धतामा ध्यान पुऱ्याउनु आवश्यक छ (पौडेल, २०५१ : ४४) ।

माथिको दृष्टिकोणले प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा निम्न लिखित अवस्था देखिन्छ :

१. कुनै दुई प्रश्नको संक्षिप्त उत्तर दिनुहोस् ।

क. ..................

ख. ..................

ग. ..................

२. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् ।

क.

ख.

३. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

(क)

(ख)

४. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् ।

क. ..............

ख. ..............

५. तलको अनुच्छेदबाट छ ओटा उपसर्ग व्युत्पन्न शब्द र छ ओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस्ः

....................................................................

....................................................................

(६) शुद्ध गरी पुनर्लेखन गर्नुहोस् ।

....................................................................

....................................................................

(७) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।

....................................................................

....................................................................

प्रश्नपत्रमा प्रत्येक प्रश्नमा कतिवटा उपप्रश्नको उत्तर दिने भन्ने बारे प्रश्न निर्देशनले प्रष्ट पार्ने काम गर्दछ कि दिइएका प्रश्नहरू मध्ये एउटाको मात्र उत्तर लेख्ने कि दुईटाको वा सबैको उत्तर लेख्ने । यसैको आधारमा नमुना प्रश्नहरू सङ्कलन गरी हेर्दा सन्तोषजनक स्थिति भेटियो तर पाठयांश र प्रश्न निर्माण कार्यमा तालमेल देखिँदैन । पाठयांश शिक्षणको समय १५० घण्टा गरिए अनुरूप विद्यार्थीलाई शिक्षण गरी लक्षित उद्देश्य प्राप्त गर्न सक्षम तुल्याउन समय नपुग देखिन्छ त्यस्तै माध्यमिक तहका विद्यार्थीले भाषा र साहित्य सम्बन्धी पाठ्यवस्तु अध्ययन गर्दै नगरी एकै चोटी जटिल पाठ्यवस्तु साहित्य सिद्धान्त, रस, छन्द, अलंकार, भाषा परिवार र भाषिक आदि थपी बोझिलो बन्न पुगेको देखिन्छ । तर जे जस्तो भए पनि प्रश्नहरूको विकल्प दिइएको हुँदा विद्यार्थीले उत्तर दिन सक्षम नै भएको पाइन्छ ।

### ३.१.३ विकल्प निर्देशन

भाषा र साहित्य विषयका प्रश्न निर्माण गर्दा विकल्प छनोट गर्ने गरी व्यवस्था मिलाउनु आफैँमा राम्रो मानिदैन तर पनि विद्यार्थीहरूलाई सरल र सहज होस् भन्ने हेतुले

विकल्प सहितका प्रश्नहरू बनाउने प्रचलनमा अझ सम्म छूदैछ । विकल्प निर्देशनलाई प्रष्ट पार्न प्रश्नपत्रमा वा, अथवा भनी पहिलो प्रश्नको अन्त्यपछि दोश्रो पङ्क्ति स्पष्टसूग देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने व्यवस्था मिलाउनु पर्दछ । अर्को थरीको विकल्पमा अङ्क अथवा अक्षरमा पनि दिने चलन भएकोले यसमा एकरूपता कायम हुनु पर्ने आवश्यकता देखिन्छ (पौडेल, २०५१: ४०) ।

उक्त आधारमा हेर्दा प्रतिनिधि प्रश्नपत्रहरूमा निम्नानुसारको व्यवस्था देखियो :

(१) अनिवार्य नेपाली : प्रश्न नम्बर १२ मा अथवा भनेर अक्षर विकल्पको प्रयोग गरेको पाइयो ।

३.१.४. पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषा सम्बन्धी प्रश्नहरू लामा हुने भएकाले एउटै पानामा नअटाउन पनि सक्छ जसको लागि एक भन्दा बढी पाना प्रयोग गर्नुपर्दछ । अर्को पृष्ठमा पनि प्रश्न छ भनी जानकारी दिनको लागि र प्रश्न समाप्त भएको पनि जानकारी दिने भनेको पृष्ठ निर्देशन हो जसले विद्यार्थी र परीक्षक अलमलिने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमशः, कृ. प. उ., अर्को पट्टी १, २, ३, जस्ता सङ्केतले जनाउने चलन छ । पृष्ठ जनाउँदा शीरोभागमा अङ्क र अन्त्य भागमा अन्य सङ्केतहरू लेख्ने चलन देखिन्छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको, प्रश्नको केही भाग अर्को पानामा भएको छ कि भन्ने कुराको अग्रीम जानकारी लिन र प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ–निर्देशन अनिवार्य र मह?वपूर्ण देखिन्छ ।

उक्त आधारमा सङ्कलित प्रतिनिधि प्रश्नको स्थिति निम्नानुसारको देखिन्छ :–

कक्षा ११ का ऐ. नेपालीको प्रश्नमा क्रमशः अङ्ग्रेजीमा पेज नं. र समापनमा ...0 सङ्केत दिइएको देखिन्छ ।

कक्षा ११ का अ. नेपालीको प्रश्नमा क्रमशः अङ्ग्रेजीमा पेज नं. र समाप्तीमा ...0 सङ्केत दिइएको देखिन्छ ।

कक्षा १0 को एस. एल. सी. को नेपाली प्रश्नमा पनि पृष्ठ–निर्देशनमा पेज न. अङ्ग्रेजीमा र क्रमशः तथा समाप्तीमा ...✡ ✡ ✡ षट्कोणको सङ्केत रहेको देखिन्छ ।

यसरी हेर्दा कक्षा ११ का अ. नेपालीको प्रश्न र ऐ. नेपालीको प्रश्नको पृष्ठ निर्देशन उस्ताउस्तै देखिन्छ । तर एस. एल. सी. का प्रश्नको पृष्ठ–निर्देशन समान भए पनि समाप्तीमा फरक सङ्केत देखा पर्दछ । अनिवार्य प्रश्नमा पेज नं.५ सम्म र ऐ. मा २ त्यस्तै एस. एल . सी. को प्रश्नमा पनि पेज नं.५ छ ।

### ३.१.५ समय निर्देशन

कुनै पनि परिक्षाको लागि प्रश्नपत्र निर्माण गर्नुपर्दछ । परीक्षा कति समयमा परीक्षार्थीलाई दिन लगाउने त्यसको स्पष्ट निर्देशनको रूपमा प्रश्नपत्रको शीर्ष भागमा नै समयको स्पष्ट किटान गरिएको हुन्छ । परीक्षा विभिन्न प्रकृतिका हुन्छन् जसमध्ये विषयगत र वस्तुगत प्रश्नहरूमा पनि बेग्लाबेग्लै समयको निर्देशन दिइएको हुन्छ । समयको निर्देशनले तोकिएको समय सीमालाई ध्यानमा राखेर प्रश्नको उत्तर परीक्षार्थीलाई दिन लगाउने एउटा आधारको रूपमा समयको निर्देशनलाई लिइएको हुन्छ ।

उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा–११ को लागि अ. नेपालीमा विषयगत परीक्षाका प्रश्नपत्रहरूमा ३ घण्टाको समय तोकिएर परीक्षा लिने गरेको पाइन्छ । त्यस्तै ऐ. नेपालीमा पनि ३ घण्टाको समय तोकिएर परीक्षा लिने गरेको पाइन्छ । एस. एल. सी. का नेपाली विषयको प्रश्नपत्रमा पनि ३ घण्टाको समय तोकिएको पाइयो ।

### ३.१.६ अङ्क निर्देशन

प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्रको शीर्ष भागमा बायाँ तिर समय दिइएको हुन्छ भने दायाँ तिर प्रश्नपत्रको कूल पूर्णाङ्क र उत्तीर्णाङ्क हुन्छ । त्यसैगरी विषयगत प्रश्नमा निबन्धात्मक र छोटो उत्तरात्मक कति–कतिवटा प्रश्नहरूको जवाफ दिनुपर्ने हुन्छ त्यसको आधारमा अङ्कहरूको निर्धारण गरिएको हुन्छ । परीक्षार्थीले यस अङ्कको आधारमा कुनै पनि प्रश्नको उत्तरहरू कति लामो वा छोटो दिने हो भन्ने कुरा अङ्कको निर्देशनबाट प्रष्ट रूपले बुझेको हुन्छ । त्यसैले अङ्क निर्देशनलाई प्रश्नपत्रको अनिवार्य त?वको रूपमा लिइएको हुन्छ । प्रश्नपत्रमा प्रश्नको भारलाई प्रश्न सङ्ख्याले गुणन गरेर कूल अङ्क स्पष्ट हुने गरी राख्ने भएकोले जुनसुकै परीक्षार्थीले अन्योलमा नपरेर प्रश्नको स्पष्ट जवाफ दिने गर्दछ (वस्नेत र अन्य, २०६२ :४३ ) ।

### ३.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारण नगरिएको प्रश्नपत्र कुनै पनि रूपमा वैध र विश्वसनीय हुन सक्दैन । अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बा≈य वैधतामा असर त पर्दछ नै यसको साथसाथै आन्तरिक वैधताबाट पनि विमुख हुन्छन् । यसको खास कारण अङ्क र समयको सन्तुलनले उत्तर दिएको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्षरूपले प्रभावित पार्न सक्दछ जसबाट प्राप्त गर्न खोजेको उपलब्धि स्तर र सीप प्रदर्शन गर्नबाट बञ्चित तुल्याउन सक्छ । प्रश्नपत्रको प्रकृति, कठिनाइस्तर, उत्तरको आकार आदि जस्ता आधारहरूमा अङ्क र समय निर्धारण गरिएको हुन्छ । विवेचनात्मक र सृजनात्मक लेखनकलासँग समबन्धित उत्तरको लागि बढी समय लाग्ने भएकोले यस्ता प्रकारका प्रश्नको लागि बढी अङ्क राख्नुपर्दछ । कम लेख्नु पर्ने र वस्तुगत प्रकृतिका प्रश्नको उत्तरको लागि कम अङ्क र समय निर्धारण गर्नुलाई उत्तम मानिन्छ ।

#### ३.२.१ पूर्णाङ्क र त्यसको वितरण

पूर्णाङ्क भनेको प्रश्नपत्रको दायाँ भागको सबभन्दा माथि लेखिएको सम्पूर्ण प्रश्नहरूको एकमुष्ट अङ्क हो । प्रश्नपत्रमा रहेको सम्पूर्ण प्रश्नहरूलाई यथोचित रूपमा अङ्क वितरण गरी पूर्णाङ्क भनेर प्रश्नपत्रको शीर्ष भागमा लेखिएको हुन्छ । यसरी प्रश्नपत्रको विपरित अङ्क र पूर्णाङ्कको तालमेल मिलेको हुनुपर्दछ । पूर्णाङ्क वितरण भएन भने परीक्षार्थीहरू कम सीप लगाउनुपर्नेमा बढी मेहनत गर्ने कसरतमा लाग्न सक्छ जसले गर्दा परीक्षण नै निरर्थक हुन जान्छ त्यसकारण प्रश्नपत्रमा यो विषय उपयुक्त किसिमले वितरण गरिनु नितान्त आवश्यक छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा ऐ. नेपाली र अ. नेपालीका रहेको छ भने त्यसको पूर्णाङ्क वितरणमा एकरूपता देखिँदैन । यहाँ तल दुईवटै विषयको प्रश्नपत्रको अङ्क वितरण देखाइएको छ ।

<u>ऐच्छिक नेपाली</u>

| प्रश्न नं. | अङ्कभार |
|---|---|
| १ | १० |
| २ | १० |
| ३ | १० |
| ४ | १० |
| ५ | १० |
| ६ | १० |
| ७ | १० |

| | |
|---|---|
| ८ | १० |
| ९ | १० |
| १० | १० |

जम्मा अङ्क १००

<u>अनिवार्य नेपाली</u>

| प्रश्न नं. | अङ्कभार |
|---|---|
| १ | ५ |
| २ | ५ |
| ३ | ३ |
| ४ | २ |
| ५ | ६ |

| | |
|---|---|
| ६ | ५ |
| ७ | ६ |
| ८ | ८ |
| ९ | १० |
| १० | ५ |
| ११ | ५ |
| १२ | ५ |
| १३ | १० |
| १४ | १० |
| १५ | १० |
| १६ | ५ |

जम्मा अङ्क १००

### ३.२.२ उत्तीर्णाङ्क

प्रश्नपत्रहरूमा पूर्णाङ्क अनुसार सफलताको लागि न्यूनतम अङ्क जुन दिइएको हुन्छ त्यसलाई उत्तीर्णाङ्क भनिन्छ । पूर्णाङ्क तल प्रश्नपत्रको शीर्ष भागमा उत्तीर्णाङ्क लेखिएको हुन्छ । उत्तीर्णाङ्कको लेखनले परीक्षार्थीलाई सचेत बनाउनुका साथै परीक्षकलाई पनि सजग भएर उत्तरपुस्तिका परीक्षण गर्न मदत पुऱ्याउछ । यस आधारमा नमुना प्रश्नपत्रहरूको उत्तीर्णाङ्क व्यवस्था ऐ. नेपाली र अ. नेपालीको पूर्णाङ्क १०० को छ भने उत्तीर्णाङ्क दुवैको ३५, ३५ छ । यसरी दुवै विषयको पूर्णाङ्क र उत्तीर्णाङ्क एक समान देखिन्छ (वस्नेत, २०६२ : ४६) ।

### ३.२.३ पढाइ सीप र अङ्क विभाजन

भाषाको अध्ययन गर्नु नै भाषिक सीपको विकास गर्नु हो । भाषाका चारवटा सीपहरू हुन्छन् सुनाइ, बोलाइ, पढाइ र लेखाइ । बोलाइ र लेखाइ अभिव्यक्ति सीप अन्तर्गत पर्दछन् भने सुनाइ र पढाइ ग्रहण सीप अन्तर्गत पर्दछन् । भाषिक मूल्याङ्कन गर्नु भनेको नै यिनै चार सीपको मूल्याङ्कन गर्नु हो (शर्मा र पौडेल, २०६० : २१७) ।

तल्लो तहका कक्षाहरूमा सुनाइ र बोलाइ सीपको विकासमा जोड दिइएको हुन्छ । जबसम्म सुनाइ र बोलाइ सीपको विकास हुदैन तबसम्म पढाइ र लेखाइ सीपको विकास असम्भव हुन्छ । पढाइ सीपको परीक्षण बोध, सारांश, व्याख्या, निबन्ध, चिठ्ठी, विज्ञापन, व्याकरण, शब्दभण्डार, कथांश, कवितांश, अनुच्छेद, गद्यांश, निबन्धांश आदिको माध्यमले गरिन्छ ।

### ३.१.४ लेखाइ सीप र अङ्क विभाजन

लेखाइ सीप ग्रहण पक्षसूग सम्बन्धित छ । लिखित रचनाका लागि प्रतिवेदन, चिठ्ठी, निबन्ध, मनोवाद, व्याख्या, विश्लेषण, शुद्ध गरी पुनर्लेखन, टिप्पणी लेखन, सप्रसङ्ग व्याख्या, साहित्य लेखरचनाबाट लेखाइ सीपको परीक्षण गर्ने गरिन्छ । ऐ. नेपाली कक्षा ११ का सम्पूर्ण प्रश्नको उत्तर लेखनकला सीप विकासका लागि नै दिएको देखिन्छ । यस विषयमा उपन्यास, शब्दशक्ति, निबन्धकारक विशेषता, अन्तर्द्वन्द्व, मनोविज्ञान, कथाको मुख्य सन्देश जस्ता लेखन कार्य गर्न दिएको देखिन्छ ।

### ३.१.५. शब्दभण्डार र अङ्क विभाजन

विद्यार्थीहरूको शब्दभण्डारमा वृद्धि गर्न सानै कक्षा देखि साधारण व्याकरण पठनपाठन गर्ने कार्य गरिन्छ । उनीहरूको शब्दभण्डार वृद्धि गर्न पर्यायवाची, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, विपरीतार्थक शब्दहरू दिएर प्रश्नपत्र निर्माण गरिन्छ भने माथिल्लो तहमा प्राविधिक, परिभाषिक, अनुकरणात्मक, अनुच्छेदको शीर्षक चयन शब्दार्थ, व्याकरणात्मक शब्दहरू प्रयोग गरिएको देखिन्छ ।

### ३.१.६ व्याकरण र अङ्क विभाजन

शरीरमा नसाको मह?व भएझैं भाषामा पनि व्याकरणको मह?व उत्तिकै छ । उच्च शिक्षाको प्रारम्भिक कथामा सैद्वान्तिक भन्दा प्रायोगिक रूपमा व्याकरण शिक्षणको प्रयोग र परीक्षण गरिन्छ । अ. नेपालीमा ४० पूर्णाङ्कको व्याकरण खण्ड रहेको हुन्छ । यस नेपालीको हरेक पाठमा अनिवार्य रूपमा व्याकरण अभ्यासमा दिएकै हुन्छ तर ऐच्छिक नेपालीमा व्याकरण राखिएको छैन त्यसमा साहित्य सम्बन्धी मात्र वर्णन गरिएको हुन्छ ।

| वर्ण विन्यास र अक्षर | शुद्ध गर्न | पदवर्ग | तत्सम र आगन्तुक शब्दको पहिचान | शब्द निर्माण | वाक्यको संगति/काल | वचन विभक्ति | वाक्यको पहिचान/वाच्य परिवर्तिन |
|---|---|---|---|---|---|---|---|
| १<br><br>(५) | २<br><br>(५) | ३<br><br>(३) | ४<br><br>(२) | ५<br><br>(६) | ६<br><br>(५) | ७<br><br>(६) | ८<br><br>(८) |

यसरी माथिको तालिकामा कोष्ठ भित्रको अङ्कले प्रश्न भार र कोष्ठ बाहिरको अङ्कले प्रश्न सङ्ख्या जनाउदछ ।

### ३.२.७ समय निर्धारण

प्रश्न पत्रको निर्माण गर्दा कुन प्रश्नमा कति समय लगाएर उत्तर लेख्ने अथवा प्रश्नको प्रकृति कठिनाइ स्तर, लेखन गतिका आधारमा समय निर्धारण गर्नुपर्दछ । कूल पूर्णाङ्कलाई उपयुक्त ढङ्गले प्रति प्रश्न वितरण गर्ने गरिन्छ र त्यसै आधारमा समय विभाजनलाई पनि बु‰ने गरिन्छ (वस्नेत, ५०) । यसरी नमुना प्रश्नपत्रलाई हेर्दा अ. नेपाली र ऐ. नेपाली दुवैमा ३ घण्टाको समय निर्धारण गरिएको छ ।

## ३.३ प्रस्तुति अनुक्रम

परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको ख्वाइक्रम नै प्रस्तुति अनुक्रम हो । प्रश्नहरू विषयगत र वस्तुगत गरी दुई प्रकृतिका हुन्छन् ती सरल, मध्यम र जटिल पनि हुनसक्छ त्यसकारण सरलदेखि जटिल वा उल्टो कुन तरिकाले प्रस्तुत गर्ने भन्ने विषयमा

सरलदेखि जटिलताको क्रम उपयुक्त सिद्ध भएको छ । प्रश्नपत्रको अनुक्रम मिलाइएन भने विद्यार्थी र परीक्षक दुवैका लागि झन्झटिलो र जटिल बन्न पुग्छ । त्यसकारण प्रश्नहरूलाई समूहगत रूपमा छुटाछुटै प्रस्तुत गर्दा अङ्क विभाजनमा सहज र विद्यार्थी पनि निराश नहुने अवस्था आउँछ ।

प्रश्न पत्रहरूमा भएको प्रश्नलाई समूहमा क्रमबद्ध गर्दा सबभन्दा पहिलो समूहमा वस्तुगत, त्यसपछि संक्षिप्त उत्तरात्मक, अनि निबन्धात्मक प्रश्न रखाइको क्रमलाई उपयुक्त मानिन्छ ।

नमुना प्रश्नको अध्ययन गर्दा यसमा वस्तुगत प्रश्नको प्रयोग हुने गरेको पाइदैन र अ. नेपालीको प्रश्नपत्रमा समूहगत रूपमा क्रम मिलाएर प्रश्न राखेको देखिएन भने ऐ. नेपालीको प्रश्नपत्रमा प्रश्नलाई समूह क, ख गरी ङ सम्म विभाजन गरेको देखियो । अ. नेपालीको सुरुमा व्याकरण–खण्ड, अनुच्छेद, वनभोज कार्यक्रमका नमुना, निवेदन, प्रतिवेदन, निबन्ध, गद्यांश, कवितांश, कथांश र अन्त्यमा बाहुलाकाजीको सपना नाटकका आधारमा आ&नो प्रतिक्रिया दिने गरी प्रश्नपत्र निर्माण गरेको देखिन्छ (शर्मा एन्ड शर्मा, २०६६ : ८४) ।

### ३.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूप भनेको नै प्रश्नपत्रको आकार–प्रकार हो जस अन्तर्गत शीर्ष भाग, आकार, प्रश्नसङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइसम्बन्धी जस्ता कुराहरू पर्दछन् । प्रयोगका लागि तयार गरिएका प्रश्नपत्रहरू स्वरूपका दृष्टिले उपयुक्त किसिमको हुनु आवश्यक देखिन्छ (वस्नेत, २०६२ : ५३) ।

#### ३.४.१ शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा जुन संस्थाबाट प्रश्नपत्र निर्माण गरिएको हो त्यसको नाम लेखिएको हुन्छ र उ. मा. वि. तहमा विषयका कोड नम्बर पनि उल्लेख गरिएको हुन्छ । यसैको आधारमा नमुना प्रश्नपत्र हेर्दा

(क) अ. ने. वि. कोड. ००३

एच.एस.इ.वि. र ग्रेड–११ अङ्ग्रेजीमा लेखेको छ । २०६८ (२०११)

(ख) ऐ. ने. वि. कोड. १३२

एच.एस.इ.वि. र ग्रेड–११ अङ्ग्रेजीमा लेखेको छ ।

२०६८ (२०११)

संस्थाको नाम अङ्ग्रेजीमा र मिति अङ्ग्रेजीमा नलेखेर नेपालीमा नै लेखेको भए अझ राम्रो हुने थियो किनभने यो नेपाली विषयको प्रश्न पत्र हो ।

### ३.४.२ आकार

आकार भनेको प्रश्नपत्रको साइज कस्तो छ लामो, छोटो मध्यम जस्ता कुरालाई जनाउँछ । प्रश्नपत्र यतिकै नापमा, आकारमा हुनुपर्छ भन्ने कुराको सैद्धान्तिक आधार नभए पनि धेरै छोटो, धेरै लामो, मोटो र अनुपयुक्त किसिमले सजेको हुनु राम्रो पनि मानिदैन र हेर्दा पनि आकर्षक देखिँदैन । प्रश्नपत्रको प्रकृति, उद्देश्य, समय र प्रश्नसङ्ख्याको आकारले भूमिका खेल्ने भएकोले मध्यम स्तरीय हुनु राम्रो मानिन्छ । नमुना प्रश्नपत्र हेर्दा मध्यम स्तरीय नै देखिन्छ (शर्मा एन्ड शर्मा, २०६६ : ८०) ।

### ३.४.३ प्रश्न सङ्ख्या

प्रश्नपत्रको निर्माण विशिष्टीकरण तालिका अनुसार निर्माण गर्नु पर्ने भएकोले पाठ्यक्रम विकास केन्द्रले तयार गरेको नमुना प्रश्नपत्रको ढाँचामा प्रश्न निर्माण गर्नुपर्ने

हुन्छ । नमुना प्रश्नपत्र पनि विशिष्टीकरण तालिका र पा. वि. केन्द्रले तयार गरेको नमुनामा नै प्रश्नपत्र निर्माण भएको पाइयो (शर्मा एन्ड शर्मा, २०६६ : ८१) ।

### ३.४.४ प्रश्न र पृष्ठ

प्रश्नपत्रका स्वरूपगत दृष्टिले एउटै पृष्ठमा प्रश्नहरू राख्नुलाई राम्रो मानिन्छ जसले गर्दा विद्यार्थीहरू झुक्किने र अलमलिने सम्भावना कम रहन्छ । एउटा प्रश्नको निर्देशन यदि अर्को पानामा भयो भने विद्यार्थी अलमलमा पर्न सक्छ र प्रश्नको तालमेल बु‰नलाई एउटै पानालाई बारम्बार पल्टाइरहनुपर्ने हुन्छ । यसरी हेर्दा नमुना प्रश्नको अ. नेपाली विषयको प्रश्न जम्मा ५ पृष्ठमा छन् जसको प्रश्न न. ५, ८, १0 र १४ को निर्देशनलाई बु‰न विद्यार्थीले बारम्बार पल्टाइ हेर्ने अवस्था देखिन्छ ।

### ३.४.५ कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभावित गर्ने गर्दछ । कहिलेकाहूि प्रश्नपत्रमै उत्तर लेख्नु पर्ने अवस्था आउूछ त्यस्तो अवस्थामा त झन् स्तरीय कागज हुनुपर्दछ । कागज रङ्गीन वा सादा जुनसुकै भए पनि अक्षरलाई बढी आकर्षित र सुन्दर बनाउने रङ्गको प्रयोग गर्नु पर्दछ । नमुना प्रश्नपत्र हेर्दा अ. नेपालीमा सेतो रङ्गको र ऐ. नेपालीमा रातो रङ्गको कागजमा कालो अक्षर प्रष्ट देखिने भएकोले उपयुक्त नै छ ।

### ३.४.६ सफाइ र छपाइ

प्रश्नपत्र छापने कागज यदि स्तरीय छ भने छपाइ कार्य कागजको दुवैपट्टि गर्न सकिन्छ तर स्तरयुक्त छैन भने मसी अर्कोपट्टि छापिने हुनाले प्रश्नपत्र भद्दा र राम्रो मानिदैन र प्रश्नपत्र पनि हेर्नमा स्पष्ट र सफा देखिूदैन । यसरी नमुना प्रश्नपत्र हेर्दा सफाइ र छपाइ दुवैमा उपयुक्त किसिमको छ ।

## ३.५ भाषा

भाषा प्रश्नको सबभन्दा मह?वपूर्ण पक्ष हो । भाषामा यदि कुनै अक्षर छुट्यो वा बढी भयो, चि≈न छुट्यो भने अर्थको अनर्थ हुने र उत्तरमा समेत गल्ती हुने सम्भावना रहन्छ । त्यसकारण चि≈न प्रयोग र लोप, वर्ण वा अक्षर लोप, वर्णविन्यास, पदयोग र वियोग लोप, सङ्गति आदि सम्बन्धी त्रुटिहरू प्रश्नपत्रको भाषामा पाइन्छ । नमुना प्रश्नको अध्ययन गर्दा अ. नेपालीमा कुनै त्रुटि भेटिएन भने ऐ. नेपालीको समूह ...कू को प्रश्न न.४ मा एउटा अक्षर वा वर्ण सम्बन्धी त्रुटि भेटियो जुन यस प्रकारका रहेका छन् :

४. सप्रसङ्ग व्यारव्या गर्नुहोस् :

अहो π मानिसहरू आ&नो तीव्र इच्छामा अरुको सम्मतिलाई कसरी जबरजस्ती तान्छन् ।

यसरी बा≈य आधारमा प्रश्नपत्रको आकार त्यसमा पनि भाषा विषयका प्रश्नपत्र निर्माण गर्दा स्वरूपदेखि लिएर वर्णविन्यास समेतलाई गहन रूपले अध्ययन गरी प्रयोग गर्नुपर्दछ । प्रश्नपत्रको भाषामा कुनै पनि कारणले कमीकमजोरी रह्यो भने अपेक्षित उत्तरमा समेत असर पर्ने हुदा भाषाका प्रश्नपत्र निर्माताले संवेदनशील भएर सफा, स्वच्छ र त्रुटिरहित किसिमका प्रश्नपत्र निमार्ण गर्नुपर्ने हुन्छ र यस्ता प्रश्नले मात्र परीक्षणीय उद्देश्य प्राप्त हुन सक्छ ।

## अध्याय – चार

## आन्तरिक आधारमा प्रश्नपत्रको विश्लेषण

आन्तरिक वैधताले नै प्रश्नपत्रको वास्तविक स्वरूपलाई निर्धारण गर्दछ हुन त कतिपय अवस्थामा बाॅय स्वरूपले पनि आन्तरिक स्वरूपलाई प्रभावित गर्ने गर्दछ तर बाॅय वैधतालाई प्रश्नपत्रको औपचारिक त?वको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनावटले परीक्षणको दिशा निर्धारित गरी सीमाङ्कन र मूल्याङ्कनको उद्देश्य प्राप्त गराउन समेत मार्ग निर्देशन गर्दछ । त्यसकारण कुनै पनि प्रश्नको उद्देश्यपरकता, प्रभावकारिता, स्तरयुक्तता, प्रक्रियागतता तथा विषयगत उपयुक्तताको मापन प्रश्नपत्रको आन्तरिक बनावटमा भर पर्दछ (पौडेल र शर्मा, २०६० : ३६) ।

### ४.१ पाठ्क्रम अनुरूपता

पाठ्यक्रम अनुरूपताका आधारमा विषयवस्तुको उद्देश्य र प्रश्न, विषयवस्तुको सीमा र प्रश्न, विधा र विधाको अङ्कभार र प्रश्न सन्तुलन तथा विषयवस्तुका विधागत समय र प्रश्न सापेक्षता कुराहरूलाई ख्याल गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने हुन्छ । यहा ती आधारहरूलाई अवलम्बन गरी प्रश्नले पाठ्यक्रमका उद्देश्य, सीमा र मर्मलाई सम्बोधन गर्नु पर्ने आधार राखेर नमुना प्रश्नहरूको उपयुक्तताको विश्लेषण गर्न प्रयास गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले उच्च मा. वि. तहका लागि उल्लिखित पाठ्यक्रममा रहेका उद्देश्यानुसार प्रश्नको नमुना तथा विशिष्टीकरण तालिकाका निर्माण गरी प.नि. कार्यालयलाई प्रदान गरिएको छ । यसलाई समेत आधार बनाएर पाठ्यक्रम अनुरूपताका आधारमा नमुना प्रश्नपत्रको अध्ययन गरिएको छ ।

#### ४.१.१ विषयवस्तुको उद्देश्य र प्रश्न

उच्च मा. वि. तहमा नेपाली भाषा पाठ्यक्रमले भाषा सम्बन्धी आधारभूत क्षमताको विकास गर्नका लागि, पढाइ र लेखाइ क्षमताको विकासका लागि आवश्यक

पाठ्यपुस्तकहरू समावेश गरिएको छ । भाषाको प्रयोगलाई शुद्ध तथा परिष्कृत गर्न व्याकरण खण्ड, रचनाको पठन र आस्वादनका लागि बोध र अभिव्यक्तिलाई अन्तर सम्बन्धित गराई पाठ्यवस्तुहरू राखिएका छन् । त्यस्तै ऐ. नेपालीको पाठ्यक्रममा नेपाली गद्य साहित्य, भाषा र साहित्य तर्फ विद्यार्थीलाई अभिमुख गराउन यस्ता विषयवस्तु समावेश गरिएका छन् । कथा, उपन्यास र निबन्ध जस्ता विधाहरूको उद्देश्य लेखन सीपमा विकास गराउनुको साथै नेपाली कथा, उपन्यास र निबन्ध जस्ता विद्यार्थीहरूको उद्देश्य लेखन सीपमा विकास गराउनुको साथै नेपाली कथा उपन्यास र निबन्धका विकासक्रम तथा रचनाकारहरूको सामान्य परिचय तर्फ उन्मुख गराउन खोजेको देखिन्छ । अ. नेपालीमा ज्ञान विज्ञानका क्षेत्रमा प्रयुक्त गद्यांश र अनुच्छेदहरू पढी उत्तर दिने, विभिन्न पाठ तथा रचनाहरूको विषयवस्तु, भाव, पात्र, परिवेश र भाषा शैलीको आधारमा अध्ययन, लेखन सम्बन्धी अभिव्यक्ति क्षमता विकासका लागि निबन्ध, प्रतिवेदन विधाहरू समावेश गरेका छन् (पाठ्यक्रम वि. के., २०६१) ।

प्रत्येक विधाका आ–आ&नै उद्देश्य हुने हुनाले विधाहरूको अपेक्षानुसारको उद्देश्य र उपलब्धि परीक्षण गर्ने किसिमले प्रश्नहरूको निर्माण गर्नु पर्दछ । अन्यथा ती प्रश्नहरू आन्तरिक रूपले वैधताविहीन हुनसक्छ जसले गर्दा परीक्षण नै निरर्थक हुन जान्छ ।

नमुना प्रश्नपत्रहरूको अध्ययन गर्दा पाठ्यक्रमले तोकेका उद्देश्यानुसार प्रत्येक विधाबाट प्रश्नहरू निर्माण गरेको देखियो । त्यस्तै ऐ. नेपालीमा पनि पाठ्यक्रमका उद्देश्यानुसार विशिष्टीकरण तालिका निर्माण गरी प्रश्नपत्र तयार गरेको पाइयो ।

### ४.१.२ विषयवस्तुको सीमा र प्रश्न वा विधा

पाठ्यक्रमले विधा वा विषयवस्तुको सीमा के–कति निर्धारण गरेको छ त्यसै सीमाभित्र रहेर प्रश्नपत्र निर्माण गर्नु पर्ने हुन्छ । पाठ्यक्रममा दिइएको उद्देश्य भन्दा न्यून वा नदिएको भन्दा बढी विषय क्षेत्रबाट प्रश्न निर्माण गरिनु हुँदैन । भाषिक प्रश्न निर्माण

गर्दा न्यून व्याप्ति र अति व्याप्तिको दोषबाट मुक्त रहेर विधाका अपेक्षा र सीमानुसार गर्नु पर्दछ (वस्नेत, २०६२ : ६१) ।

नमुना प्रश्नपत्रहरू हेर्दा प्रश्न निर्माणमा पाठ्यक्रमलाई आधार बनाएको देखिन्छ । ऐ. नेपाली र अ. नेपाली दुवै विषयका प्रश्नपत्रहरू पाठ्यक्रमका उद्देशयानुसार र विषयवस्तुको सीमा भित्र रहेर निमार्ण गरेको देखियो । उच्च तथा राष्ट्रिय स्तरका प्रश्नपत्र भएकोले यसमा धेरै सतर्कता अपनाएको देखिन्छ ।

### ४.१.३ विधाको अङ्कभार र प्रश्न सन्तुलन

प्रश्नपत्रमा भएका प्रश्नहरू पाठ्यक्रमका विधा वा विषयवस्तुका निर्धारित अङ्कभारलाई आधार बनाएर सोही अनुसार प्रश्नको सन्तुलन मिलाउनु पर्दछ । यसैको आधारमा नमुना प्रश्नहरू हेर्दा अ. नेपाली तर्फ व्याकरणीय प्रश्नको अङ्कभार ४0, बोध र अभिव्यक्ति खण्डको प्रश्नको अङ्कभार ३५ र कृति समिक्षा खण्डको प्रश्नको अङ्कभार २५ रहेको देखियो । त्यस्तै ऐ. नेपालीमा खण्ड (क) मा नेपाली कथाबाट ३0 अङ्कभार प्रश्न खण्ड (ख) मा नेपाली उपन्यासबाट २0 अङ्कभारको प्रश्न खण्ड (ग) मा नेपाली निबन्धबाट २0 अङ्कभारको प्रश्न खण्ड (घ) मा नेपाली भाषाबाट २0 अङ्कभारको प्रश्न खण्ड (ङ) मा साहित्य परिचयबाट १0 अङ्कभार जम्मा १00 पूर्णाङ्क अङ्कभारको प्रश्न निर्माण भएको देखिन्छ ।

### ४.१.४ विधागत समय र प्रश्न सापेक्षता

पाठ्यक्रमले हरेक विषयवस्तुमा भएको विधाहरूको लागि पाठ्यभार तोकिएको हुन्छ । कुन पाठ्यवस्तुमा कति समय लगाएर अध्यापन गर्ने त्यसको लागि एउटा निश्चित समय तोकिदिएको हुन्छ । प्रश्न निर्माण गर्दा त्यो पाठ्यभारलाई ध्यानमा राखेर प्रश्न निर्माण गर्नुपर्दछ । प्रत्येक पाठका लागि यदि पाठ्यभार तोकिएन भने कुन पाठमा कति समय र कुन पाठमा कति समय लगाएर पढाउने भन्ने कुरामा स्पष्ट भएन भने

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य पूरा हुँदैन र त्यसरी निर्माण गरेको प्रश्नपत्र पनि अवैध हुन जान्छ ।

नमुना प्रश्नपत्रहरूको अध्ययन गर्दा लगभग सम्पूर्ण विधालाई समेटी प्रश्न पत्र निर्माण गरेको पाइयो । अ. नेपालीमा जम्मा १९ वटा पाठ रहेका छन् भने ऐ. नेपालीमा ३३ वटा पाठ रहेका छन् । अ. नेपालीको प्रश्नपत्रमा जम्मा १६ वटा प्रश्न रहेका छन् भने ऐ. नेपाली को प्रश्नपत्रमा जम्मा १५ वटा प्रश्न रहेका छन् । सकभर प्रत्येक पाठलाई समेट्ने गरी प्रश्न निर्माण गरेका छन् । प्रश्नहरू प्रायः दुई प्रकृतिका हुन्छन् विषयगत र वस्तुगत । प्रमाण पत्र तहमा खास गरी विषयगत प्रकृतिका प्रश्नहरू मात्र दिने गरेका छन् ।

उ.मा. शिक्षा परिषद्को पाठ्यक्रमका अनुसार विद्यार्थीको चार वटै सीप विकासका लागि प्रत्येक विधामा बोध अभिव्यक्ति र व्याकरण शिक्षण दिएको देखिन्छ । शब्दभण्डार, भाषिक क्षमता अभिवृद्धि, भाषिक शुद्धताका लागि व्याकरण शिक्षण, साहित्य तथा सिर्जनात्मकता सीपका लागि कथा उपन्यास जस्ता पाठ्यवस्तुहरू दिएको पाइन्छ ।

### ४.३ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

पाठ्यक्रम अनुरूपता पछिको यो दोस्रो मह?वपूर्ण चरण हो । खास गरी प्रश्न निर्माण गर्दा भाषा विषयका सम्पूर्ण पक्षहरूको संयोजन र सन्तुलन मिलेन भने भाषा विषयको मूल्याङ्कन नै निरर्थक हुन गई पाठ्यक्रमले पूरा गर्न चाहेको उद्देश्य पनि अधुरो रहन जान्छ । प्रश्न निर्माण कर्त्तामा नेपाली भाषाका सम्पूर्ण पक्षहरूको ज्ञान हुनु नितान्त आवश्यक छ । भाषामा व्याकरण, कथा, कविता, निबन्ध, लेखरचना र शब्दभण्डार जस्ता सम्पूर्ण पक्षहरूलाई समेटेर विशिष्टीकरण तालिका अनुसार सन्तुलन मिलाई प्रश्न निर्माण गर्नुपर्दछ ।

नमुना प्रश्नपत्रको अध्ययन गर्दा अ. नेपालीमा जम्मा १६ वटा प्रश्नहरू छन् भने ऐ. नेपालीमा १५ वटा प्रश्नहरू दिएका छन् जसमध्ये अनिवार्य तर्फ सम्पूर्ण प्रश्नको उत्तर लेख्नुपर्ने देखिन्छ भने ऐच्छिकतर्फ १० वटाको मात्र उत्तर लेख्नुपर्ने देखिन्छ ।

४.३. प्रश्नपत्रमा हुनुपर्ने गुणहरू

पाठ्यक्रमको उद्देश्यानुसार विद्यार्थीको शैक्षिक उपलब्धि थाहा पाउने साधन प्रश्नपत्र हो । उद्देश्यको वर्गीकरण अनुसार प्रश्न ज्ञान, बोध, प्रयोग विश्लेषण, संश्लेषण र मूल्याङ्कन तहसूग सम्बन्धित हुने भएकोले यसले विद्यार्थीको विभिन्न क्षमताको जूाच गर्छन् । उपयुक्त र वास्तविक प्रश्नले मात्र विद्यार्थीको सही मूल्याङ्कन गर्न सक्ने भएकोले असल प्रशनपत्रमा हुनु पर्ने गुणहरू निम्नानुसार रहेको देखिन्छ :

(क) शैक्षिक उद्देश्यसूग प्रत्यक्ष रूपले सरोकार राख्ने

शैक्षिक उद्देश्य पूरा गर्नको लागि नै परीक्षाका प्रश्नपत्र निर्माण हुने भएकोले विशिष्टीकरण तालिका बनाएर प्रश्न निर्माण गरेमा उद्देश्यसूग सम्बन्धित प्रश्नहरू छनोट गर्नु पर्दछ ।

(ख) वास्तविक र व्यावहारिक

व्यावहारिक, उपयोगी र वास्तविक समस्यासूग सम्बन्धित प्रश्नले मात्र शैक्षणिक उद्देश्यको सही मूल्याङ्कन गर्न सक्ने भएकोले शैक्षणिक उद्देश्यहरू वास्तविक र व्यावहारिक हुनुको साथै काल्पनिक र अव्यावहारिक किसिमको प्रश्न हुनु हुूदैन ।

(ग) मह?वपूर्ण र उपयोगी

प्रश्नहरू निर्माण गर्दा विषयगत रूपले मह?वपूर्ण र व्यवहारमा प्रयोग हुनसक्ने उपयोगी खालका छनोट गर्नु पर्दछ ।

(घ) पूर्ण र सङ्क्षिप्त

प्रश्नपत्रले भन्न खोजेको कुरा स्पष्ट र सङ्क्षिप्त किसिमको हुनुपर्दछ ।

(ङ) निश्चित र स्पष्ट

प्रश्नले दिन खोजेको उत्तर निश्चित र स्पष्ट रूपमा लेख्न सकिने गरी प्रश्न निर्माण गर्नुपर्दछ (शर्मा एन्ड शर्मा, २०६६ : ८६) ।

यी माथिका सबै गुण भएका प्रश्नपत्रलाई असल र स्तरीय प्रश्न भनिन्छ । यस्ता प्रश्नले मात्र विद्यार्थीको शैक्षिक उपलब्धि मूल्याङ्कन गर्न सक्छ । प्रश्नपत्र मात्रै असल र राम्रो भएर पुग्दैन त्यसको लागि परीक्षण पनि असल हुनुपर्दछ । असल परीक्षणका आवश्यक गुणहरू यसप्रकारका छन् :

४.३.१ विश्वसनीयता

परीक्षण कार्यमा नभई नहुने गुण विश्वसनीयता हो यसको कारणले गर्दा नै परीक्षण कार्यमा एकरूपतालाई बोध गर्ने हुनाले प्रमाणिकता सम्भव हुने गर्दछ साथै विश्वसनीयता आस्था र विश्वासमा निर्भर रहने कुरा हो । विश्वसनीयता परीक्षणको त्यो गुण हो जसको कारणबाट परीक्षा पूर्ण विश्वस्त हुन्छ । विश्वसनीयता भन्नाले कुनै त्यस्तो गुण वा विशेषता हो जसलाई पटकपटक मापन गर्दा हरेक पटक उस्तै प्रकारको परिणाम प्राप्त हुन्छ (श्रेष्ठ र अन्य, २०६६ : १९६) । एल. जे. क्रोनव्याकका अनुसार – "मापन प्रक्रियाको क्रम भरि सङ्गति हुनु विश्वसनीयता हो ।" जेम्स एस. रोसका अनुसार –"विश्वसनीयताको अर्थ सङ्गति (एकरूपता) हो ।"

४.३.२ वैधता

मूल्याङ्कनमा हुनुपर्ने गुण मध्ये वैधता पनि एक हो । वैधता त्यो तथ्यको मापन गर्दछ, जसको मापनको निमित्त परीक्षणको निर्माण गरिएको हुन्छ । वैधता एउटा विशेष किसिमको गुण हो । कुनै पनि परीक्षण निश्चित उद्देश्य, विषय, अवस्था जस्ता विशेष परिवेशमा वैध हुन्छ । कुनै पनि परीक्षणको मापन कति उपयोगी, प्रभावकारी, उपयुक्त,

सान्दर्भिक र मान्य छन् त्यसलाई नै वैधता भनिन्छ । लेन्डीकेस्टको भनाईमा –"मापन गर्नुपर्ने कुराको कति सुक्ष्मसूग मापन गर्न सकियो भन्ने कुरा नै वैधता हो ।"

एच. ए. इडगार्टन :– "परीक्षा, जुन उद्देश्यको लागि निर्माण गरिएको हो, सो उद्देश्यको लागि उक्त परीक्षा कति मात्रामा उपयोगी भयो भन्ने कुरा वैधताले जनाउँछ ।" वैधता तीन किसिमका हुन्छन् :

(क) विषयगत वैधता

(ख) आधार सम्बन्धि वैधता

(ग) रचना वैधता

### ४.३.३ वस्तुनिष्ठता

व्यक्ति–व्यक्तिबीच समान विचार हुनु नै वस्तुनिष्ठता हो । वस्तुनिष्ठताको विशेषता परीक्षणको प्राप्ताङ्कमा परीक्षकको रूचिसूग सम्बन्धित हुन्छ । विषयगत प्रश्नमा भन्दा वस्तुगत प्रश्नमा वस्तुनिष्ठता बढी रहेको हुन्छ (श्रेष्ठ र रंजितकार, २०६४ : ३३१) ।

### ४.३.४ उपयोगीता/व्यावहारिकता

विद्यार्थीको उपलब्धि मापन गर्ने साधनहरू व्यावहारिक भएन भने पाठ्यक्रमका उद्देश्य उपयोगी हुन सक्दैनन् । व्यावहारिकता भएका प्रश्नपत्रहरू प्रयोग गरी गरिएको मूल्याङ्कन उपयोगी मानिन्छ । उपयोगी भनेको जुन तहका विद्यार्थीका लागि जस्तो किसिमको उद्देश्य राखिएको छ त्यस उद्देश्यानुसार उनीहरूको व्यवहारमा परिवर्तन देखापर्नु, पृष्ठपोषणका आधारमा आफू भित्र भएको कमीकमजोरीहरू सुधार गर्नु हो । मूल्याङ्कन जहिले पनि उपयोगी र व्यावहारिक हुनुपर्दछ (शर्मा एन्ड शर्मा, २०६६ : १४८) ।

### ४.३.५ निरन्तरता

विषयगत रूपमा कक्षा शिक्षणमा लगातार वा क्रमिक रूपमा मूल्याङ्कन गर्नुलाई निरन्तरता भनिन्छ । कक्षा शिक्षणमा एकपटक मात्र मूल्याङ्कन गरेर विद्यार्थीको उपलब्धिको वास्तविक मूल्याङ्कन गर्न कठिनाइ हुने भएकोले निरन्तर रूपमा मूल्याङ्कन गरिरहनुपर्दछ ।

### ४.३.६ व्यापकता

पाठ्यक्रममा समावेश भएका बढी भन्दा बढी विषयहरूलाई मूल्याङ्कनमा समेट्नुलाई व्यापकता भनिन्छ । शैक्षणिक मूल्याङ्कनका लागि प्रश्नपत्र निर्माण गर्दा विषयगत र वस्तुगत प्रश्नहरू निर्माण गर्नुपर्दछ । विषयगत प्रश्नहरूलाई लामो उत्तरात्मक र छोटो उत्तरात्मक गरी दुई प्रकारका हुन्छन् जसमध्ये लामो उत्तरात्मक प्रश्नले विषयवस्तुको सम्पूर्ण भागलाई ओगट्न नसक्ने भएकोले यसले मूल्याङ्कनको व्यापकतालाई अँगाल्न सक्दैन तर छोटो उत्तरात्मक प्रश्नले विषयवस्तुको धेरै भागहरूलाई समेटेको हुनाले यसले व्यापकतालाई ओगटेको हुन्छ । त्यसै गरी वस्तुगत प्रश्नहरू अन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठीक–बेठीक र बहुवैकल्पिक प्रश्न पर्दछन् । यी मध्ये बहुवैकल्पिक प्रश्नले मूल्याङ्कनको व्यापकतालाई ओगटेको हुन्छ । यसमा पाठ्यक्रमका सम्पूर्ण अंशहरू समेटिएकोले प्रश्नमा विश्वसनीयता र वैधता कायम रहेको हुन्छ (शर्मा एन्ड शर्मा, २०६६ : १४७) ।

### ४.३.७ विभेदकारिता

प्रश्नपत्रमा प्रश्नलाई विभेद गर्न सक्ने गुण हुनुको साथै एक अर्कासँग अन्तरसम्बन्धित पनि हुनुपर्दछ । एउटै कक्षामा विभिन्न किसिमका व्यक्तिक गुण भएका

विद्यार्थीहरू हुने भएकोले परीक्षाका प्रश्नहरूले पनि उच्च, मध्यम र मन्द बुद्धि भएका विद्यार्थीहरूको स्थान निर्धारण गर्न सक्ने क्षमता राख्नु पर्दछ । प्रश्नपत्रमा बढी विश्वसनीयता र वैधताको गुण भएमा मात्र विभेदकारिताको गुण सृजित हुन्छ (पौडेल र शर्मा, २०६० : ७९) ।

४.४ भाषा

प्रश्नका आन्तरिक गुणलाई प्रभावित पार्ने प्रमुख तत्व भाषा हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरलता र जटिलताले प्रश्न प्रभावित हुन्छ । भाषाको अर्थघातक प्रयोगलाई आन्तरिक दृष्टिले हेर्ने गरिन्छ । प्रश्न सोधाइको घुमाउरोपन, जटिल शब्द र वाक्यसंयोजन, वर्णविन्यासका त्रुटिले ल्याएका अर्थभिन्नता, चिह्न प्रयोगका दृष्टिले गरेका गलत सूचना तथा सङ्गतिगत अशुद्धताले देखाएका हचुवापन आदिलाई आन्तरिक वैधताका दृष्टिले केलाएर हेर्न सकिन्छ ।

यसरी भाषिक प्रश्न निर्माण गर्दा स–साना त्रुटिले पनि अर्थको अनर्थ बनाइदिने हुनाले शुद्ध भाषा, वर्णविन्यास र चिह्नको उचित प्रयोग गरी प्रश्नपत्र निर्माण गर्नुपर्दछ । त्यसैले प्रश्नपत्रको तयारीको अन्तिम चरणमा भाषाशैलीको प्रयोग के–कस्तो छ ? प्रश्नको भनाइलाई समेट्न सकेको छ कि छैन भनी हेरेर मात्र प्रयोगमा ल्याउने गरेको पाइए तापनि कुनै–कुनै ठाउँमा त्रुटि सम्बन्धी वा अक्षर र वर्ण सम्बन्धी गल्तीहरू देख्न सकिन्छ । नमुना प्रश्नपत्र उ.मा.वि. (+२) अन्तर्गतको भएकोले खासै गल्ती देखिएन ।

# अध्याय – पाँच

## २०६८ सालमा सोधिएका अ. नेपाली र ऐ. नेपाली विषयका प्रश्नको विश्लेषण

परीक्षा गुणात्मक हुनु भनेको शैक्षिक मूल्याङ्कन स्तरीय, विश्वसनीय र वैध हुनु हो जसका लागि परीक्षामा सोधिएका प्रश्नहरू स्तरीय र राम्रो हुनुपर्दछ । प्रश्न विश्लेषण भनेको प्रश्नपत्रमा कस्तो प्रश्न राख्ने ? प्रश्नपत्रमा सोधिएका प्रश्न कस्ता छन् ? त्यसमा के–कस्ता गल्तीहरू सुधार गर्नुपर्दछ ? पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यानुसार प्रश्नपत्र निर्माण भएको छ कि छैन् ? विद्यार्थीहरूको योग्यता र क्षमता पूरा गर्ने हैसियतले प्रश्नपत्र तयार भयो कि भएन ? प्रश्नपत्रको कठिनाइ स्तर कस्तो छ ? प्रश्नपत्रहरूको बीचको विभेदीकरण कस्तो छ ? भन्ने कुरा पत्ता लगाउनु हो । प्रश्नपत्रको विश्लेषणले कक्षा शिक्षणमा सुधार तथा सीप युक्त प्रश्न निर्माणमा समेत सहयोग पुग्छ (शर्मा एन्ड शर्मा, २०६६ : १२५) ।

२०६८ सालका कक्षा ११ का अ. नेपाली विषयका प्रश्नपत्रको विश्लेषणका क्रममा अ. नेपालीका पाठ्यक्रम अनुसार प्रश्नपत्र तयार भएको देखिन्छ ।

पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्त नियन्त्रण, समन्वयन, सबलीकरण र सहसम्बन्ध अनुरूप अ. नेपाली विषयको पाठ्यक्रम तयार भएको देखिन्छ । यद्यपी कतिपय समिक्षकहरूले यसलाई आलोचनात्मक ढङ्गले व्याख्या गरेको पाइन्छ । तर माध्यमिक तह उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि त्यस भन्दा अलि उच्च स्तरीय बौद्धिक क्षमता अभिवृद्धि गर्ने, भाषिक सीपमा दक्षता प्राप्त गर्ने जस्ता अभिष्ट सिद्धिका लागि विज्ञहरूको सामूहिक प्रयासबाट तयार गरिएको हुँदा उपयुक्त नै देखिन्छ किनकि भाषा पाठ्यक्रमको उद्देश्य नै भाषिक सीप विकाससँगै विषयवस्तुको जानकारी गराउने मूल लक्ष्य रहेको हुन्छ । जसको प्राप्ती यस पाठ्यक्रमले गर्न सक्ने हुँदा यसलाई स्तरानुकूल र अपेक्षा अनुरूप उद्देश्य परिपूर्ति गर्ने खालको नै रहेको देखिन्छ ।

पाठ्यक्रम अनुसार अ. नेपालीको पूर्णाङ्क १०० र पाठ्यभार १५० घण्टा रहेका छन् जसमा कविता सङ्ख्या जम्मा पाँच, कथा पाँच, निबन्ध पाँच, उपन्यास एउटा र नाटक दुई वटा रहेका छन् जुन उपयुक्त देखिन्छ । उ. मा. वि. तहमा भाषाका चारवटै

सीप हरेक पाठमा समावेश गरिएको देखिन्छ । कथ्य र लेख्य सामाग्रीको लागि कथा र कविता, निबन्ध जस्ता पाठ्यवस्तु समावेश गरेको देखिन्छ । हरेक पाठमा पठनबोध, व्याकरण, अभिव्यक्ति भनेर छुट्टाछुट्टै अभ्यासहरू समावेश गरेका छन् । प्रश्नपत्र हेर्दा पाठ्यक्रमानुसार तथा विशिष्टीकरण तालिका अनुसार प्रत्येक पाठ्यवस्तुलाई समेटेर तयार पारिएको देखिन्छ । परीक्षणीय पाठ्यवस्तुमा नेपाली वर्ण र अक्षर संरचनाबाट २ वटा प्रश्न छन् जुन प्रश्न नं. १ मा दिएको छ (क) र (ख) गरी जसमध्ये एउटाको उत्तर मात्र दिनुपर्ने छ । प्रश्न नं. २ मा शुद्ध गरी पुनर्लेखन गर्नुहोस् भनेर वर्णविन्यास र चि≈न परिचय परीक्षणीय पाठ्यवस्तुबाट एउटा प्रश्न दिइएको छ । परीक्षणीय पाठ्यवस्तु शब्दवर्ग पहिचानबाट एउटा प्रश्न नं.३ मा दिइएको छ । प्रश्न नं.४ मा शब्दश्रोत परीक्षणीय पाठ्यवस्तुमा २४ शब्द सम्मको अनुच्छेद दिइएको छ । प्रश्न नं.५ मा शब्द व्युत्पादनमा ३ वटा प्रश्न मध्ये २ वटाको उत्तर दिनुपर्ने देखिन्छ । परीक्षणीय पाठ्यवस्तुमा शब्दरूपायनमा २ वटा प्रश्न मध्ये एउटा उत्तर प्रश्न नं. ६ मा देखिन्छ । त्यस्तै परीक्षणीय पाठ्यवस्तु प्रश्न नं.७, ८, ९, १0, ११, १२, १३, १४, १५ र १६ मा पनि वाक्यत?व (कारक, विभक्ति तथा पद संगति), वाक्यान्तरण, पठनबोध, बुदाटिपोट वा संक्षेपीकरण, व्यावहारिक लेखन, प्रतिवेदन लेखन वा टिप्पणी लेखन, निबन्ध लेखन, साहित्यिक रचनाको पठन (नाटक र उपन्यास) साहित्यिक रचनाको पठन (कविता, कथा र निबन्ध) र साहित्यिक रचनाको पठन जस्ता विषयवस्तु प्रश्नपत्रमा पनि देखिन्छ (उ.मा.वि.शि.प. पाठ्यक्रम तथा विशिष्टीकरण तालिका, २0६७ : साझा प्रकाशन) ।

ऐ. नेपालीका पाठ्यक्रम हेर्दा १00 पूर्णाङ्क र १५0 पाठ्यभार अनुसार खण्ड (क) अन्तर्गत नेपाली कथाको परिभाषा र त?व, आधुनिक नेपाली कथाको विकासक्रम प्रवृति र चरणहरू, खण्ड (ख) मा उपन्यासको परिचय परिभाषा र त?व, उपन्यासको विकासक्रम, उपन्यासकारहरूको परिचय र विवेचना खण्ड (ग) मा नेपाली निबन्ध अन्तर्गत निबन्धको परिचय, निबन्धको विकासक्रम र नौ वटा निबन्धकारहरूको परिचय र सामान्य विवेचना खण्ड (घ) भित्र नेपाली भाषा, भाषाको विशेषता, भाषिक व्यवस्था भित्र वर्ण,

व्याकरण, अर्थ र शब्द भण्डार, भाषिक अध्ययनमा ऐतिहासिकता, वर्णनात्मक, तुलनात्मक, नेपाली भाषाको इतिहासमा भारोपेली परिवार, संस्कृत, प्राकृत, प्राचीन, मध्यकालीन र आधुनिक नेपाली तथा नेपाली भाषाको प्राचीनतम अभिलेख, नेपाली भाषाको स्वरूप, उच्चारण व्यवस्था नेपाली भाषाका भाषिकाहरू, नेपाली कथ्य र लेख्य भाषा, सामान्य नेपाली र साहित्यिक नेपाली, ज्ञान विज्ञानको नेपाली, नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय र खण्ड (ङ) साहित्य परिचय अन्तर्गत साहित्यको परिभाषा, हेतु र प्रयोजन, साहित्यको विधागत वर्गीकरण, शब्दशक्तिः अभिधा, लक्षणा व्यञ्जनाको सामान्य परिचय, रसको परिचय र नवरसको सोदाहरन परिचय, अलंकारको परिचय, अनुप्रास, यमक जस्ता थुप्रै पाठ्यवस्तुहरू पाठ्यक्रममा समावेश गरेका देखिन्छ जुन १५० घण्टीमा मात्र सिध्याउनु पर्ने हुन्छ (उ. मा. वि. शि. प. ऐ. नेपाली तथा पाठ्यक्रम, २०६७ : साझा प्रकाशन) ।

ऐ. नेपालीका पाठ्यक्रम हेर्दा यसले लक्षित समय र उद्देश्य, विद्यार्थीको क्षमता र योग्यता बमोजिम विद्यार्थीको उपलब्धि बीच तालमेल नभएको अभास हुन्छ । सीमित समय र पाठ्यवस्तुको आधिक्यको कारण निर्धारित समयभित्र पाठ्यवस्तु सिध्याउन पनि प्रध्यापकहरूलाई हत्तार भएको अनुभूति हुन्छ । विद्यार्थीको बौद्धिक क्षमता भन्दा जटिल पाठ्यवस्तुको समायोजन भएको देखिन्छ । अतः विषयविज्ञहरू आपसमा छलफल गरी समय, विद्यार्थीको स्तर र बौद्धिक क्षमता अनुरूप पाठ्यक्रम तयार गर्नु गराउनु वाञ्छनीय देखिन्छ ।

कक्षा ११ का ऐ. नेपालीको प्रश्नपत्र अध्ययन गर्दा प्रत्येक प्रश्नको अङ्कभार १० तोकिएको देखिन्छ र प्रत्येक प्रश्नका लागि १८ मिनेट समय निर्धारण गरिएको छ । साथै ऐ. नेपालीका सम्पूर्ण पाठ्यवस्तुलाई समेटिएको देखिन्छ । यस विषयमा पढ्नु र पढाउनु पर्ने विषयवस्तु अत्याधिक रहेको देखिन्छ । नेपाली कथाको कथा भार ४५ अङ्क ३० मा जम्मा नौ वटा कथा, कथाको परिचय र कथाको विकासक्रम, नेपाली उपन्यासको कक्षा भार ३० र अङ्क भार २० मा उपन्यासको परिचय, विकासक्रम र २ वटा

उपन्यास, नेपाली निबन्धको कक्षा भार ३0 र अङ्क २0 मा नौवटा निबन्ध र निबन्धको परिचय तथा विकासक्रम, नेपाली भाषा समूहमा पाठ्यभार ३0 र अङ्क २0 मा भाषाको परिचय, भाषिक अध्ययन, नेपाली भाषाको इतिहास, नेपाली भाषाको स्वरूप र साहित्य परिचयको पाठ्यभार १५ र अङ्क १0 मा साहित्यको परिभाषा, वर्गीकरण, शब्दशक्ति, अभिधा, लक्षणाको समान्य परिचय, रसको परिचय तथा अलंकारको परिचय जस्ता थुप्रै पाठ्यवस्तु रहेको देखिन्छ जसको कारण समयमै हतार–हतारमा पाठ्यवस्तु सिध्याउनु पर्ने बाध्यता देखिन्छ भने अर्कोतिर पाठ्यक्रमले अपेक्षा गरेका तथा राष्ट्रले चाहेको जनशक्ति पनि तयार हुन नसक्ने अवस्था पनि देखिन्छ ।

यसरी प्रश्नहरूको अध्ययन गर्दा अ. नेपाली विषयका प्रश्नहरू पाठ्यक्रमका उद्देश्य, विशिष्टीकरण तालिका अनुसार सम्पूर्ण पाठ्यवस्तुलाई समेटेर बनाएको देखिन्छ । त्यस्तै ऐ. नेपालीको प्रश्नपत्र कक्षाभार र अङ्कभार अनुसार निर्माण भएको देखिन्छ । तर पाठ्यवस्तुको अपेक्षामा थोरै प्रश्नको जवाफ दिनुपर्ने देखिन्छ र पढ्नुपर्ने पाठ्यवस्तु अत्यधिक छ जुन प्राध्यापक र विद्यार्थी दुवैको लागि बोझिलो हुने देखिन्छ । अतः पाठ्यवस्तु शिक्षण प्रक्रिया शिक्षणका लागि प्राप्त समयावधी र विद्यार्थीको बौद्धिक क्षमता एवं स्तर बीच समन्वय स्थापित गरी पाठ्यक्रम समिति बनाउने आवश्यकता महसुस भएको देखिन्छ ।

## अध्याय ( छ

## निष्कर्ष तथा सुझाव

### ६.१ निष्कर्ष

प्रश्न विश्लेषणका लागि सङ्कलित नमुना प्रश्नपत्रहरूको अध्ययन बा≈य तथा आन्तरिक स्वरूपका आधारमा गरेको छ । बा≈य आधारबाट अध्ययन गर्न निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई मुख्य आधार बनाएको छ । यी आधारहरू भित्र पनि अनेकौं उपआधारहरू राखिएको छ । त्यसै गरी आन्तरिक आधारबाट अध्ययन गर्न पाठ्यक्रम अनुरूपता, प्रश्नपत्रमा हुनुपर्ने गुण, विश्वसनीयता, वैधता, वस्तुनिष्ठा, उपयोगिता, निरन्तरता, व्यापकता, विभेदकारिता र भाषाका प्रमुख आधारलाई लिइएको छ र ती आधार भित्र पनि उप– आधारहरू राखिएको छ । उक्त आधारहरूबाट नमुना प्रश्नको अध्ययन गर्दा बा≈य र आन्तरिक दुवै दृष्टिकोणबाट तथा वैधताको दृष्टिकोणबाट केही पक्षहरूमा कमजोर रहेको देखियो ।

१. बा≈य आधारबाट प्रश्नपत्रको अध्ययन गर्दा निम्नानुसारको स्थिति रहेको पाइयो

नमुना प्रश्नपत्रहरूको अध्ययन गर्दा शीर्ष निर्देशन उच्च मा. वि. (±२) अन्तर्गतका अ. नेपाली र ऐ. नेपाली विषयका प्रश्नपत्रमा एउटै रहेको पाइयो । उक्त प्रश्नपत्रहरूको समय अवधिमा समरूपता देखिए पनि अङ्क विभाजनमा भने विभेद रहनुको साथै ती दुवै विषयका पूर्णाङ्क र उत्तीर्णाङ्क भने समान रहेको देखिन्छ । प्रश्नपत्रमा दुवै विषयका प्रश्नहरूको प्रस्तुति अनुक्रम सरलदेखि जटिल क्रममा रहेको देखिन्छ । नमुना प्रश्नपत्रहरूको सबभन्दा माथि दाहिने पट्टि विषय कोड नं. र बीचमा संस्थाको नाम अङ्ग्रेजीमा लेखिएको छ जुन नेपाली विषयको प्रश्नपत्रको लागि उपयुक्त नभएको जस्तो मलाई आभास भयो । त्यसैगरी नेपाली विषयको प्रश्नपत्रमा पृष्ठ नं. अङ्ग्रेजीमा नभएर नेपालीमा हुनुपर्छ । अ. नेपाली विषयको प्रश्नपत्र र ऐ. नेपाली विषयको प्रश्नपत्रका भाषिक प्रस्तुति अनुक्रम छोटो उत्तरात्मक, विवेचनात्मक तथा

निबन्धात्मक अथवा वैज्ञानिक तरिकाबाट मिलेको देखिन्छ । प्रश्नपत्रका भाषिक त्रुटि, चि≈नको प्रयोग ह्रस्व दीर्घ सम्बन्धी त्रुटिहरू रहेको देखिएन । भाषा र छपाइमा पनि उपयुक्त देखिन्छ ।

२. आन्तरिक आधारबाट प्रश्नपत्रको अध्ययन गर्दा निम्नानुसारको स्थिति रहेको पाइयो

अध्ययनका लागि छनोट गरिएका प्रश्नपत्रहरूको आन्तरिक रूपमा अध्ययन गर्दा प्रश्नपत्र विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल तथा पाठ्यक्रमले अपेक्षा गरे अनुसार विशिष्टीकरण तालिकाकै आधारमा प्रश्नपत्रहरू निर्माण गरेको देखिन्छ । प्रश्नपत्रहरू पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई सर्वोपरि मानी निर्मित भएको देखिए पनि सम्पूर्ण पाठ्यवस्तुलाई समेटेर प्रश्नपत्र निर्माण गरेको देखिन्छ । भाषिक पक्षहरूको संयोजन र सन्तुलन मिलेको देखिन्छ । पहिचानात्मक, रचनात्मक, निबन्धात्मक, समीक्षात्मक, बोध र अभिव्यक्ति, शुद्धिकरण, बुँदा टिपोट सम्बन्धी प्रश्नहरू समावेश गरी प्रश्नपत्रहरूको निर्माण भएको देखिन्छ । प्रश्नपत्रमा हुनुपर्ने गुणहरू वैधता, विश्वसनीयता, वस्तुनिष्ठता, उपयोगिता, निरन्तरता, व्यापकता र भाषा जस्ता सम्पूर्ण पक्षहरूलाई समेटेर प्रश्नपत्र तयार गरेको देखिन्छ ।

६.२ सुझावहरू

१. नमुना प्रश्नपत्रको अध्ययन गर्दा अ. नेपाली तथा ऐ. नेपाली दुवै विषयका कोड नं. अङ्ग्रेजीमा नभएर नेपालीमा हुनुपर्ने देखिन्छ ।

२. प्रश्नपत्रको शीर्ष भागमा प्रश्न तयार गर्ने वा उपयोगमा ल्याउने संस्थाको नाम, वर्ष, कक्षा नेपालीमा भएको भए प्रश्नपत्र अझ राम्रो हुने थियो ।

३. नियमित र आंशिक परीक्षार्थीहरूका लागि बेग्लाबेग्लै रङको प्रश्नपत्र हुनुपर्छ जुन कुरालाई ध्यान दिइएको छैन ।

४. भाषा विषयका प्रश्नहरू विषयविज्ञ, अनुभवी, दक्ष र तालिम प्राप्त शिक्षकहरूबाट निर्माण गराउनुको साथै परीक्षा समितिका कार्यालयमा प्रश्न बैङ्कको व्यवस्था हुनुपर्ने देखिन्छ ।

५. प्रत्येक विषयका विशिष्टीकरण तालिका पा. वि. केन्द्रले सबै संस्थामा 1/1 प्रति उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ ।

६. अ. नेपालीका पाठ्यक्रम जस्तै ऐ. नेपालीका पाठ्यक्रम समय सापेक्ष सुधार गरी पाठ्यपुस्तक पनि परिमार्जन गर्दै जानुपर्दछ ।

७. परीक्षण मूल्याङ्कनको नभइ नहुने एक अभिन्न अङ्ग हो । यसलाई रचनात्मक बनाउन आन्तरिक मूल्याङ्कनका लागि २0 अङ्क छुट्याउनु पर्दछ । यो २0 अङ्क अ. नेपाली र ऐ. नेपाली दुवै विषयमा राख्नुपर्ने व्यवस्था मिलाउनुपर्छ किनभने नेपाली भाषा नेपालको राष्ट्रिय भाषा भएकाले यो सम्पूर्ण जाति, भाषा, धर्म, लिङ्गका व्यक्तिको लागि आवश्यक छ ।

८. वस्तुगत प्रश्न अ. नेपाली र ऐ. नेपाली दुवै विषयमा 100 अङ्कमा २0 अङ्कको व्यावहारिक प्रश्न बनाई परीक्षा सञ्चालन गर्नुपर्छ । यस प्रश्नमा पढाइ, लेखाइ, शब्दभण्डार र व्याकरण सम्बन्धी कुराहरू क्रमबद्ध रूपमा मिलाएर राख्नु सान्दर्भिक देखिन्छ ।

## विशिष्टीकरण तालिकाको नमुना (प्रश्न योजना)

| क्रम | परीक्षणीय पाठ्यवस्तु | प्रश्नको प्रकृति | सोधिने प्रश्न सङ्ख्या | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क | विवरण/खोलुवा |
|---|---|---|---|---|---|---|
| १. | नेपाली वर्ण र अक्षर | पहिचानमूलक | २ (क) | १ | ५ | क) उच्चार्य पूाच व्यञ्जन वर्ण दिई तिनको स्थान, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरचना | | वर्ण (ख)अक्षर | | | प्रयत्न, घोषत्व र प्राणत्वमध्ये कुनै दुई आधारबाट प्रश्न सोध्ने । ख) बढीमा पूाच अक्षरसम्मका पूाच वटा शब्द दिई तिनको अक्षर संरचना र सङ्ख्या छुट्टयाउन लगाउने । |
| २ | वर्णविन्यास र चिह्न परिचय | पहिचानमूलक | १ | १ | ५ | जम्मा 10 वटा त्रुटि (वर्ण र मात्रागत आठ र चिह्नगत दुई) भएका पूाच वाक्यको एउटा अनुच्छेद दिई त्यसलाई शुद्ध गर्न लगाउने । |
| ३ | शब्दवर्ग पहिचान | पहिचानमूलक | १ | १ | ३ | विभिन्न शब्दवर्गका छ शब्दमा रेखाङ्कन गरी शब्दवर्ग पहिचान गर्न लगाउने । यसमा कम्तीमा एउटा शब्द चाहिॆ वर्ग विचलन भएको दिने । |
| ४ | शब्दस्रोत | पहिचानमूलक | १ | १ | २ | २५ शब्दसम्मको अनुच्छेद दिई त्यस बाट तत्सम, तद्भाव र आगन्तुक मध्ये कुनै दुई आधारबाट बनेका दुई दुई शब्द खोज्न लगाउने । |
| ५ | शब्द | पहिचानमूलक | ३ | २ | ६ | क) तत्सम तथा तद्भव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्युत्पादन | तथा प्रयोगमूलक | | | | दुवै स्रोतका तिन उपसर्ग र तिन प्रत्यय दिई शब्द बनाउन लगाउने ।<br>ख) उपसर्ग र प्रत्ययको योगले बनेका कम्तीमा आठ (चार वटा उपसर्ग व्युत्पन्न र चार वटा प्रत्यय व्युत्पन्न) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट ३ वटा उपसर्ग व्युत्पन्न र ३ वटा प्रत्यय व्युत्पन्न शब्द खोज्न लगाउने अथवा उक्त व्युत्पन्न शब्दमध्ये छ वटामा रेखाङ्कन गरी उपसर्ग र प्रत्यय छुट्ट्याउन लगाउने ।<br>ग) समस्त तथा द्वित्व शब्दहरू भएको अनुच्छेदबाट तिन समरत शब्द र तिन द्वित्व शब्द खोजी विग्रह तथा द्वित्व वि?छेद गर्न लगाउने ।<br>घ) सन्धियुक्त उपसर्ग व्युत्पन्न प्रत्यय व्युत्पन्न, समस्त व्युत्पन्न र आंशिक तथा अपरिवर्तित द्वित्व व्युत्पन्न । शब्दहरू भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | अनुच्छेद दिई त्यसवाट सन्धियुक्त छ वटा शब्द पहिचान गरी सन्धि विच्छेद गर्न लगाउने । |
| ६ | शब्द रूपायन | रूपावली (संक्षिप्त) | २ | १ | ५ | क) पुलिङ्गी वा स्त्रीलिङ्गीकर्ता भएको परस्परमा अन्विति मिलेका पूाच वाक्यको अनुच्छेद दिई त्यसलाई लिङ्गगत आधारमा वाक्य दूाचा परिवर्तन गर्न लगाउने ।<br>ख) एकवचन वा बहुवचनकर्ता भएको पूाच वाक्यको अनुच्छेद दिई वचनका आधारमा त्यसको वाक्य दूाचा परिवर्तन गर्न लगाउने ।<br>ग) विभिन्न पुरुष र आदरार्थी कर्ता भएका पूाच वाक्यको अनुच्छेद दिई वाक्य दूाचा सहित पुरुष तथा आदर परिवर्तन गर्न लगाउने ।<br>घ) कुनै एक काल, पक्ष र भावसूग सम्बन्धित क्रियापदयुक्त पूाच वाक्यको अनुच्छेद दिई वाक्य दूाचा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | परिवर्तन गर्न लगाउने । |
| ७ | वाक्य त?व (कारक, विभक्ति तथा पद सङ्गति) | पहिचानमूलक र रचनात्मक | २ | १ | ६ | क) सबै कारक र विभक्तिको प्रयोग भएको अनुच्छेदका १२ शब्दमा रेखाङ्कन गरी कारक पहिचान गर्न लगाउने ।<br>ख) छुट्टाछुट्टै कारक र विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै विषयको वर्णन भएको अनुच्छेद लेख्न लगाउने ।<br>ग) सङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) नमिलेका छ वटा वाक्यहरू भएको अनुच्छेद दिई सङ्गति मिलाउन लगाउने । |
| ८ | वाक्यान्तरण | पहिचानमूलक परिवर्तनात्मक वाक्यान्तरण संरचनात्मक, वाक्यान्तरण, वाच्य परिवर्तन, धुवीयता परिवर्तन, कथन | ३ | २ | ८ | क) चारवटा जटिल (मिश्र तथा संयुक्त) वाक्य भएको अनुच्छेद दिई त्यसलाई आठ वटा सरल वाक्यमा आठ वटा सरल वाक्यको अनु?छेद दिई चार वटा जटिल वाक्यमा वाक्यान्तरण गर्न लगाउने ।<br>ख) कुनै एक वाक्य ( |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिवर्तन, वाक्य संशलेषण) | | | | कर्तृ, कर्म वा भाव) का आठ वाक्यको अनुच्छेद दिई अर्को वाक्यमा परिवर्तन गर्न लगाउने । ग) करण, अकरण गरी आठ वटा वाक्यहरू भएको अनुच्छेद दिई ध्रुवीयता (करण वा अकरण) मा परिवर्तन गर्न लगाउने । घ) प्रत्यक्ष वा अप्रत्यक्ष कथन भएका चार वटा वाक्य दिई कथन परिवर्तन गर्न लगाउने । ङ) चार वटा सरल वाक्यहरू भएको अनुच्छेद दिई एउटै वाक्यमा संश्लेषण गर्न लगाउने । |
| ९ | पठनबोध | बोधात्मक प्रश्न र शब्दार्थ (दृष्टाशं) | १ | १ | १० | पाठ्यपुस्तक भित्रकै बोध सामग्री-बाट २०० देखि २५० शब्द सम्मको गद्यांश दिई तथ्यपरक, निष्कर्षात्मक, अनुक्रमात्मक र सन्दर्भबोधक वस्तुगत चार वटा प्रश्न र शब्द/पदावलीगत अर्थ लेरुने एक प्रश्न गरी पूाच प्रश्न सोध्ने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १0 | बुदा टिपोट वा संक्षेपीकरण वा व्यक्तिगत विवरण | बुदा टिपोट र संक्षेपण (सं.उ.) | १ | १ | ५ | दृष्टांश सामग्रीबाट १00 देखि १२५ शब्द सम्मको अनुच्छेद दिई पूाचवटा बुदा टिपोट गर्न लगाउने वा एक तृतीयांशमा संक्षेपीकरण गर्न लगाउने वा कुनै व्यक्तिको विवरण दिई निर्धारित ढूाचामा व्यक्तिगत विवरण लेख्न लगाउने । |
| ११ | व्यावहारिक लेखन | रचनात्मक | २ | १ | ५ | निवेदन, व्यावसायिक पत्र वा सम्पादकलाई चिठीमध्ये कुनै एक सोध्ने तथा सूचना र विज्ञापनमध्ये कुनै एक सोध्ने । |
| १२ | प्रतिवेदन लेखन वा टिप्पणी लेखन | अभिव्यक्ति | २ | १ | ५ | निर्धारित ढूाचामा, समारोह स्थलगत भ्रमणमध्ये कुनै एक विषयमा १५0 शब्दसम्मको एउटा प्रतिवेदन लेख्न लगाउने अथवा कुनै एक विषयमा १५0 शब्दसम्मको टिप्पणी लेख्न लगाउने । |
| १३ | निबन्ध लेखन | अभिव्यक्ति (निबन्धात्मक) | ३ | १ | १0 | विभिन्न प्रकृति (वस्तुगत र आत्मगत दुवै) का तीन शीर्षक दिई ३00 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | शब्दसम्मको एउटा निबन्ध लेख्न लगाउने । |
| १४ | साहित्यिक रचनाको पठन (उपन्यास र नाटक) | पाठपरक समीक्षात्मक | २ | १ | १० | उपन्यास र नाटकबाट कुनै अंश दिई विषय वस्तु, मूल भाव, कथानक, पात्र, परिवेशका पाठगत सन्दर्भ पहिल्याई उत्तर लेख्न लगाउने । तर्क आदिमा आधारित पूाच पूाच ओटा प्रश्न सोधी उत्तर लेख्न लगाउने । |
| १५ | साहित्यिक रचनाको पठन (कविता, कथा र निबन्ध) | सन्दर्भपरक | ३ | २ | १० | कविता, कथा र निबन्धको कुनै उद्धरण वा पाठ दिई त्यसका आधारमा सन्दर्भ, विषयवस्तु, तर्क आदिमा आधारित पूाच पूाच ओटा प्रश्न सोधि उत्तर लेख्न लगाउने । |
| १६ | साहित्यिक रचनाको पठन | प्रतिक्रिया लेखन | २ | १ | ५ | क) कुनै पाठसूग सम्बन्धित प्रश्न दिई प्रतिक्रिया लेख्न लगाउने । |

(उ.मा.वि.शि.प. अन्तर्गत कक्षा ११ को अ. नेपाली विषयको निर्धारित पाठ्यपुस्तक सबैको नेपाली, २०६७ : साभा प्रकाशन)

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

——————— (२०६१), नेपाली भाषा शिक्षण, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६२), माध्यमिक शिक्षक दिग्दर्शन, आशिष पुस्तक भण्डार ।

उच्च माध्यमिक शिक्षा परिषद् : नमुना प्रश्नपत्र, पाठ्यक्रम र विशिष्टीकरण तालिका, विराटनगर ।

कोइराला, विद्यानाथ र हरिप्रसाद पोखरेल (२०६८), शैक्षणिक मूल्याङ्कन, बागबजार, काठमाडौ : पिनाकल पब्लिकेशन ।

खनाल, गणेशप्रसाद र श्रीप्रसाद खनाल (२०६७), शैक्षणिक मूल्याङ्कन, टेकु, काठमाडौ : जुपिटर पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

खतिवडा, कोमलप्रसाद (२०६६) कक्षा १0 को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, का७माटौ : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ज.ब.रा., स्वयम्प्रकाश र चन्द्रबहादुर श्रेष्ठ (२०६४), शैक्षणिक मूल्याङ्कन, विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद र खेम दाहाल (२०६५), शोध प्रक्रिया, धरान : एन.वी.डी. प्रकाशन ।

पराजुली, तीर्थराज, खनाल, पेशल र अन्य (२०६५), शिक्षामा मापन तथा मूल्याङ्कन, कीर्तिपुर, काठमाडौ : सनलाइट पब्लिकेशन ।

पौडेल, भूपहरि (२०६०), शोध र सृजना सिद्धान्त, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०५१), कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा नेपाली भाषा विषयका प्रश्नहरूको विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाण्डौ : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

बस्नेत, कमलबहादुर (२०६१), कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, का७माट्रौ : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, रामप्रसाद (२०६५), भाषिक अनुसन्धान विधि, काठमाण्डौ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), भाषिक अनुसन्धान विधि, बागबजार, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा. लि. ।

माध्यमिक तहका अनिवार्य विषयहरूको परिमार्जित विशिष्टीकरण तालिका (२०६१), सानोठिमी, भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

लामिछाने, यादवप्रकाश (२०६७), नेपाली भाषा शिक्षण, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार र माधवप्रसाद पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६८), शैक्षणिक मूल्याङ्कन, भोटाहिटी, काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा एन्ड शर्मा (२०६४), पाठ्यक्रम योजना र अभ्यास, भोटाहिटी, काठमाडौं : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।